# पहिलो अध्याय

## परिचय

### १.१ पृण्ठभूमी

एक्काइसौं शताब्दीमा प्रबेश गरेको आजको यूगमा अझै विकासशील मुलुकका महिलाहरू अशिक्षा, अस्वस्थ्यता, गरिवी, रूढीवादी, संस्कृति र भेदभावपूर्ण कानूनी व्यवस्थाले गर्दा असुरक्षित जीवन यापन गर्न विवस भएका छन् । देशको समस्त विकासको लागि महिला वर्ग पनि पुरुषसरह काँधमा काँध मिलाएर अघि बढ्ने बेला आइसकेको छ । यस वास्तविकतालाई स्वीकार गरी विगत केही दशकयता राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा लैङ्गिक समानता, महिला विकास एवं महिला सशक्तिकरण आजको प्रमुख एजेन्डा बनिसकेको छ । विकसित मुलुक भनौ वा हाम्रो जस्तो विकासशील मुलुक सबै ठाउँमा महिलाहरू आफ्नो हक, हित, अधिकारका लागी पुरुषमूखी सामाजिक वन्धनका विरुद्ध संघर्षरत छन् ।

मुलुकको आधाभन्दा बढी जनसंख्या ओगटेको महिला वर्गलाई विकासको मूल पर्वाहमा सहभागि गराउन बिकासको प्रथम क्षेत्रमा उनीहरूको संलग्नता बृद्धि गर्न सामाजिक, आर्थिक शैक्षिक, राजनीतिक र कानूनी स्थितीमा सुधार गर्न उपयुक्त ज्ञान र सीपद्वारा उनीहरूको दक्षता बृद्धि गरी उत्पादनशील रोजगारीका अवसरहरू प्रदान गर्न र स्थानीय तहदेखी राष्ट्रिय तहसम्म निर्णायक भूमिका खेल्ने अवसर प्रदान गर्नका लागि उपयुक्त वातावरण र पूर्वाधार सृजना गर्नका निमित्त बिभिन्न कानूनी तथा नीतिगत प्रयासहरू भएका छन् । (CEDA २०५८)

राजनीति, प्रसाशन, नीति तथा नियम निर्माणका साथै राज्यका हरेक तहमा महिलाहरूको सहभागिता हुनुपर्दछ भन्ने मान्यता प्रवल बन्दै गएको छ । नेपाल जुन-जुन क्षेत्रमा पछाडि परेको छ ती सबै क्षेत्रमा महिलाहरूको सरोकारका क्षेत्र हुन् । विकासका काम, बाटोघाटो, बिजुली, खानेपानी जस्ता आवश्यकता पनि महिलाहरूको सरोकारको क्षेत्र हुन् । त्यसैले संविधानसभामा महिलाको सहभागिता भनेको विकास निर्माणमा नीतिनिर्माणमा उनिहरूको संलग्ना पनि हो । संविधानसभामा महिलाहरूको सहभागिताको कुरा गर्दा संविधानसभाको निर्वाचनमा उनीहरूको उम्मेद्वारी र निर्वाचीत हुनसकेको अवस्थामा केन्द्रित रहेर विश्लेषण गर्नुपर्ने हुन्छ । नेपालको पहिलो संसदीय निर्वाचन २०१५ मा डडेल्धुराबाट

नेपाली कांग्रेसकी द्वारीकादेबी ठकुरानी निर्वाचित भएकी थिईन र उनलाई मन्त्री परिषद्मा समावेश पनि गराईएको थियो । २०४६ सालमा प्रजातन्त्र पुनःस्थापनापछि बनेको संविधानले नै महिलाहरूको न्यूनतम सहभागितामा प्रौत्साहित गरेको थियो ।

नेपाल अधिराज्यको संविधान २०४७ ले महिला वर्गको उत्थानको लागि केही ब्यवस्था गरेको भएतापनि नीति निर्माण तथा संविधान निर्माणमा महिलाहरूको उल्लेखनिय सहभागिता भएको पाईदैन । आम निर्वाचन २०४८ मा कुल १३४५ उम्मेद्वार मध्ये जम्मा ८२ जना महिला उम्मेद्वार थिए । जुन ६.०९ प्रतिशत मात्र हुन आउँछ । जसमा प्रमुख राजनीतिक पार्टी नेपाली कांग्रेस र एमालेबाट क्रमशः ५ र २ गरी जम्मा ७ जना निर्वाचित भएका थिए । मध्यावधी निर्वाचन २०५१ मा ११४६ उम्मेद्वार मध्ये ६ जना महिला थिए । यो निर्वाचनमा पनि कांग्रेसका ५ र एमालेका २ गरी ७ जना महिला उम्मेद्वार निर्वाचित भएका थिए । आम निर्वाचन २०५६ मा १४२ जना महिला उम्मेद्वार थिए । तथ्यांकमा हेर्दा विगतका निर्वाचन भन्दा यस निर्वाचनमा उम्मेद्वारमा महिलाको संख्या उल्लेखनिय प्रावधानको औपचारिकता निर्वाह गर्न न्यूनतम महिला उम्मेद्वार बनाईएको पाईन्छ- (संसद सचिवालय र निर्वाचन आयोग, २०५८)

नेपालमा मात्र नभएर विश्वको राजनीति तथा नीतिनिर्माणमा महिलाहरू पछि परेका छन् । आधा दशक यता विश्वब्यापी रूपमा महिलाहरूलाई राजनीति, नीतिनिर्माण तथा राष्ट्र विकासको मूल मार्गमा ल्याउने प्रचलन भएका छन् । संयुक्त राष्ट्रसंघ जस्ता अर्न्तराष्ट्रिय संघसंस्थाले महिलाहरूको हक हित सामाजिक अवस्थामा नीतिनिर्माण तहमा राष्ट्रको हरेक तहमा पुरुषसरह समान अधिकारका बारेमा बेला-बेलामा घोषणपत्र जारी गर्ने गरेका छन् । नेपालले संयुक्त राष्ट्रसंघबाट पारित महिलाहरूको राजनीति अधिकार सम्बन्धी १९५२ तथा महिला भेद्भाव उन्मूलन सम्बन्धी महासन्धी १९५२ अनुमोदन गरेको छ । (रेग्मी, २०५८)

यस अघिका नियम नीतिनिर्माणमा महिलाको सहभागिता भएको पाईदैन । पुरुष प्रधान हाम्रो समाजमा नीतिनिर्माण तहमा महिलाको सहभागिता भएको पाइदैन । यस सोधपत्रमा संविधानसभामा महिलाहरूको कस्तो सहभागिता रहेको छ भन्ने बारे वर्णन गरिने छ ।

प्रजातन्त्र पुर्नास्थापनका १७ वर्ष यता चेतनाको हिसावले उल्लेखनिय रहेको बिभिन्न किसीमका महिला आन्दोलनका कारण महिलाहरू जागृत भए यस्तो अवस्थामा यस सोधपत्रमा संविधानसभामा महिलाहरूको कस्तो सहभागिता रहेको छ भन्ने बारेमा अध्ययन गरिएको छ ।

यस अघि माथिल्लो संसदीय संविधानसभामा महिला सहभागिताको कुरा गर्दा यस अघि भएको संसदीय निर्वाचनमा उनिहरूको उम्मेद्वारी र निर्वाचित हुन सकेको अवस्थामा केन्द्रीत रहेर विश्लेषण गर्नुपर्ने हुन्छ । नेपालको पहिलो संसदीय निर्वाचन २०१५ मा नेपाली कांग्रेसकी द्वारीकादेबी ठकुरानी निर्वाचित भएकी थिईन र उनलाई मन्त्री परिषद्मा समावेस पनि गराईएको थियो । २०१७ सालको पहिलो पञ्चायत कालमा राष्ट्रिय पञ्चायत ससदस्यमा केही महिला आएका थिए । तर उनीहरू जनताबाट प्रत्यक्ष निर्वाचन भन्दा उनीहरूको शैक्षिक, राजनितीक व्याक्तित्व, जात, धर्म र क्षेत्रका हिसावले मनोनयन गरिएको पाईन्छ । त्यस्तै २०४६ सालमा प्रजातन्त्र पुर्नस्थापना पछि बनेको संविधानले पनि महिलाहरूको न्युनतम सहभागिता प्रोत्साहित गरेको थियो तर २०६३ सालमा राजनीतिक दलबाट निर्माण गरिएको अन्तरिम संविधानले भने न्यूनतम ३३ प्रतिशत महिला सहभागितालाई सुनिश्चित गरिदिएको छ । (संसद सचिवालय जेष्ठ, २०६५)

अन्तरिम संविधान २०६३ ले महिला वर्गको उत्थानको लागि केही ब्यवस्था गरेको पाईन्छ । संविधानले राज्यको हरेक क्षेत्रमा ३३ प्रतिशत महिलाहरूको अनिवार्य उपस्थितीको व्यवस्था गरेको छ । तर पनि लोकतान्त्रिक संविधान लागु भैसक्दा पनि अपेक्षाकृत महिलाहरूको हेराईको देशको मुल कानून अर्थात नीतिनिर्माण तहमा आउन सकेको पाईदैन । राष्ट्रिय राजनीतिमा महिलाको जस्तो योगदान छ उनीहरूको जस्तो क्षमता राख्न सक्दछन् त्यस अनुसार नीति निर्माण गर्ने कानून बनाउने नेतृत्व बहन गर्ने जिम्मेवारी नपाएको स्पष्ट देखिन्छ । प्रजातन्त्र स्थापना पुर्नस्थापना लगायतका थुप्रै राजनीतिक क्रान्तिमा महिलाले सशक्त भूमिका निर्माण गरेका छन् । तर महिलाको योगदानको कदर हुन सकेको छैन ।

संविधानसभा निर्वाचन २०६४ मा कूल निर्वाचित उम्मेद्धार ६०१ जना मध्ये १९७ जना महिला उम्मेद्वार छन् । जुन भ्रण्डै ३३ प्रतिशत मात्र हुन आउँछ । जसमा प्रमुख पार्टी

ने.क.पा. माओवादी, नेपाली कांग्रेस, ने.क.पा. एमाले र मधेसी जनअधिकार फोरम लगायतका पार्टीहरूबाट बढि महिला निर्वाचित भएका छन् । तथ्याङ्क हेर्दा बिगतमा भएका संसदीय निर्वाचन भन्दा यस निर्वाचनमा उम्मेद्धार महिलाहरूको संख्या उल्लेखनिय प्रावधानको औपचारिकतामा निर्वाह गर्न न्युनतम महिला उम्मेद्वार बनाईएको पाईन्छ । तथ्याङ्कगत आधारमा हेर्दा यस संविधानसभा निर्वाचनमा जातिय आधारमा पिछडिएको वर्ग, मधेसी महिला, जनजाति महिला प्रतिनिधित्व गराईएको छ । (संसद सचिवालय जेष्ठ, २०६५)

नेपालको सामाजिक संरचनामा पितृसतात्मक राजनीतिक घटनाहरूमा महिलाहरूले विशेष योगदान पुर्‍याउदै आएको छ । तर नीतिनिर्माणमा उनीहरूको पहुच नपुगुन्जेल आधा जनसंख्या ओगटेका महिला राष्ट्रिय विकासमा संलग्न हुन सक्दैनन् । सामाजिक चेतना विकास गर्न, रोजगारी, शिक्षा सम्पतिमा उनीहरूको हक र अधिकारको सुनिश्चतता गर्न तथा महिला पुरुष रथका दुई पांग्रा हुन भन्ने मान्यता स्थापित गर्न पनि महिलाको नीतिनिर्माण तहमा उल्लेखनिय पहुँचको आवश्यकता छ ।

नेपालमा लामो समयदेखी सामन्ती प्रथा अर्थात भनौ सामन्ती पितृसतात्मक व्यवस्था रहेको मुलुक हो । जुन हालसालै आएर सामन्ती प्रथाको अन्त्य भए ता पनि समाजमा पितृसतात्मक व्यवस्था कायमै छ । जुन महिला माथी हुने सोषण, अन्याय अत्याचारको मुल ब्यवस्था पनि हो । देशको भौगोलिक बिकटता, जाती धर्म संस्कृति परंपरा अन्धविस्वास दिले पनि महिलाहरूलाई पुरुष सरह कुनै पनि क्षेत्रमा अवसर दिईएको पाईदैन । पुरुष प्रधान वा पितृसतात्मक सामाजिक संरचनाले महिलालाई दोश्रो दर्जाको नागरिकको रुपमा व्यवहार गर्दै आएको छ । यसरी एकातिर हाम्रा सामाजिक, धार्मिक परम्परा र अन्धविश्वासका कारण पक्षपात पुर्ण व्यवहार छ । अर्कोतिर महिलाहरूको पैतृक सम्पत्तिमा हक छैन । बाबु दाजु भाईको निगाहमा प्राप्त पेवा वा दाईजो चित्त बुझाउन पर्ने, परम्परागत सोचबाट समाज मुक्त हुन सकेको छैन । सहारी क्षेत्रका सिमीत महिलाहरू अगाडि आउन सकेता पनि ग्रामिण क्षेत्रका महिला र पुरुषवीच भिन्नता निकै फराकिलो छ । त्यस्तै श्रमको आधारमा भन्ने हो भने ग्रामिण क्षेत्रका महिलाहरू दिनमा १८ घण्टा काम गर्दछन् । महिलाहरू हरेक आर्थिक क्रियाकलापमा संलग्न भएता पनि आर्थिक क्षेत्रमा उनीहरू शोषित भएका हुन्छन् ।

त्यस्तै सामाजिक क्षेत्रमा पनि महिला शोषित भएका छन् । त्यस्तै घरेलु हिंसा, बेच-बिखन, दाईजोप्रथा, बोक्सीको आरोपमा दिईने यातना, छोरा नपाएको कारणले दिईने याताना जस्ता जघन्य अपराधिक कारणले महिला शोषित भएका छन् । त्यसैले यस्ता गलत धारणा र मान्यतालाई समाजबाट उन्मुलन गर्न नीतिनिर्माण, निर्णय र कानून निर्माणमा उनीहरूको उल्लेखनिय सहभागिताको आवश्यकता छ। (रेग्मी, २०५८)

## २ अध्ययन समस्या

नेपालको आधा हिस्सा ओगटेर बसेका महिलाहरूको सहभागिता हरेक क्षेत्रमा एकदमै न्युन देखिन्छ । अधिराज्यभरी तुलनात्मक रूपमा जुनसुकै पद र ठाउँका निम्ती पुरुषहरूलाई जसरी सहजरुपमा लिइन्छ महिलालाई लिइदैन । त्यसको निम्ती नीतीनिर्माण संविधान निर्माणमा पनि महिलाहरूको सहभागिता कम हुनुमा नीतिनिर्माण गर्नु तथा संविधान निर्माण गर्नु भनेको पुरुषहरूलेमात्र गर्ने क्षेत्र हो भन्ने सोच हुनुले पनि हो । देशको आधा जनसंख्या ओगेटेका महिलाहरूको समस्या भनेको मुख्य रुपमा अशिक्षा नै हो । अशिक्षाका कारणले अझैपनि उनीहरू पछाडी परेका छन् । उनीहरूले केही सुन्न देख्न पाएका छैनन् । न त उनीहरूले केही अवसर नै पाएका छन् । अर्को कुरा जो असक्षम महिला छन जो राजनीतिमा आउन चाहन्छन् उनीहरूलाई पारिवारिक, सामाजिक, राजनीतिक कार्यकर्ताहरूको सहयोग हुनु आवश्यक हुन्छ। .(CDEA २०५८)

आधा हिस्सा ओगट्ने जो महिलाको नेपालमा मानवीय श्रोतको प्रगति जति हुनुपर्ने हो त्यो त्यति हुनुपर्ने हो त्यति हुन सकेको छैन । अहिले विश्वमा बढ्दै गईरहेको लैंगिक चेतनाको प्रभावले हाम्रो समाजमा पनि केही मात्रामा भएपनि असर पर्दै गएको छ र केही वर्ष यतादेखी सम्वन्धित मुद्दाहरू उढ्न थालेका छन् । तर पनि यसको राम्रोसंग कार्यान्वयन हुन नसकेकोले महिला अझैपनि आफ्नै किसिमका समस्या र अभावबाट मुक्त हुन सकेका छैनन् ।

यस सोध कार्य अध्ययनको क्रममा संविधानसभामा महिला सहभागितामा महिला सहभागिता शिर्षक अर्न्तगत नीतिनिर्माणामा (संविधान निर्माणमा) आउन महिलाहरूलाई के कस्ता समस्याहरू पर्दछन् र उनीहरूको समस्या हुँदाहँदै नीतिनिर्माणमा पनि कस्तो किसिमको


भूमिका खेल्नेछन् भन्ने कुरा प्रष्ट्याउने कोशिस गरिएको छ। संविधानसभामा प्रतिनिधित्व गर्ने महिलाहरूको निम्नलिखीत समस्याहरू औल्याई प्रश्नहरूको जवाफ खोज्ने प्रयास गरिएको छ।

१. संविधानसभामा प्रतिनिधित्व गर्ने महिलाहरूको सामाजिक, आर्थिक, सांस्कृतिक, समस्याहरू।

२ महिलाहरू राजनीतिमा लाग्दा भोल्नु परेका समस्याहरू।

३. संविधानसभामा प्रतिनिधित्व गर्ने महिलाहरूको समस्या र अप्ठ्याराहरू।

## १.३ अवधारणगत आधारशिला




संविधानसभामा महिला सहभागिता अध्ययन गर्नको लागि महिलाहरू सहभागि हुने उत्प्रेरणा गर्ने र निरुत्साहित गर्ने विभीन्न तत्वहरूको अध्ययन गर्नु पर्ने अनुसन्धान कर्ताले ठानेको छ। सविधान सभामा सहभीगताको लागि ती तत्वहरूले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सकारात्मक, नकारात्मक रुपले भूमिका खेलेको वारेमा सम्वन्धित उतरदाताहरूवाट प्राप्त जानकारीको आधारमा अध्ययन गर्ने सोच वनाएको छ। ती तत्वहरूमा माथि उल्लेख गरिएका

सामाजिक, आर्थिक, सांस्कृतिक राजनैतिक, शैक्षिक तत्वहरूलाई प्रमुख रुपमा गहिराइसम्म अध्ययन गरी महिला सहभागिताको अवस्थाको वारेमा अध्ययन गरिएको छ । यस अध्ययनमा यी तत्वहरू विचको आपसी सम्वन्धलाई पनि प्राथकिताका साथ अध्ययन गरी एक तत्वले अर्को तत्वलाई कसरी प्रभाव पार्दछ र त्यसले कसरी प्रत्यक्ष र अप्रत्यक्ष रुपमा संविधानसभामा महिला प्रतिनिधित्व घटि-वढि र आफ्ना समस्याहरूको उठान र समाधान गर्न सक्ने वारेमा समेत प्रभाव पार्ने अनुसन्धानकर्ताको अवधाराणत्मक सोच छ ।

## १.४ अध्ययनको उद्देश्य

यो अध्ययनको मुख्य उद्देश्य नेपालमा २०६४ साल चैत्र २८ गते भएको संविधानसभाको निर्वाचनमा महिलाहरूको कस्तो सहभागिता रहेको छ भनेर विश्लेषण गर्नु हो, जसको बुदाँगत रुपमा सोध पत्रको उद्देश्य निम्न छन् । मुख्य रुपमा यस सोध पत्रको उद्देश्य तीन वटा छन, जून तल देखाइएको छ:

१. संविधानसभा निर्वाचनमा सहभागी महिलाहरूको सामाजिक, आर्थिक, सांस्कृतिक अवस्थाको अध्ययन गर्ने ।

२. संविधानसभामा महिला उम्मेदवारले खेलिरहेको भूमिकाको विषयमा राजनैतिक कार्यकर्ता र सामाजिक कार्यकर्तासँग विचार संकलन गरि अभिलेख तयार गर्ने ।

३. संविधानसभामा प्रभावकारी महिला सहभागितालाई अगाडि बढाउन देखा परेका समस्याहरूको बारेमा बिचार संकलन गर्ने ।

## १.५ अध्ययनको महत्व

नेपालको राजनीति ब्यवस्था जनप्रतिनीधीमूलक हो । तर आधाभन्दा बढी महिलाको जनशक्तिको नीतिनिर्माणमा खास योगदान छैन राष्ट्रिय विकास तथा नीतिनिर्माणमा महिलाहरूको बुद्धि-विवेक र क्षमतालाई उपयोग गर्न सकेको अवस्थामा विकासको गति तीब्र र सन्तुलीत किसिमले अगाडि बढ्न सक्छ । महिलाहरू नीति निर्माणमा सक्रिय भएको अवस्थामा परम्परागत सामाजिक मान्यतामा छोटो समयमा परिवर्तन ल्याउन सकिन्छ । शिक्षा स्वास्थ्य र गरिवी निवारणका कार्यक्रम पनि प्रभावशाली बन्न सक्छन् । बढि भन्दा बढि महिला सभासद्

आएको अवस्थामा राजनीतिमा व्याप्त भ्रष्टाचार अनियमितता महिलाको उत्थान शिक्षा रोजगारीमा बृद्धि । हिंसा नियन्त्रण र सम्पतिमा महिलाको हकका निम्ति नीतिनिर्माणमा महिलाको उपस्थिती जस्ता कुरामा महिलाको निर्णायक भूमिका रहनेछ भन्ने बिस्वास गर्न सकिन्छ ।

वर्तमान सन्दर्भमा यही चैत्र २८ गते भएको संविधानसभा निर्वाचनमा महिलाको उल्लेखनीय उपस्थितीको कारणले समग्र महिलाको उत्थान महिला बिकासमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ । साथै नीतिनिर्माण तहमा नै महिलाको उपस्थितीले समग्र महिला उत्थानको निम्ति संविधान बन्नेछ भन्ने दृष्टिकोणले यस सोधपत्रमा संविधानसभामा महिला सहभागिता शिर्षक अन्तर्गत अध्ययन गरिएको छ ।

यस सोध पत्रमा संविधानसभामा प्रतिनिधित्व गर्ने महिलाहरूले देशको संविधान निर्माणमा कस्तो भूमिका खेल्नेछन् साथै नीतिनिर्माणमा महिला अपेक्षाकृत संख्यामा नपुग्नुको कारणहरू पनि केलाईएको छ ।

# दोश्रो अध्याय

# साहित्य पुनरावलोकन

## २.१ साहित्य पुनरावलोकन

नेपाली महिलाहरूको बारेमा बिभिन्न खालका अध्ययन अनुसन्धान भएका छन् । झन्डै एक सय वर्ष अगिदेखी महिला सम्वन्धी प्रकाशनहरू भएका पाईन्छ । प्रकाशनका माध्यमबाट महिलालाई शिक्षा-चेतना जागृत गराउने काममा गोरखापत्र राष्ट्रिय दैनिकको बिशिष्ट योदान रहेको देखिन्छ । गोरखापत्रले लामो समयसम्म सार्वजनिक संवादका रुपमा काम गऱ्यो । महिलाको बारेमा प्रकाशित पुराना कृतिहरू महिलाको पछौटेपन सामाजिक असमानता अन्धविश्वासमा केन्द्रित रहेको पाईन्छ । नेपालको सामाजिक र राजनीतिक कृतिका बारेमा बिभिन्न खालका अध्ययन भएका छन् । पुस्तक लेख रचना प्रकाशित भएको पाईन्छ । प्रजातन्त्र पुनस्थापना पछिको एक दशक भन्दा लामो समयमा महिलासँग सरोकार राख्ने बिभिन्न मुद्दा र बिषयमा दिनदिनै जसो लेख-रचना पुस्तक प्रकाशित हुने गरेको देखिन्छ । यस अवधिमा महिलाका बारेमा प्रकाशित अधिकांस पुस्तकहरू महिला समानता पैत्रिक सम्पतिमा महिला हक, महिलामाथिको हिंसा, गर्भपतनको अधिकार जस्ता बिषय र मुद्दामा केन्द्रित भएको अवस्था छ । यस्ता पुस्तकहरू गैरसरकारी संस्था अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले प्रकाशित गरेको वा यस्ता संस्थासंग सरोकार राख्ने ब्यक्तिहरूले प्रकाशनमा ल्याएका छन ् । यस्ता प्रकाशनमा गैरसरकारी संस्था अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सोध प्रभाव परेको देखिन्छ ।

राजनीतिमा महिला संवन्धि केही पुस्तकहरू उपलब्ध छन् तर संविधानसभामा महिला सहभागिता सम्वन्धित र तिनको भूमिका तथा प्रभाकारीताका बारेमा एकै ठाउँमा प्रकाशित सामाग्री पाउन सक्ने अवस्था देखिदैन । संविधानसभामा राज्यको पुनःसंरचना र समावेशी लोकतन्त्र एक प्रस्ताव (प्रेम बहादुर सिंह २०६३) मा केही महिना अघिसम्म स्थानीय तहसम्म २५ प्रतिशत जस्तो महिलाहरूको अनिवार्यताले राजनितीमा महिला सहभागिताको नयाँ आयाम प्रारम्भ भएको कुरा उल्लेख गरिएको छ । यस सम्बन्धी निर्धारण संविधान सभाले नै गर्ने छ । तर विगतमा नेपाली महिलाहरूको स्थानिय सरकारमा प्रतिनिधित्वलाई हेर्दा (Local self – governmentact-1999) आए पश्चात करिब ३९,००० महिलाहरू विभिन्न नगरपालिका र गा. वि .स मा निर्वाचित थिए । नेपालको जनसंख्याको आधाभन्दा बढी भाग ओगटेका महिलाहरू

मतदाता संख्यामा पनि पुरुषभन्दा महिला बढी पाइन्छ तर महिलाको अशिक्षा र चेतनाको अभावका कारणले मताधिकारबाट बञ्चित रहेको अवस्था छ । FWLD for APWLD (1999) मा जनाए अनुसार कुल मतदाता सख्यामा पुरुस र महिलाको अनुपात क्रमशः ४९ .८६ प्रतिशत ५०.१३ प्रतिशत रहेको थियो भने २०५६ को आमनिर्वाचनमा कुल मतदाता संख्या मध्ये महिलाको ६६,५९,०३५र पुरुषको संख्या कुल ६८,५९,८०४ संख्यामा मतदान गरेका थिए भने प्रतिशतमा हेर्दा सो निर्वाचनमा महिला ४९.२ प्रतिशत र पुरुष ५०.८ प्रतिशतमा सहभागी रहेको पाइन्छ ।- (पोखरेल, २०६० पृ ६० )

यस्तै नेपालको संविधान २०४७ ले प्रतिनीधि सभामा राष्ट्रिय पार्टीले न्युनतम ५ प्रतिशत महिला उम्मेदवार रहनै पर्ने प्रावधान राखेकोले त्यसको पालना बाहेक पार्टीहरूले न्यूनतम प्रतिशतलाई बढाउने कार्यमा उत्साहजनक अग्रसरता देखाएनन् । नेपाल सरकार सञ्चालनका लागि २०१५ सालदेखी निर्वाचनको अभ्यास हुँदै आएको हो । तर पनि निर्वाचनमा महिला प्रतिनीधिको उपस्थिती कम थियो । २०१५ सालको पहिलो निर्वाचनमा एक मात्र महिला द्वारिकादेबी ठकुरानी बैतडीबाट निर्वाचीत भएकी थिईन । २०१७ सालमा पञ्चायती शासन लागु भएपनि उक्त ब्यवस्थाले रार्ष्टिय पञ्चायतको निवाचन हुन्थ्यो २०४६ सालमा प्रजातन्त्र पनि भएको संसदीय निर्वाचनमा महिला सदस्यको संख्या बढेपनि यो ५ प्रतिशत भन्दा कम हुन्थ्यो ।

प्रजातन्त्र पुर्नास्थापनाका १७ वर्ष जनचेतनाका हिसाबले उल्लेखनिय रह्यो । बिभिन्न किसिमका महिला आन्दोलनकै कारण महिलाहरू जागृत भए । माओवादीद्वारा १२ वर्ष अघि प्रारम्भ गरिएको सशस्त्र राजनीतिले महिलालाई प्रभावित मात्र पारेन उनीहरूको चेतनामा पनि बृद्धि भयो । २ वर्ष अघि भएको लोकतान्त्रिक आन्दोलनमा महिलाहरू आन्दोलीत भएका आन्दोलनहरूको मुख्य लक्ष्यका रुपमा रहेको संविधानसभाको निर्वाचनमा पुरुषको तुलनामा १० प्रतिशत बढि महिलाले मतदान गरे । (संसद सचिवालय जेष्ठ, २०६५)

निर्वाचनमा यस अघि महिलाका पक्षमा कहिल्यै नदेखेको जनलहर देखियो । यही जनलहरका कारण संविधानसभामा झण्डै ३३ प्रतिशत महिला पुग्ने निश्चित भएको छ । प्रत्यक्ष निर्वाचनमा संविधानसभा निर्वाचनले २९ महिलालाई बिधायक चुनेको छ । यो निर्वाचनले

महिलाभित्रपनि जनजाती, दलित, मधेसी एवं पीछडिएका क्षेत्रजस्ता विविधता पाएको छ । २०४८, २०५१, २०५६ सालको संसदीय निर्वाचनमा महिलाको सहभागिता सम्वन्धित एक तालिका तल देखाइएको छ ।क

**तालिका नं. १**

**प्रतिनिधिसभा र राष्ट्रिय सभामा महिला सहभागिता**

| **बर्ष** | **प्रतिनिधीसभा** | | | **राष्ट्रियसभा** | | |
|---|---|---|---|---|---|---|
| | **जम्मा** | **महिला** | **म प्रतिशत** | **जम्मा** | **महिला** | **प्रतिशत** |
| २०४८ | २०५ | ७ | ३.४ | ६० | ३ | ५.० |
| २०५१ | २०५ | ७ | ३.४ | ६० | ५ | ८.३ |
| २०५६ | २०५ | १२ | ५.८ | ६० | ९ | १५.० |

*श्रोतः महिला तथा बालबालिका  तथा समाज कल्याण मन्त्रालय, २०५८*

आम निर्वाचन २०४८ मा कूल २३४५ उम्मेदवार मध्ये जम्मा ८२ जना महिला उम्मेदवार थिए जून ६.०९ प्रतिशत मात्र हून आउँछ  जसमा प्रमुख राजनीतिक पार्टी नेपाली काग्रेस र एमाले बाट कमस ५र२ गरी जम्मा सात जना निर्वाचित भएका थिए  मध्यावधि निर्वाचन २०५१ म कुल ११४६ उम्मेदवार मध्ये ८६ जना महिला थिए । यो निर्वाचनमा पनि काग्रेसका ५र एमालेका २ गरी ७ जना महिला उम्मेदवार निर्वाचित भएका थिए ।आम निर्वाचन २०५६मा कुल २२ उम्मेदवार मध्ये १४२जना महिला थिए  तथ्याङ्कमा हेर्दा विगतको निर्वार्चन भन्दा यस निर्वाचनमा उम्मेदवार महिलाको संख्या उल्लेखनिय प्रावधानको औपचारिकता निर्वाह गर्न न्यनतम महिला उम्मेदवार वनाएको पाइन्छ । तर तथ्याङ्कगत आधारमा हेर्दा यो निर्वाचन २०५६ मा विगतमा निर्वाचनको तुलनामा ७० प्रतिशत भन्दा बढि महिला सांसदमा निर्वाचन हूनसकेको र नेपाली कांग्रेसबाट ५ जना, एमालेबाट ६ जना र राप्रपाबाट १ जना गरी १२ जना महिला सांसद रहेका थिए । (ससदिय सचिवालय, २०५६)

## संविधानसभा

नेपालमा लामो समयको बहुदलीय व्यवस्थाको अभ्यासबाट असन्तुष्ट प्रकट गर्दै १२ बर्ष शसस्त्र विद्रोहमा उत्रेको तत्कालिन विद्रोहीपक्ष नेकपा माओवादीको १२ बर्ष विद्रोह र २०६३ र

०६४ सालको जनआन्दोलन (जुन सबै पार्टीहरू,नागरिक समाजको संलग्नता) पश्चात प्राप्त अधिकारको आधारमा संविधानसभाको निर्वाचन सम्पन्न भएको हो । जुन नेपालको मुल कानून अथवा संविधान बनाउनका लागि गठित जनताद्वारा निर्वाचित प्रतिनीधि सभा नै संविधानसभा हो । एक किसिमले संविधान बनाउने मूल प्रयोजनले बनेको वा वसेको संसद भने पनि संविधानसभालाई बुझिन्छ । कतिपय व्यक्तिहरू संविधानसभालाई संविधान बनाउने प्रकृयाको रुपमालिने गर्दछन् । तर यो प्रकृया साच्चै संविधानमा जनताको सर्वोच्चता, स्थायित्व र अपनत्व स्थापित गर्ने लोकतान्त्रिक सिद्धान्त समेत हो । त्यसैले निष्कर्षमा र सुत्रबद्ध रुपमा भन्नु पर्दा संविधानसभा भनेको-

१. संविधान बनाउने जनताका प्रतिनीधिहरूको सभा ।

२. जनताले निर्वाचित गरेका प्रतिनिधीहरू मिलेर संविधान बनाउने प्रकृया ।

३. संविधान बनाउने र घोषणा गर्ने अधिकार भएको संसद ।

४. संविधान माथि जनताको सर्वोच्चता, स्वामित्व र अपनत्व स्थापित गर्ने लोकतान्त्रिक सिद्धान्त मान्नु पर्ने ।

संविधान राष्ट्रको मूल कानून हो । जसले सरकारको स्वरुप निर्धारण गर्दछ । संविधानले शासकिय शक्तिको सीमाकंन गरी राज्यको काम-कारबाहीलाई बैधानिकता प्रदान गर्दछ । संविधान मुलुकको राजनैतिक एवं कानूनी वडापत्र हो । जसले नागरिकको हक, अधिकारलाई सुनिश्चित गर्छ । राज्य व्यवस्था सञ्चालन गर्ने अभ्यास अठारौ शताब्दिको अन्त्यतिरबाट भएको देखिन्छ । जनता नै राज्यका निर्णायक शक्ति भएकाले जनताको जीवन र स्वतन्त्रता र सुखको संरक्षणका निम्ती संविधानको आवश्यकता महसुस गरियो । संविधान कसैको वा कुनै शासकको हित संरक्षण गर्ने लिखित दस्तावेज मात्र सिमित नभई जनताको सहभागितामा जनताकै इच्छाको प्रतिकृया तर्जुमा हुन सक्यो भने मात्र जनताको आस्था विश्वास र भरोसाको आधार बन्न सक्छ अनि टिकाउ पनि हुन्छ । आजको युग समावेशी लोकतान्त्रिक युग हो । समावेशी लोकतन्त्रमा सबैको समान हिंसा र सहभागिता हुनुपर्छ । राज्य व्यवस्था समावेसी हुन सक्यो लोकतन्त्रको संस्थागत विकास हुनसक्छ । संख्या र क्षमताको दृष्टिले महिलाहरू पुरुषभन्दा कम छैनन् । प्रजातन्त्रमा महिला विकास तथा सामाजिक कुरीति हटाउन महिलाहरूले सुधारात्मक कदम थालेको देखिन्छ । संविधान जस्तो देशको मूल कानून बनाउने

सभा प्रतिनिधि सभामा महिलाहरूको हैसियत, क्षमता, उपस्थिति र उनीहरूको प्रस्तुती कस्तो रहेको छ भन्ने नै यस सोधपत्रको मूल उद्देश्य भएकोले उनीहरूको अवस्थाको बारेमा जानकारी लिनु जरुरी छ । इतिहास पल्टाएर हेर्दा ५ प्रतिशत महिला लडेकाले आज हामी ३३% महिला प्रतिनिधि सभामा सहभागी छन् । हरेक वर्गले स्वतन्त्रता पाउने कुरा राज्यको दायित्व भित्र पर्छ । महिला अधिकारका लागि नीतिगत निर्णय पनि महत्वपूर्ण कुरा हो । नेपालको वर्तमान परिस्थितिमा महिलाको राजनैतिक सहभागिता अत्यन्त महत्वपूर्ण विषय बन्न पुगेको छ । राष्ट्रिय विकासमा महिलाको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक छ । अहिलेको बदलिदो राजनीतिक परिवेशलाई मध्यनजर गरी राज्यका हरेक संरचनामा महिलाको पहुँच पुऱ्याउनु पर्ने आवश्यकता एकातिर छ भने अर्को तर्फ नीति निर्माणको तहमा महिलाको पहुँच पुग्नु अनिवार्य हुन्छ ।(:आचार्य, २०६४ पृष्ठ ६३, ६४)

२०६४ साल चैत्र २८ गते भएको संविधानसभा निर्वाचनमा निर्वाचित भएका महिला संख्या १९१ जुन यस प्रकार छ ।

- प्रत्यक्ष निर्वाचन प्रणली अन्तर्गत जम्मा २९ महिला निर्वाचित भएका छन ।
- समानुपातिक तर्फ सबै पार्टीबाट ५० प्रतिशत महिला सहभागिता रहेको छ ।

त्यस्तै विश्वमा संविधान सभाको प्रयोग लाई हेर्दा आधुनिक युगका लिखीत संविधान हरूमा संयुक्त राज्य अमेरिकाको संविधान सबै भन्दा पुरानो र अग्रणी संविधान मानिन्छ । प्रारम्भमा अमेरिकामा १३ वटा उपनिबेश थिए । तिनले नै सन् १७७६ मा ब्रिटेन बाट स्वतन्त्रताको घोषणा गरेका थिए स्वन्त्रता सग्रामको अवधिमा उनिहरू स्वतन्त्रता रहेर व्यवाहार लाउन एवं राट्रिय एकताको चिनारी गराउन एउटा खुकुल्लो महासंघ बनाए । युद्व पछि बलियो अधिकार र सम्पन्न राट्रिय स्तरको सरकारको आवश्यकता अनुभव भयो परिणाम स्वरुप सन् १७८७ मा फिलाडेल्फियामा संवैधानिक सम्मेलनको आयोजना गरियो सम्मेलन ले नयाँ संविधानको मस्यौदा गऱ्यो र १७८९ मा नयाँ संविधान र यस अनुसारको नयाँ सरकारले कार्य प्रारम्भ गऱ्यो । यो संविधान विधीवत गठन भएको संविधान सभाले तयार गरेको पहिलो संविधान हो । जसमा महिला को सहभागिता भएको पाइदैन । संक्षिप्त भएपनि यसको मुल कलेवर विधीवत बनेको संविधान सभा द्वारा लेखिएको र राज्यहरूले त्यस लिखित दस्तावेज लाई अपनाएको हुदाँ अमेरिकी संविधानकलाइलिखीत संविधान भनिन्छ । (संग्रैला ०६१ पृ ८)

यसै गरि फ्रान्समा भएको राज्य क्रान्ति पछि सन् १७९१ मा अन्तरिम विधानलाई त्यसको केहि समय पछि संविधान सभा मार्फत गणतन्त्रात्मक संविधान बनाइयो । १८ औं शताब्दिमा फ्रान्समा राजाले मुलुकलाई हिंस्रक गृहयुद्धमा होमेका थिए) । मध्य युगमा फ्रान्स युरोपको अत्यन्त शक्तिशालि देश मानियो लुई चौथौ शासन सत्तामा आएपछि उनले आफैलाई राज्य भन्न थाले र उनको दमनकारी नीतिका कारण अनेकौ संघर्ष भए । लुई सोह्रौ को पालामा भएको ७ बर्ष लामो युद्वले फान्स्र आर्थिक रुपमा नै जर्जर भयो सन् १७८९मा भएको क्रान्तिले जनताले निरंकुश राजा नोकर शाहि र कुलिन वर्गका विरुद्व विजय प्राप्त गरेका थिए । त्यस साल १६ औं लुई ले बोलाएको  स्टेट्स जनरलको वैठक बिस्पोटन पुर्ण भएको थियो । नेशनल एसेम्बलीले आफ्नो नाम बदलेर संविधानसभा बनाइ ४ अगस्तका दिन सामान्ति विशेषधिकारको अन्त्य गरि स्वतन्त्रताको बिगुल फुकेको थियो । त्यसले ३ डिसेम्बर १७९१ मा पहिलो नयाँ  संविधान बनाइ फ्रान्सलाई गणतन्त्र घोषणा गर्‍यो यस संविधान निर्माणमा पनि महिलाको सहभागिता भएको पाइदैन ।

त्यस्तै छिमेकि राष्ट्र भारतमा विट्रीश साम्राज्यको पतन पुर्व सन्ध्यामा सन् १९३८ मा जवाहरलाल नेहरूले संविधान सभाको माग गरेका थिए । भारतका राष्ट्र पिता माहात्मा गान्धिले जनताको सहभागितामा संविधान सभाको चुनाव गराउने अठोट गरेका थिए । जसलाई मुर्त रुप दिदै सन् १९३६ र १९३८ मा संविधान सभाको माग लाई तिव्र वनाईएको थियो । आन्दोलन चर्कदै गए पछि तत्कालिन व्रिटिश सरकार , राष्ट्रिय सरकार, राष्ट्रिय काग्रेस र मुस्लिम लिग बिच वार्ता भई व्रिटिस संसदले भारतिय स्वतन्त्रता ऐन १९७४ पारीत गरि संविधान सभा द्वारानै स्वतन्त्र भारतीको संविधान निर्माण हुने व्यवस्था गरेको थियो । भारतमा संविधान निर्माणमा सोनिया गान्धि , इन्दिरा गान्धि, लगायतका महिलाको उपस्थिती पनि नेपालमा जस्ता जातिय आधारमा समानुपातिको आधारमा ३३% महिला सहभागिता भएको पाईदैन ।(शर्मा ०६२, पृ ४५)

# तीन अध्याय

## अनुसन्धान विधि

### ३.१ अनुसन्धान बिधि

सोधपत्र अध्ययन तयार गर्दा बर्णनात्मक तथा बिश्लेषणात्मक बिधि प्रयोग गरिएकोछ। तथ्याङ्कहरूलाई आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक दृष्टिकोणबाट ब्याख्या तथा विश्लेषण गरिएकोछ । संविधानसभामा महिलाहरूको उपस्थिती महत्व र भविश्यमा गर्नुपर्ने कामका बारेमा अध्ययन गरेर सुझाव समेत दिने प्रयास गरिएकोछ। तसर्थ सोध पत्र तयार गर्ने क्रममा विश्लेषणात्मक बर्णनात्मक दुबै बिधि अवलम्वन गरिएको छ।

### ३.२ नमुना छनौट

छनौट गरिएको यस संविधानसभामा महिला सहभागितामा जम्मा १९७ महिला सहभागि रहेका छन्। नमूना छनौट गर्दा ब्यवस्थित नमुना छनोट  गरिएको छ। जसमा ससद सचिवालयबाट उपलब्ध नामावली सुचीकमको १९७ महिला सभासद समग्रताबाट ४ को अन्तरालमा जम्मा ५१ महिला सभासद लाई नमुना छनौटको रुपमा लिई तथ्यांक संकलन गरिएको छ । नमुना छनौट भित्र कुल महिला सभासद १९७ को २५ प्रतिशत नमुना भित्र परेका छन् । छनौट भएका महिला सभासदहरूलाई आवश्यक अनुसार तयार पारिइएको प्रश्नावलीको आधारमा प्रश्न सोधि संख्यात्मक तथा गुणात्मक तथ्यांकहरू संकलन गरिएको छ । छनौटको आधारमा अन्तर्वार्ता लिईएका सभासदहरूको पार्टीगत प्रतिशत तल तालिकामा देखाईएको छ

## तालिका २

## छनौटगरिएका महिला संख्या

| क.सं. | राजनीतिक दल | जम्मा महिला सख्या | छनौट गरिएका महिला संख्या | छनौट गरिएका महिला प्रतिशत |
|---|---|---|---|---|
| १ | नेपालकम्युनिष्ट पार्टी माओवादी | ७७ | २० | २५ |
| २. | नेपाली कांग्रेस | ३९ | १० | २५ |
| ३. | ने.क.पा.एमाले | ३८ | ९ | २३ |
| ४. | मधेशी जनअधिकार फोरम | १३ | ३ | २३ |
| ५. | तराई मधेश लोकतान्त्रिक पार्टी | ६ | २ | २३ |
| ६. | राष्ट्रिय प्रजातन्त्र पार्टी | ४ | १ | २५ |
| ७. | नेपाल कम्युनिष्ट पार्टी (माले) | ४ | १ | २५ |
| ८. | नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) | २ | १ | ५० |
| ९. | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | २ | १ | ५० |
| १०. | नेपाल मजदुर किसान पार्टी | १ | १ | १०० |
| ११. | नेपाल कम्युनिष्ट पाटी एकीकृत | १ | १ | १०० |
| १२. | नेपाल जनता दल | १ | १ | १०० |
| **१३** | **जम्मा** | **१९७** | **५१** | |

*श्रोतः- संसद सचिवालय र निर्वाचन आयोग, २०६५*

माथिको तालिकामा देखाइए अनूसार नेपालकम्युनिष्ट पार्टीमाओवादी बाट समानुपातिक निर्वाचनमा र प्रत्यक्ष निर्वाचनमा गरी ७७ जना महिलाहरू निर्वाचित भएका थिए जस मध्येबाट व्यवस्थित नमूना छनोटको आधारमा २० जना महिलाहरू नमुनाको रुपमा लिइएको छ। त्यस्तैगरी नेपाली कांग्रेसवाट समानुपातिक निर्वाचनमा र प्रत्यक्ष निर्वाचनमा गरि ३९ जना महिलाहरू निर्वाचित भएका थिए जस मध्धे वाट १० जना महिलाहरू नमुनाको रुपमा लिइएको

छ जुन कुल महिला सख्याको २५ प्रतिशत हुन आउछ  त्यस्तै गरी ने.क.पा.एमाले बाट ९ मधेशी जनअधिकार फोरम बाट ३  तराई मधेश लोकतान्त्रिक पार्टी बाट २  राष्ट्रिय प्रजातन्त्र पार्टी  बाट १ नेपाल कम्युनिष्ट पार्टी (माले)  बाट १ नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) बाट १ राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल बाट १ नेपाल मजदुर किसान पार्टी बाट १ नेपाल कम्युनिष्ट पार्टी एकीकृत बाट १ र नेपाल जनता दल बाट १ गरी जम्मा ५१ जना महिला नमूना छनोट भित्र परेका छन । (ससद सचिवालय २०६४)

### ३.३ तथ्याङ्कको स्वरुप

प्राथमिक तथ्यका रुपमा महिला सभासद तथा महिला नेत्रीसंग अन्तरवार्ता प्रश्नावलीको सहयोगमा तयार भएकोछ । सभासदमा रहेका महिलाको राजनितीक पृष्ठभुमी र उनीहरू संविधानसभामा सहभागी रहदा समाज घर परिवार संगका अनुभव र अनुभुतीलाई मसिनोसंग केलाएर संविधान निर्माणमा महिलाको भुमिका बारेमा अध्ययन गर्ने प्रयास गरिएकोछ ।त्यसैले सोधपत्रमा प्राथमीक श्रोतलाई बढि महत्व दिइएकोछ ।

द्बितिय श्रोतका रुपमा महिला  र संविधानसभामा संलग्न महिला संवन्धित पुस्तक बिभिन्न संघ संस्थाले तयार पारेका रिपोर्टहरूबाट तथाङ्क संकलन गरिएकोछ

### ३.४ तथ्याङ्क संकलन बिधिहरू

अनुसन्धान कर्ताले वास्तविक र सत्यलाई आत्मसाथ गरी सम्बन्धित विषयमा नजीक पुग्नको लागि तथ्याङ्क संकलन बिधि भिन्ने महत्वपुर्ण हुने गर्दछ यसको अभावमा सोधको लक्ष हासिल गर्न सकिदैन । यस अध्ययनमा स्थलगत सर्वेक्षण गर्दा भिन्न प्रकारका बिधिहरू प्रयोगमा ल्याईएकोछ ।

### ३.५ अर्न्तवार्ता

संविधानसभामा महिलाहरूको सहभागिताबारे प्रकाशित कृतिहरूको अभाव भएकोलेपनि सोध पत्र तयार गर्ने क्रममा छनोटमा परेका ५१ जना महिला सभासदहरूसंगको अर्न्तवार्ता तथ्य तथ्याङ्कको प्रमुख श्रोत बनेकोछ ।

### ३.६ तथ्याङ्क बिश्लेषण

यस सोध कार्यको अध्ययनको सिलसिलामा प्राथमिक तथ्याङ्क र द्धितीय तथ्याङ्कबाट जती संकलन प्राप्त भएका छन् तिनीहरूलाई व्यवस्थित तरिकाले बिभिन्न पक्षसंग देखाउने प्रयत्न गरिएकोछ । संकलित तथ्यहरू र सूचनाहरूलाई तालिकीकरण र बर्गीकरण गरी व्याख्या बिश्लेषण गरी प्रस्तुत गरिएको छ ।

### ३.७ अध्ययनको सिमा

अध्ययनलाई अहिले चर्चामा रहेका कतिपय महिला सम्वन्धि माग र नाराहरूबाट अलग गरिएको छ । अध्ययनको मुख्य उदेश्य संविधानसभामा महिला सहभागिता भएकोले संविधानसभामा महिला सहभागिताका बारेमा सामान्य अध्यन गरिएको छ । प्रजातन्त्र पुर्नस्थापना (लोकतन्त्र) पछिको संविधानसभा निर्वाचनलाई केन्द्रमा राखेर अध्ययन गरिएको भएकोले संविधानसभा निर्वाचनमा महिला सहभागिता बाहेक महिलासंग सम्वन्धित अन्य राजनीतिक सामाजिक एजेण्डा अध्ययन क्षेत्र बाहिर राखिएको छ ।

# अध्याय चार

## संविधानसभामा सहभागि महिलाहरूको सामाजिक, आर्थिक, साँस्कृतिक, राजनैतिक, शैक्षिक र प्रशासनिक अवस्थाको एक झलक

### ४.१. सामाजिक अवस्था

नेपाली महिलाहरूको सामाजिक अवस्थाको बारेमा उत्तरदाता अर्थात अन्तवार्तामा सहभागी महिला सभासदहरूले नेपाली समाजमा महिलाहरूको सामाजिक अवस्था हिन्दु धर्मबाट अभिप्रेरित भएको हुनाले धर्मको आधारमा गरिने विभेदले सामाजिक जीवन निकै कष्टकर भएको बताए । अन्तवार्तामा सहभागी पार्वती थापा, सावित्रा गुरुङ, विष्णु स्याङयाङ लगायतका संभासदहरूले नेपाली महिलाहरू सामाजिक रुपबाट कति स्वतन्त्र छन् ? कति अधिकार प्राप्त गरेका छन् । घरायसी कामकाज भन्दा बाहिर महिलाको सहभागिता कस्तो छ । यी विभिन्न दृस्टिकोण बाट हेर्नु पर्दछ । समाज-राष्ट्र एवं पारिवारिक निर्णय निर्माण प्रकृयामा उनीहरूको सहभागिता कस्तो छ । आदि कुरालाई केलाउनु पर्ने बताए । त्यस्तै विमला के.सी., शुशिला लगायतले पितृसत्तात्मक सामान्ती संरचनाबाट हालसम्म जकडिएको हाम्रो देशको समाज, शासन व्यावस्था सामाजिक मूल्य र मान्यता र महिला र पुरुषलाई दिईने फरक मान्यता र व्यवहारका कारण महिलाहरू पुरुषभन्दा पछाडि पारिएका थिए र छन् । महिला भएकै कारणले महिलामाथि हुने शोषणहरू समाजमा विधमान छन् । अहिले पनि महिलाको घरभित्रको हिंसा गर्ने ठाँउमा हुने हिसांलाई सम्बोधन गर्ने कानुन छैन, भएको कानुनको प्रचार पसार छैन । भएका कतिपय कानुन अझ अप्रर्याप्त वा विभेदपूर्ण छन् । फेरी परिवर्तित कानुन र समाज सँगसँगै जानसक्ने बातावरण हाम्रो सामाजिक व्यावस्थाले सिर्जना गर्न सकेको छैन भन्ने धारणा अन्तवार्तामा सहभागी महिला सभासदहरूको छ । त्यस्तै छलफलमा सहभागी महिला सभासद विमला के.सी. का अनुसार नेपाली समाजमा नारीका विभिन्न रुप छन् । समाज आफै नारीलाई उसको उमेर र अवस्था हेरेर बन्धनमा जकडिदिएको छ । नेपाली समाज पितृसत्तात्मक भएकोले धर्मको नाममा महिला माथि कठोर सामाजिक नियम र मान्यताहरू स्थापित गरेको छ । सामाजिक मान्यता, अन्ध विश्वास, पछौटेपन, परमपरा तथा सम्पत्ति माथिको अधिकार निर्णय गर्ने क्षमतामा नपुग्ने जस्ता कारणले अधिकांश महिला दोश्रोको

दर्जाको नागरिकका रुपमा रहन बाध्य बनाइएको छ । एउटै नारी– छोरी, स्वास्नी र आमाको हैसियतमा समाजमा फरक-फरक भूमिका निर्वाह गरिरहेकी हुन्छे र समाजले पनि त्यस्तै अनुरुप व्यावहार गरिरहेको हुन्छ ।

त्यस्तै अन्तवार्तामा सहभागी सभासदहरूले नेपाली ग्रामीण क्षेत्रमा जन्म दिने बाबु आमाको घरमा कुलिन, लक्ष्मीको प्रतिक मानिएको नारी माथि बुहारी हुंदा अलक्षिनी, अटेरी सीप र दक्षता नभएकी जस्ता आरोप लाग्न थाल्छ । यस्तो अवस्थामा जीवन विताउन बाध्य नेपाली महिलाको सामाजिक अवस्था विद्यमान रेहेको हुंदा अव बन्ने संविधानमा महिलाको वंशको अधिकारहरू, महिलाको हिंसा मुक्त भई सामाजिक सुरक्षासहित बाँच्न पाहुने अधिकार महिलाको आफ्नो शरीर, बुद्धि र निर्णयमाथिको आफ्नो अधिकार जस्ता आधारभूत अधिकारको ग्यारेन्टी गरिनु पर्छ । त्यस्तै महिला बेच-विखन तथा ओसार-पसार जस्ता शोषणलाई रोक्न स्पष्ट व्यवस्था संविधानले नै गर्नुपर्दछ घर भित्र र निजी क्षेत्रमा हुने हिंसामा राज्यलाई उत्तरदायित्व बनाउने संवैधानिक संरचनाको आवश्यकता रहेको र निर्णायक तहमा महिला सहभागिताको सुनिश्चित गरिनु पर्दछ भन्ने धारणा अन्तवार्तामा सहभागि सभासदहरूको छ ।

नेपाली समाजमा विद्यमान महिलाप्रतिका विभिन्न सामाजिक विकृती, महिलाप्रति हुने विभिन्न शोषण, दमन, अन्याय, अत्याचार, घरेलु हिंसा आर्थिक विभेद शोषण, सामाजिक विभेद, लैङ्गीक विभेद जस्ता विभिन्न किसिमका विकृतिलाई समाजबाट उन्मुलन गराउन महिला आफै देशको मूल कानून अर्थात् संविधान निर्माणमा सहभागी हुन जरुरी छ । महिलाका समस्या महिलाले नै बुझ्दछन् नकी पुरुषले त्यसैले नेपालको इतिहासमा पहिलो पटक जनताका प्रतिनिधिद्वारा सविधान निर्माण गर्न लागेको यो समयमा विभिन्न पेशा, वर्ग, जात, जाती, शैक्षिक हैसियत, आर्थिक हैसियत भएका महिलाहरू संविधान निर्माणमा पुगेका छन् ।

संविधानसभामा १९७ महिला मध्येबाट यस सोध पत्रको नमूना छनौटमा परेका महिलाहरूको विवाहको प्रकार-

**तालिकां. ३**

**विवाहको प्रकार**

| क्र.सं. | विवाहको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विवाहित | ४९ | ९६ |
| २ | अविवाहित | २ | ४ |
| | **जम्मा** | **५१** | **१००** |

*श्रोतः स्थलगत सर्वेक्षण २०६५*

छनौटमा परेका महिलाहरू अधिकांश विवाहित परेका छन् । अविवाहित परेकामा नेपाली कांग्रेसकी सभासद् सिता गुरुङ्ग साथै नेपाली जनता दलका सभासद गायत्री शाह हुनुहुन्छ । माथिका तालिकामा देखाइएका ५१ जना उतरदाताहरू मध्ये संविधानसभामा प्रतिनिधित्व गर्ने ९६ प्रतिशत विवाहित छन भने ४ प्रतिशत अविवाहित छन् ।

**तालिका ४**

**संविधानसभामा प्रतिनिधित्व गर्ने महिलाहरूको व्यक्तिगत विवरण**

| क्रम | सभासद्को नाम | पार्टी | उमेर | राजनीतिमा लागेको वर्ष/साल | शिक्षा | यसअधिको पेशा | वैवाहिक अवस्था | भूमिगत जीवन जेल |
|---|---|---|---|---|---|---|---|---|
| १ | लीलादेवी मेहता | नेकपा (माओवादी) | ३० | २०५४ | एस.एल.सी | किसान र राजनीति | विवाहित | भूमिगत १ वर्ष |
| २ | सुनीता कुमारी | नेकपा (माओवादी) | ३३ | २०५७ | निम्न माध्यमिक | किसान | विवाहित | भूमिगत २ वर्ष |
| ३ | इनद्रमति यादव | नेकपा (माओवादी) | २६ | २०४९ | एस.एल.सी | राजनीति | विवाहित | भूमिगत २ वर्ष |
| ४ | हलिना खातुन सोखिन | नेकपा (माओवादी) | ३२ | २०५१ | एस.एल.सी | राजनीति | विवाहित | भूमिगत ३ वर्ष |
| ५ | ताराघर्ती मगर | नेकपा (माओवादी) | ३० | २०५४ | एस.एल.सी | किसान र राजनीति | विवाहित | भूमिगत ३ वर्ष |
| ६ | इनद्रवती अधिकारी (दन्वार) | नेकपा (माओवादी) | ३४ | २०५२ | निम्न माध्यमिक | किसान | विवाहित | भूमिगत २ वर्ष |
| ७ | सुशील कन्दङ्वा | नेकपा (माओवादी) | ३० | २०५५ | एस.एल.सी | राजनीति | विवाहित | भूमिगत ३ वर्ष |
| ८ | महालक्ष्मी श्रेष्ठ | नेकपा (माओवादी) | ३२ | २०५६ | एस.एल.सी | राजनीति | विवाहित | भूमिगत २ वर्ष |
| ९ | संतोषी बि.क. | नेकपा (माओवादी) | ३१ | २०५८ | निम्न माध्यमिक | किसान | विवाहित | भूमिगत १ वर्ष |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | धिरेन्द्र कुमारी उपाध्याय | नेकपा (माओवादी) | ३३ | २०५४ | निम्न माध्यमिक | किसान | विवाहित | भूमिगत ४ वर्ष |
| ११ | गीता ठगुन्ना | नेकपा (माओवादी) | ३२ | २०५३ | एस.एल.सी | राजनीति | विवाहित | भूमिगत २ वर्ष |
| १२ | उमा कार्की विष्ट | नेकपा (माओवादी) | २९ | २०५९ | एस.एल.सी | राजनीति | विवाहित | भूमिगत २ वर्ष |
| १३ | कल्पना देवी सुवेदी | नेकपा (माओवादी) | ३३ | २०५९ | आई.ए. | राजनीति | विवाहित | भूमिगत ५ वर्ष |
| १४ | दामा कुमारी शर्मा | नेकपा (माओवादी) | ३५ | २०५३ | आई.ए. | राजनीति | विवाहत | भूतिगत ४ वर्ष |
| १५ | मणी खम्बु | नेकपा (माओवादी) | २८ | २०५६ | एस.एल.सी | राजनीति | विवाहित | भूमिगत ३ वर्ष |
| १६ | कल्पना धमाला | नेकपा (माओवादी) | ३५ | २०४७ | बी.ए. | राजनीति | विवाहित | भूमिगत ५ वर्ष |
| १७ | पार्वती थापा श्रेष्ठ | नेकपा (माओवादी) | ३३ | २०५८ | एस.एल.सी | राजनीति | विवाहित | भूमिगत ३ वर्ष |
| १८ | रामकुमारी देवी यादव | नेकपा (माओवादी) | ३२ | २०५४ | एस.एल.सी | राजनीति | विवाहित | भूतिगत ४ वर्ष |
| १९ | दुर्गा कुमारी वि.क. | नेकपा (माओवादी) | ३३ | २०५३ | एस.एल.सी | राजनीति | विवाहित | भूमिगत ४ वषृ |
| २० | निमा लामा | नेकपा (माओवादी) | ३१ | २०५३ | एस.एल.सी | राजनीति | विवाहित | भूमिगत ३ वर्ष |
| २१ | मिना पाण्डे | नेपाली कांग्रेस | ४० | २०४२ | एस.एल.सी | राजनीति | विवाहित | छैन |
| २२ | अम्बिका बस्नेत | नेपाली कांग्रेस | ४१ | २०४७ | एस.एल.सी | राजनीति | विवाहित | छैन |
| २३ | भूटीनी देवी खबास | नेपाली कांग्रेस | ५४ | २०५० | एस.एल.सी | राजनीति | विवाहित | छैन |
| २४ | सिता गुरुङ | नेपाली कांग्रेस | ३३ | २०५८ | एस.एल.सी | राजनीति | विवाहित | छैन |
| २५ | लक्ष्मी परियार | नेपाली कांग्रेस | ४२ | २०५२ | एस.एल.सी | राजनीति | विवाहित | छैन |
| २६ | मिजाक्षी झा | नेपाली कांग्रेस | ४० | २०५३ | एस.एल.सी | राजनीति | विवाहित | छैन |
| २७ | कृष्णा अमात्य | नेपाली कांग्रेस | ४३ | २०५१ | एस.एल.सी | किसान | विवाहित | छैन |
| २८ | कृष्ण कुमारी परियार | नेपाली कांग्रेस | ४५ | २०४७ | निम्न माध्यमिक | किसान | विवाहित | छैन |
| २९ | विमला नेपाली | नेपाली कांग्रेस | ४३ | २०५० | आई.ए. | किसान | विवाहित | छैन |
| ३० | ईश्वरी न्यौपाने | नेपाली कांग्रेस | ४४ | २०५० | बी. ए. | राजनीति | विवाहित | छैन |
| ३१ | विभा कुमारी कार्की | नेकपा एमाले | ४१ | २०५३ | एस.एल.सी | किसान र राजनीति | विवाहित | छैन |
| ३२ | डोल्मा तामाङ्ग | नेकपा एमाले | ३९ | २०५१ | एस.एल.सी | किसान र राजनीति | विवाहित | छैन |
| ३३ | किरण कुमारी राय | नेकपा एमाले | ३८ | २०५० | एस.एल.सी | गृहिणी र राजनीति | विवाहित | छैन |
| ३४ | रत्नदेवी गुरुङ | नेकपा एमाले | ४३ | २०५१ | निम्न माध्यमिक | किसान र राजनीति | विवाहित | छैन |
| ३५ | सिता कुमारी पौडेल | नेकपा एमाले | ३९ | २०४९ | आई. ए. | राजनीति | विवाहित | छैन |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | शारदा झा | नेकपा एमाले | ४० | २०४९ | एस.एल.सी | गृहिणी र राजनीति | विवाहित | छैन |
| ३७ | शान्ति जिरेल | नेकपा एमाले | ३८ | २०५० | एस.एल.सी | किसान | विवाहित | छैन |
| ३८ | थम माया थापा मगर | नेकपा एमाले | ४१ | २०५१ | निम्न माध्यमिक | किसान | विवाहित | छैन |
| ३९ | उषा कला राई | नेकपा एमाले | ३६ | २०५० | एस.एल.सी | किसान | विवाहित | छैन |
| ४० | करिमा बेगम | मधेसी जनअधिकार फोरम | ३७ | २०६१ | एस.एल.सी | सिलाई र बुनाई | विवाहित | छैन |
| ४१ | कलावति देवी दुषात | मधेसी जनअधिकार फोरम | ३८ | २०५५ | निम्न माध्यमिक | प्राईभेट जागीर | विवाहित | छैन |
| ४२ | सलमा खातुन मिकरानी | मधेसी जनअधिकार फोरम | ४२ | २०६१ | एस.एल.सी | किसान | विवाहित | छैन |
| ४३ | सुमित्रा देवी राय यादव | तराई मधेसी लोकतान्त्रिक पार्टि | ५० | २०४९ | एस.एल.सी | किसान | विवाहित | छैन |
| ४४ | बसन्ति झा | तराई मधेसी लोकतान्त्रिक पार्टि | ३९ | २०२८ | एस.एल.सी | सामाजिक कार्यकर्ता | विवाहित | छैन |
| ४५ | नवदिता चौधरी | राष्ट्रिय प्रजातन्त्र पार्टि | ४२ | २०४० | आई.ए. | राजनीति | विवाहित | छैन |
| ४६ | शारदा नेपाली | नेपाल कम्युनिष्ट पार्टि माले | ४० | २०४७ | एस.एल.सी | राजनीति | विवाहित | छैन |
| ४७ | कल्पना राणा | नेपाल कम्युनिष्ट पार्टि संयुक्त | २५ | २०५१ | बी.ए | राजनीति | विवाहित | छैन |
| ४८ | गायत्री शाह | नेपाल जनता दल | ४० | २०५३ | बी.ए | सामाजिक कार्यकर्ता | विवाहित | छैन |
| ४९ | कुन्ति शाह | राष्ट्रिय प्रजातन्नत्र पार्टि नेपाल | ४० | २०४७ | आई.ए. | राजनीति | विवाहित | छैन |
| ५० | लीला न्याईच्याई | म्जदुर किसान पार्टि | ४१ | २०४७ | आई.ए. | राजनीति | विवाहित | छैन |
| ५१ | राधादेवी तिमिल्सिना | नेपाल कम्युनिष्ट पार्टि एकीकृत | | | एस.एल.सी . | राजनीति | विवाहित | छैन |

*श्रोत: स्थलगत सर्वेक्षण २०६५ ।*

माथिको तालिका अनुसार संविधानसभामा निर्वाचित महिलाहरू राजनीति गर्ने र घरभित्रको काम, जीवन निर्वाहका लागि कृषि पेशा र विभिन्न घरेलु पेशा (सिलाई, बुनाई, चुरा बेच्ने, ब्यापार गर्ने) अपनाइएको अध्ययनको क्रममा भेटाइएको छ । ३९.४१ प्रतिशत महिलाहरू राजनीतिलाई अंगाल्दै आएको बताए जुन महिलाहरूको परिवारिक पृष्ठभूमि नै राजनीति थियो । ३५.२९ प्रतिशत महिलाहरू राजनीतिलाइ र कृषि पेशालाई संग-संगैं लगेको पाइन्छ भने २७.४५ प्रतिशत महिलाहरू राजनीतिलाई र गृहणी संगसंगै लगेको पाइन्छ । ७.८ प्रतिशत महिलाहरू राजनीतिलाई र ज्यालामजदुरीलाई संगै लगेको पाइन्छ ।क त्यस्तै सभासदहरूको शैक्षिक अवस्थालाइ हेर्ने हो भने ५१ जना मध्ये १५.६८ प्रतिशत महिलाहरूले नि. मा. वि

सम्मको मात्र शिक्षा लिएको पाइया भने ६२.७४ प्रतिशत महिलाहरूले एस.सल.सी सम्मको मात्र शिक्षा लिएको पाइयो । त्यस्तै १३.७२ प्रतिशत महिलाहरूले मात्र उच्च मावि वा प्रमाण पत्र तहको शिक्षा लिएको पाइयो भने ७.८४ प्रतिशत महिलाहरूले मात्र बि.ए वा सो सरह को शिक्षा लिएको पाइयो । यस बाट के प्रमाणित हुन्छ भने संविधान सभामा प्रतिनिधिव्व गर्ने महिलाको शैक्षिक अबस्था राम्रो छैन भन्न नसकिएता पनि शिक्षित महिला को उपस्थिती कमै छ भन्न सकिन्छ ।

महिला सभासदहरू कम्तिमा २५-५४ वर्प उमेर समुहका छन । कतिपय महिलाहरू विद्यार्थी जीवनबाट नै राजनीतिमा लागेको बताए भने माओवादीसभासदहरूले समाजमा महिला विरुद्ध हुने हिंसाको कारणले राजनीतिमा लाग्न प्रेरणा मिलेको बताए । छनौटमा परेका महिलाहरू अधिकांश विवाहित परेका छन् अविवाहित परेकामा नेपाली कांग्रेसकी सभासद सिता गुरुङ्ग साथै नेपाली जनता दलका सभासद गायत्री शाह हुनुहुन्छ ।

## ४.२ आर्थिक अवस्थाः

नेपालमा महिलाहरूको आर्थिक अवस्थाको बारेमा अन्तवार्तामा उपस्थित महिला सभासदहरू अर्थात उत्तरदाताहरूले महिलाहरूको आर्थिक अवस्थामा पहुच नभएको, पैतृक सम्पतिमा महिला सम्बन्धि कानुन भएतापनि कार्यन्यन नभएको, आर्थिक अभावको कारण कतिपय महिलाले कुनैपनि बिषयमा अन्तिम निर्णय गर्न नसकेको, अधिकांश महिला राजनिति गर्नको लागी बुवा अर्थात श्रीमान्मा निर्भर भएका हुन्छन । भन्ने कुरासभासद हरूले राखेका छन् । महिलाको आर्थिक अवस्था माथि उठाउन राज्यले महिलाको श्रमको उचित मूल्य दिने व्यवस्था हुनुपर्ने , पैतृक सम्पत्तिमा महिलाहरूको हक हुनु पर्ने जस्ता कुराहरू पनि अन्तवार्तामा सहभागि महिलाहरूले बताए । अव बन्ने संविधानमा महिलाको आर्थिक क्षेत्रमा पहुच पुरुष वरावर रहने गरी संविधानमा उल्लेख गरिने र यसको कार्यन्वयन पक्षमा जोड दिने अन्तवार्तामा उपस्थित महिलाहरूको भनाइ रहेको छ ।

त्यस्तै गरेर विभिन्न संघ-संस्था, उद्योग कारखानामा कार्यरत महिला श्रमिकले पुरुष श्रमिक वरावरको ज्याला नपाउने जस्ता कुराहरूलाई संविधानमा ग्यारेन्टी गरिने, रोजगारीमा

महिलाको ग्यारेन्टी गरिने र त्यसलाई मौलिक पक्षलाई जोड दिने र अनुगमन गरिने जस्ता कुराहरू महिलाको आर्थिक अवस्था सुधार्ने हुदाँ यस्ता पक्षलाई अव वन्ने संविधानमा ग्यारेन्टी गरिनुपर्ने समुहगत छलफलमा सहभागी महिला सभासदको विचार रहेको छ ।

तालिका ५

**संविधानसभामा प्रतिनिधित्व गर्ने महिलाको जग्गाको स्वामित्वको विवरण**

| क.सं. | **भूमिको क्षेत्रफल** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | भूमीमा स्वामित्व नभएको | ७५ | ५२.८० |
| २ | १-२ कठ्ठा | १० | १९. ६० |
| ३ | २-५ आना | ८ | १५. ६८ |
| ४ | ०-१ रोपनी | ७ | १३ .७२ |
| | **जम्मा** | **२५** | **१००** |

कश्रोतः स्थलगत सर्वेक्षण २०६५ ।

माथिको तालिकाबाट पनि स्पष्ट हुन्छ कि नेपालमा महिलाहरूको भूमिमा अधिकार छैन । छनौट भएका उतरदाताहरू मध्ये ५२.८० प्रतिशत महिलाहरूको आफ्नो निजी वा व्यक्तिगत सम्पत्ति नभएको बताए किन भने माओवादी महिलाहरूले पार्टीको नीति अनुसार नै व्यक्तिगत सम्पत्ति नराख्ने भएको र महिला सक्षम भएमा व्यक्तिगत सम्पत्तिको नै आवश्कता नपर्ने बताए भने ४७.२० प्रतिशत महिलाहरूको व्यक्तिगत सम्पत्ति भएको बताए जसमा २-५ आना हुने १५.६८ प्रतिशत महिलाहरू छन् भने १-२ कठ्ठा भूमी भएको १९.६० प्रतिशत र ०-१ रोपनी भूमी भएको १३ .७२ प्रतिशत महिलाहरू पाइयो यसबाट के प्रमाणित हुन्छ भने नेपालमा महिलाहरूको भूमिमा स्वामित्व छैन उनीहरू पुरुषमाथि निर्भर रहनु पर्ने हुन्छ ।

नेपाली महिलाहरूको मासिक आम्दानीको तथ्याङ्कलाई हेर्ने हो भने रु. ३०००-५००० सम्म मात्र पाइन्छ । (केन्द्रीय तथ्याङ्क विभाग २०५८) संविधानसभामा प्रतिनिधित्व गर्ने महिलाहरू विगतको समयमा किसान, गृहणी, सिलाइ-बुनाइ व्यापार, सामाजिक क्षेत्रमा काम गर्दागर्दै राजनीतिमा लागेको पाइन्छ जुन नेपालको वास्तविकता पनि हो तर यस सोध पत्रमा संविधानसभामा प्रतिनिधित्व गर्ने महिलाहरूलाई केन्द्रमा राखेर अध्ययन गरिएको हुनाले

संविधानसभाको निर्वाचन पछि संविधानसभामा प्रतिनिधित्व गर्ने महिलाहरूको मासिक आम्दानी केही वढि देखिन्छ तर यसले समग्र नेपाली महिलाहरूको वास्तविक आम्दानीलाई प्रतिनिधित्व गर्दैन जुन तल तालिकामा देखाइएको छः

तालिका ६

**संविधानसभामा प्रतिनिधित्व गर्ने महिलाहरूको मासिक आम्दानी**

| क्र.सं. | आम्दानी हजारमा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १०,०००–२०,००० | ३० | ५८. ५२ |
| २ | २०,०००–२५,००० | २० | ३९ .२२ |
| ३ | २५,०००–३०,००० | १ | १. ९६ |
| | **जम्मा** | **५१** | **१००** |

*स्रोतः स्थलगत सर्भेक्षण २०६५।*

मथिको तालिकामा १० हजारदेखी २० हजार आम्दानी गर्ने महिलाहरू ५८. ५२ प्रतिशत छन् जुन माओवादी महिलाहरू हुन जसले आफ्नो आम्दानीको आधा भाग पार्टीलाई दिनुपर्ने भएकोले आफ्नो आम्दानी कम भएको बताए भने ३९ .२२ प्रतिशत महिलाहरूले आफ्नो आम्दानी २० देखि २५ हजारसम्म मात्र भएको बताए । भने १. ९६ प्रतिशत महिलाहरूले आफ्नो आम्दानी २५ देखि ३० हजारसम्म भएको बताए तर यसले समग्र नेपाली महिलाहरूको वास्तविक आम्दानीलाइ प्रतिनिधित्व गर्दैन ।

तलिका ७

**प्रमुख पेशा वा व्यवसायको आधारमा**

| क्र.सं. | मुख्य पेशा वा व्यवसाय | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राजनीति | १५ | ३९. ४१ |
| २ | राजनीति र किसान | १८ | ३५ .२९ |
| ३ | राजनीति र गृहणी | १४ | २७ .४५ |
| ४ | राजनीति र ज्यालामजदुरी | ४ | ७. ८ |
| | **जम्मा** | **५१** | **१००** |

*श्रोतः स्थलगत सर्वेक्षण २०६५।*

विशेष गरेर महिलाहरू राजनीति गर्ने र घरभित्रको काम, जीवन निर्वाहका लागि कृषि पेशा र विभिन्न घरेलु पेशा (सिलाई, बुनाई, चुरा बेच्ने, ब्यापार गर्ने) अपनाइएको अध्ययनको क्रममा भेटाइएको छ । ३९.४१ प्रतिशत महिलाहरू राजनीतिलाई अंगाल्दै आएको बताए जुन महिलाहरूको परिवारिक पृष्ठभूमि नै राजनीति थियो । ३५.२९ प्रतिशत महिलाहरू राजनीतिलाइ र कृषि पेशालाई संग-संगैं लगेको पाइन्छ भने २७.४५ प्रतिशत महिलाहरू राजनीतिलाई र गृहणी संगसंगै लगेको पाइन्छ । ७.८ प्रतिशत महिलाहरू राजनीतिलाई र ज्यालामजदुरीलाई संगै लगेको पाइन्छ ।

घरपरिवारमा नेतृत्वको आधारमा महिलाहरूको अवस्थालाई हेर्दा पितृसत्तात्मक सामाजिक परिवेश, घरपरिवारको सोचाई शिक्षा जस्ता कुराले पारिवारिक निर्णयमा प्रभाव पार्ने हुँदा जुन परिवारमा शिक्षाको अवस्था राम्रो छ  परिवार शिक्षित छ त्यस्तो परिवारमा महिलाले पनि नेतृत्वदायी अथवा पारिवारिक कारोबारमा निर्णायक भूमिका खेलेको पाइयो भने पारिवारिक अर्थात महिलाप्रतिको प्ररम्परागत सोचाई भएका परिवारमा महिलाको नेतृत्वदायी भूमिका नभएको पाईयो जुन तल तालिकामा देखाइएको छ ।

तालिका ८

**घरपरिवारमा नेतृत्वको आधारमा महिलाको वर्गीकरण**

| **क्र.सं.** | **नेतृत्वदायी भूमिका भएको/नभएको** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | घरपरिवारमा नेतृत्व भएको( निर्णायक) | २३ | ४५.१० |
| २ | घरपरिवारमा नेतृत्व नभएको (अनिर्णायक) | २८ | ५४.९० |
| ३ | **जम्मा** | **५१** | **१००** |

*श्रोत: स्थलगत सर्वेक्षण २०६५।*

अन्तरवार्तामा सहभागी उतरदाताहरू मध्ये ५४.९० प्रतिशत महिलाहरूको घरपरिवारमा नेतृत्व नभएको वा घरपरिवारको निर्णायक कारोवार पुरुषले नै गर्ने गरेको वताए भने ४५.१० प्रतिशत महिलाहरूको घरपरिवारमा  नेतृत्व भएको वा घरपरिवारको निर्णायक कारोवारमा आफ्नो भूमिका रहेको वताए । यसले के देखाउछ भने  संविधानसभामा प्रतिनिधित्व

गर्ने महिलाहरू अरु साधरण महिलाहरू भन्दा शिक्षित, सामाजिक क्षेत्रमा पुरुष सरह काम गरेका, सामाजिक क्षेत्रमा पुरुष सरह निर्णय गर्ने, राजनैतिक क्षेत्रमा पुरुष सरह भूमिका खेलेका महिलाहरूको घरपरिवारमा नेतृत्वको भूमिका त कम छ भने अरु साधारण महिलाहरूको पारिवारिक कारोवारमा निर्णायक भूमिका नै छैन भन्न सकिन्छ ।

## ४.३ साँस्कृतिक अवस्था

नेपाली समाजमा हिन्दु धर्म र सस्कृति पितृसत्तात्मक दमन दर्शनको रुपमा रहेको छ र नेपालको संविधानले नेपाललाई एक हिन्दु राष्ट्रकोरुपमा लिएको छ । सयौ वर्षदेखि चल्दै आएको हिन्दु धर्म र यसै संग सम्बन्धित सस्कृति, मुल्य, मान्यताले समाजमा जरा गाडेर वसेको छ । हिन्दु धर्म अनुसार "छोराको जन्मले स्वर्गको ढोका खोल्छ" "छोरीहरू जन्मदै विनासकारी भाग्य लिएर भाएका हुन्छन," यस्ता प्रकारका गलत सोचाइहरू हिन्दु समाजमा प्रशस्त छन् । जहाँ यस्ता सोचाईहरू व्याप्त छन, त्यहाँ महिलाहरूको स्थितिको वारेमा स्वत अनुमान गर्न सकिन्छ कि, उनीहरू दविएर-पिल्सिएर रहेका छन् । (पोखरेल२०६०) नेपाल बहुसांस्कृतिक, बहुधार्मिक तथा बहुभाषिक देश यहाँ विभिन्न समुदायका मानिसहरू बस्दछन् । त्यसैले संविधानसभामा प्रतिनिधित्व गर्ने महिलाहरू पनि विभिन्न सास्कृतिक परिभेषबाट आएका छन् । नेपाली समाजमा विद्यमान धर्म अनुसार मानिसहरूले आफ्नो धार्मिक आस्थाका आधारमा विभिन्न चाडपर्व मनाउछन् । विगतमा नेपाल हिन्दु राष्ट्र भएता पनि २०६३ सालको अन्तरिम संविधानले नेपाललाई धर्म निरपेक्ष राष्ट्रको रुपमा विश्व सामु परिचित गराईसकेको छ ।

तालिका ९

**धर्मको आधारमा महिला सभासदको वर्गिकरण**

| क्र. स. | धर्म | संख्या | प्रीतिशत |
|---|---|---|---|
| १ | हिन्दु | ४६ | ९०. १९ |
| २ | बौद्ध | ४ | ७ . ८ |
| ३ | मुस्लिम | १ | १ .९६ |
| ४ | जम्मा | ५१ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण २०६५।*

अन्तरवार्तामा सहभागी उतरदाताहरू मध्ये संविधान सभामा प्रतिनिधित्व गर्ने ९०.१९ प्रतिशत महिलाहरू हिन्दु धर्ममा विश्वास राख्छन् । त्यस्तै ७.८ प्रतिशत महिलाहरू बौद्व धर्ममा विश्वास राख्छन जुन नेपालको दोस्रो ठूलो धर्म हो भने १.९६ प्रतिशत महिलाहरू मुस्लिम धर्ममा विश्वास राख्छन् ।

संविधानसभामा प्रतिनिधित्व गर्ने महिला अधिकांश रुपमा हिन्दु धर्ममा आस्था राख्ने भएकाले महिलाको हिन्दु परम्पराअनुसार तीजलाई महिलाको छुट्टै चाडको रुपमा लिनै गरेको पाइयो त्यस्तै नेपाली समाजको परम्परा अनुसार समाजमा मागि विबाह बढि प्रचलनमा आउने गरेको भनाइ छनौटमा परेका महिला सभासदको रहेको छ ।

## ४. ४ राजनैतिक अवस्था

नेपालमा महिलाहरूको राजनैतिक अबस्थाको बारेमा अन्तवार्तामा सहभागी महिलाहरूले नेपालमा महिलाहरूमा राजनैतिक चेतनाको अभाव भएको, घरपरिवारको बिरोध, सामाजिक अवरोध, जस्ता विविध समस्याका कारणले नेपाली महिला राजनीतिमा आउन चाहाँदा-चाहँदै पनि बाधा पुगेको बताए । तथापि अहिले संविधान सभामा प्रत्यक्ष र समानुपातिक गरि करिब ३३ प्रतिशत महिला संविधानसभामा प्रतिनिधीत्व गर्न पुगेका छन् । जुन बिगतमा संसदीय निर्वाचन महिला प्रतिनिधित्वको तुलनामा निकै अगाडी छ । सावित्रा गुरुङ दुरा, शुशिला भन्दञ्वा र बिण्णु स्याङपाङ नेपालमा महिलाहरूमा राजनैतिक अवस्था निकै दयनीय रहेको यसका लागि राजनैतिक पार्टिले नेपाली महिलालाई राजनैतिक क्षेत्रमा अगाडि बढाउन राजनैतिक नेतृत्वमा महिलालाई निणार्यक भूमिका दिनुपर्ने राजनैतिक प्रशिक्षण विशेष गरेर ग्रामीण तहमा सञ्चालन गर्नुपर्ने र शिक्षामा महिलालाई अगाडि बढाउनु पर्नेजस्ता कुराहरू उठाएका छन् । त्यस्तै नेपालमा महिलाको राजनैतिक अवस्था कमजोर हुनुमा महिला आफैपनि हुन भन्ने उत्तर समूहगत छलफलमा सभासद बिमला के. सी. ले बताइन किन भने नेपाली महिलाले राजनीतिलाई फोहरि खेलको रुपमा बुझ्ने गरेको बताईन । जसलाई हटाउन महिलालाई राजनैतिक प्रशिक्षण दिनु पर्ने उनको ठहर छ ।

व्यक्तिगत अन्तवार्तामा सहभागी कतिपय महिलाहरूले घरपरिवारको सहयोगात्मक भूमिका रहँदा रहँदै पनि नारी अस्मिताप्रति बढी सवेदनशील भएको अनूभव व्यक्त गरे जसले

गर्दा राजनैतिक क्षेत्रमा लाग्न अप्ठयारो परेको अनुभव बताए । किनभने सामाजिक संरचना अनूसार छोरी राजनीतिमा लागेको भन्दा पनि अस्मिता रक्षा गर्न सक्छौ की सक्दैनौ भन्ने जस्ता चिन्ताले अभिभावकहरू चिन्तित गर्ने गरेको कुराले पनि सभासदहरूले बताए ।

नेपालमा महिलाहरूको राजनैतिक अवस्था बिगतको संसदीय निर्वाचनमा भन्दा अहिलेको संविधानसभामा महिलाको प्रतिनिधित्व बढदो छ । यसलाई कायम राख्दै जनसंख्याको आधारमा महिला प्रतिनिधित्व बढाउनु पर्छ । जुन अहिलेको समयको माग पनि हो ।

**तालिका. न १०**

**संविधानसभा २०६४ को दलगत महिला उम्मेदवार संख्या र प्रतिशत**

| क्र .स | राजनैतिक दल | पु.स | म. स | जम्मा | म.प्र |
|---|---|---|---|---|---|
| १ | नेपाल कम्युनिष्ट पार्टी माओवादी | १९८ | ४२ | २४० | १७.५ |
| २ | नेपाली कांग्रेस | २१४ | २६ | २४० | १०.८ |
| ३ | नेपाल कम्युनिष्ट पार्टी एमाले | २१२ | २७ | २३९ | ११.२९ |
| ४ | मधेशी जनअधिकार फोरम | १०० | ३ | १०३ | २.९ |
| ५ | तराई मधेश लोकतान्त्रीक पार्टी | ९० | ४ | ९४ | ४.२५ |
| ६ | राष्टिय प्रजातन्त्र पार्टी | २१० | २२ | २३२ | ९.४८ |
| ७ | नेपाल कम्युनिष्टपार्टी (माले) | १०५ | ११ | ११६ | ९.४८ |
| ८ | जनमोर्चा नेपाल | १७५ | २८ | २०३ | १३.७९ |
| ९ | नेपाल कम्युनिष्टपार्टी (सयुक्त) | ४९ | ६ | ५५ | १०.९० |
| १० | सदभावना पार्टी | ८३ | ४ | ८७ | .४.५९ |
| ११ | राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल | १९६ | ८ | २०४ | ३.९२ |
| १२ | राष्ट्रिय  जनशक्ति पार्टी | १८४ | १४ | १९८ | ३७.३७ |
| १३ | राष्ट्रिय जनमोर्चा | १०७ | १५ | १२२ | १२.२९ |
| १४ | नेपाल मजदुर किसान पार्टी | ७१ | २७ | ९८ | २७.५५ |
| १५ | नेपाल कम्युनिष्टपार्टी एकीकृत | १२६ | १० | १३६ | ७.३६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | राष्ट्रिय जनमुक्तिपार्टी | ७६ | ८ | ८४ | ९.५२ |
| १७ | नेपाल सदभावना पार्टी -आनन्द देवी) | ९१ | १३ | १०४ | १२.५ |
| १८ | नेपाली जनतादल | ३० | १० | ४० | २५ |
| १९ | संघिय लोकतान्त्रीक राष्ट्रियमञ्च | ४३ | २ | ४५ | ४.४४ |
| २० | नेपाल परिवार दल | ३३ | २ | ३५ | ५.७१ |
| २१ | नेपाल लोकतान्त्रीक समाजवादी दल | ११ | ० | ११ | ० |
| २२ | चुरेभावर राष्ट्रिय एकता पार्टी, नेपाल | २१ | १ | २२ | ४.५ |
| २३ | समाजवादी प्रजातन्त्र पार्टी, नेपाल | ४३ | ७ | ५० | १४ |
| २४ | नेपाल राष्ट्रिय पार्टी | ५ | १ | ६ | १६.६६ |
| २५ | दलित जनजाति पार्टी | ४९ | १ | ५० | २ |
| २७ | लोक कल्याणकारी जनता पार्टी नेपाल | ३२ | २ | ३४ | ५.८८ |
| २८ | नेपाल कम्यूनिष्ट पार्टी (संयुक्त मार्क्सवादी) | ४३ | ५ | ४ | |
| २९ | नेपाल जनता पार्टी | २३ | २ | २५ | ८ |
| ३० | ताम्लिङ नेपाल राष्ट्रिय दल | १९ | ३ | २२ | १३.६३ |
| ३१ | मुस्कान सेना नेपाल पार्टी | ३२ | २ | ३४ | ५.८८ |
| ३२ | नेपाल सुकूम्मवासी पार्टि | ८ | ३ | ११ | २७.२७ |
| ३३ | नवजनवादी मोर्चा | १४ | १ | १५ | ६.६६ |
| ३४ | शान्ति पार्टी नेपाल | ८ | ४ | १२ | ३३.३३ |
| ३५ | स-शक्ति नेपाल | ० | ६ | ६ | १०० |
| २६ | राष्ट्रवादी युवा मोर्चा | ४ | १ | ५ | २० |
| ३७ | नेपाल समता पार्टी | १२ | २ | १४ | १४.२८ |
| ३८ | नेपाल राष्ट्रिय लोकतान्तिक दल | १ | २ | ३ | ६६.६६ |
| ३९ | नेपाल शान्ति क्षेत्र परिषद् | २ | १ | ३ | ३३.३३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४० | राष्ट्रवादी एकता पार्टी | ० | २ | २ | १०० |
| ४१ | स्वतन्त्र | ७७४ | ४२ | ८१६ | ५.१४ |
| | **जम्मा** | **३५७८** | **३६८** | **३९४६** | |

*स्रोतः संसद सचिवालय र निर्वाचन आयोग २०६५।*

माथिको तालिकामा देखाइए अनूसार नेपालमा महिलाहरूको राजनैतिक क्षेत्रमा सहभागिता बढेको पाइन्छ । २०५६ मा महिला उम्मेदवार संख्या जम्मा १४२ थियो भने २०६४ मा जम्मा ३६८ जना नेपाली महिलाहरूले उम्मेदवारी दिएका थिए । यसो हुनुमा २०६३ को अन्तरिम संविधानले ३३ प्रतिशत महिलालाई ग्यारेन्टी गर्नू पनि हो भने अर्को पक्ष नेपाली महिलाहरूमा आएको राजनैतिक चेतना पनि एक हो । नेपाली महिलाहरूको राजनैतिक क्षेत्रमा लाग्नेबढ्दो चाहना पनि लिन सकिन्छ भने माओवादीको महिला सम्बन्धि एजेण्डा पनि हो ।

**तालिका.न ११**

**पार्टीगत महिला उम्मेदवारी आम निर्वाचन २०५६**

| **पार्टी** | **महिला** | **पुरुष** | **जम्मा** | **महिला प्रतिशत** |
|---|---|---|---|---|
| नेपालि कांग्रेस | १४ | १९१ | २०५ | ६.८३ |
| एमाले | १२ | १८३ | १९५ | ६.१५ |
| रा.प्र.पा | १४ | १८१ | १९७ | ७.१९ |
| रा.प्र.पा (चन्द) | १२ | १७२ | १८४ | ६.५२ |
| माले | ११ | १८६ | १९७ | ५.५८ |
| ने.स.प. | ५ | ७३ | ६८ | ७.३५ |
| अन्य बाम | १७ | १६७ | १८४ | ९.२० |
| अन्य | ५२ | ९९६ | ९९३ | ५.७४ |
| **जम्मा** | **१४२** | **२०८१** | **२२२३** | **६.३९** |

*स्रोतः संसद सचिवालय र निर्वाचन आयोग २०६५।*

माथिको तालिकामा २०५६ सालको आम निर्वाचनमा महिला उम्मेदवारीको प्रतिशतको तुलनामा अहिले अर्थात २०६४ मा भएको संविधानसभा निर्वाचनमा ३३% महिला सहभागि

छन् । जसबाट के स्पण्ट हुन्छ भने बिगतको तुलनामा महिलाहरूको राजनैतिक अवस्थामा केहि सुधार आएको तालिकाबाट पनि स्पष्ट हुन आउँछ ।

पार्टीगत महिला उम्मेदवारि संविधानसभा निर्वाचन २०६४ माथिको तालिकामा देखाए अनुसार महिलाहरूको संविधानसभा निर्वाचनमा भएको प्रतिनिधित्वबाट पनि समूहगत छलफलमा महिलाहरूको राजनैतिक अवस्थामा केहि सुधार आएको भन्ने सभासदहरूको भनाई प्रमाणित हुन आउछ ।

### ४.५ शैक्षिक अवस्था

अन्तवार्तामा सभासदहरूले नेपाली समाजमा सामन्ति पितृसत्तात्मक विचारबाट अभिप्रेरित भएकाले छोरी अर्काको घरमा जाने जात भएकाले उनीहरूका लागि सम्पत्ति खर्च गर्नु त्यती मानसीव होईन भन्ने धारणा ग्रामीण सभासभा (विशेष गरेर सुदूर-पश्चिम) विधमान रहेकोले महिलाको शैक्षिक स्तर उकास्न गाऱ्हो परेको बताईन, महिलाको शैक्षिक स्तर र अवसरको कमीले पनि महिलाहरू नीतिनिर्माण र निर्णय गर्ने क्षेत्रमा पुग्न सकेका छैनन् ।

अर्न्तवार्तामा महिला सभासद् विमला के.सी का अनुसार अशिक्षाको कारण महिलाहरू पुरुषमा निर्भर रहनु हो । शहरी क्षेत्रका महिलाको शैक्षिक स्तरमा बृद्धि भएता पनि ग्रामीण समाजमा छोरीलाई अझै पनी उसको पढ्न पाउने अधिकारबाट बन्चित गराईने धारणा राख्नु भयो । त्यस्तै अर्की सभासद सीता गुरुङले हाम्रो जस्तो रूढीवादी परम्पराबाट ग्रसित समाजमा छोरीलाई पढाउन हुँदैन भन्ने मान्यतालाई विस्तारै तोडिदै त आएको छ, तर यसलाई जनचेतनाको माध्यमबाट छोरी पनि पढेर केही गर्न सक्छन् छोरा सरह छोरीलाई शिक्षा दिनु अनिवार्य छ भन्ने धारणाको विकास गराउनु पर्दछ ।

त्यस्तै छलफलमा सहभागी सभासद् सावि गुरुङका अनुसार विगत १०–१२ वर्षको अवधिमा भएता पनि जनसंख्याको आधारमा जति महिला शिक्षित हुनुपर्ने हो, त्यती भएका छैनन् । यसका लागि अब बन्ने संविधानमा महिलालाई निःशुल्क शिक्षाको व्यवस्था गरिनु पर्ने, महिलाको शैक्षिक गुणस्तरमा वृद्धि गरिनु पर्ने, शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापित

गराउनु सकेमा मात्र नेपाली महिलाको शैक्षिक अवस्थामा सुधार आउन सक्ने धारणा राख्नु भयो ।

**तलिका.न १२**

**सविधान सभामा सहभागी महिलाहरूको शैक्षिक स्तर**

| **शैक्षिक स्तर** | **सख्या** | **प्रतिशत** |
|---|---|---|
| नि.मा. वी | ८ | १५.६८ |
| एस.एल.सी | ३२ | ६२.७४ |
| प्रमाण प्रत्र तह | ७ | १३.७२ |
| स्नातक तह | ४ | ७.८४ |
| **जम्मा** | **५१** | **१००** |

*श्रोतः स्थलगत सर्वेक्षण २०६५।*

अन्तरवार्तामा सहभागी उतरदाताहरू मध्ये संविधानसभामा प्रतिनिधित्व गर्ने १५.६८ प्रतिशत महिलाहरूेको शैक्षिक स्तर नि. मा. वि सम्मको मात्र शिक्षा लिएको पाइयो यसो हुनुमा महिलाहरूेको छिटो विवाह, सामन्ती पितृसतात्मक विचार, छोरी अर्काको घरमा जाने जात भएकाले उनीहरूका लागि सम्पत्ति खर्च गर्नु त्यती मनासीव होईन भन्ने धारणा रहेको कारणले उच्च शिक्षा लिन नपाएको वताए भने माओवादी महिलाहरूले द्वन्द कालमा भूमिगत रहनु परेको कारणले पनि उच्च शिक्षा लिन नपाएको बताउँछन् । त्यस्तै ६२.७४ प्रतिशत महिलाहरूको शैक्षिक स्तर एस.एल .सी सम्मको मात्र शिक्षा लिएको पाइयो भने १३.७२ प्रतिशत महिलाहरूेको शैक्षिक स्तर प्रमाण प्रत्र तह सम्मको मात्र शिक्षा लिएको पाइयो जुन महिलाहरू शहरी पृष्ठभुमि वाट आएका छन, तिनिहरूले भने स्नातक तहसम्मकोअध्ययन गरेका छन, । जुन ७.८४ प्रतिशत महिलाहरूेछन । त्यसैले पुरुष सभासदको तुलनामा महिला सभासदको शैक्षिक अबस्था कमजोर  छ भन्न सकिन्छ भने यसले समग्र महिलाको शैक्षिक अबस्था  पुरुषको  तुलनामा कमजोर अबस्था देखाउछ ।

### ४.६ प्रशासनिक अवस्थाः-

नेपालमा महिलाहरूको प्रशासनिक अवस्थाको बारेमा गराइएको समूहगत छलफलमा उत्तरदाता विमला के.सी., सविता गुरुङ, गायत्री शाह, शारदा नेपाली, लगायतका सभासदले नेपाली समाज र संस्कृतिको संरचना पितृसतात्मक मूल्यमा आधारित भएको हुनाले नेपाली महिलालाई घर बाहिर आउने खालको सहज बातावरण बन्न सकेको पाइदैन भने घरमा पनि महिलाको स्थिति दविएको अवस्थामा पाईन्छ । नेपाली समाजको संस्कृति कानून परम्परा धारणा आदिले महिलालाई सार्वजनिक जीवनमा स्वन्त्रत रुपमा आउन प्रतिवन्ध लगाएर प्राइभेट सेक्टरमा मात्र सिमित गराइएको छ भने धाराणा राखे । त्यस्तै छलफलमा सहभागी महिला सभासदहरूका अनुसार महिला कर्मचारले गरेको निर्णयको कम सुनवाई हुने, महिला कर्मचारीलाई महिला हुनाकै कारणले विकासको राम्रो अवसरबाट सकेसम्म बञ्चित गर्ने जस्ता कारणले पनि नेपालमा महिलाहरूको प्रशासनिक क्षेमा कम उपस्थिति रहेको बताए । त्यस्तै साधन श्रोतसम्मको पहुचबाट टाढा राख्ने र पुरुष कर्मचारीले कार्यालयमा पनि पुरुष प्रधान मानसिकता छाड्न नचाहने समस्या मुख्य रुपमा आएका छन् । यस बाहेक क्षमता हुदा हुँदै पनि रातको समयमा काम गर्नु पर्दा सवारी साधन नभएर काम गर्न असमर्थ हुने र महिलाको हक हितसम्बन्धी बिषयमा छलफल हुंदा पुरुषको हुलमा महिला थोरै भएर खुलस्त कुरा राख्न गाह्रो हुने र राखिहाले पनि अल्पमतमा पारिने र सही प्रस्ताव पनि स्वीकृत नहुने जस्ता समस्या पनि महिला कर्मचारीले भोग्नु परेको कारणले पनि नेपालमा महिलाहरूको प्रशासनिक क्षेत्रमा संलग्नता कम भएको सभासदहरूको भनाईछ ।

त्यस्तै अब बन्ने संविधानमा महिलाको प्रशासनिक अवस्थामा कस्तो सुधार गरिनेछ भनी प्रश्नदाताले राखेको प्रश्नमा सभासदहरूले नयाँ संविधान लेखिदा निजामती सेवामा महिलाको समानुपातिक पहुंच सम्भव बनाउनका लागि वर्तमान आरक्षण व्यवस्थालाई बदल्न र समानुपातिक बनाउन जरुरी छ । संविधानमै प्रष्ट व्यवस्था गरेर जनसंख्याको आधा हिस्सा ओगटेको महिलाको राज्य संयन्त्रमा र राज्यको हरेक अंङ्गमा पनि आधा हिस्सामा पहुंच र प्रतिनिधित्व सम्भव बनाउनुपर्छ । महिला शिक्षामा प्राथमिक जोड दिई महिलाहरूलाई विश्वविद्यालय स्तरसम्म निःशुल्क शिक्षा दिइने कानूनी प्रबन्ध नयाँ संविधानमा गरिनु पर्छ । घरेलु कामको बाँडफाँडमा रहेको लैगिंक विभेद हटाउनुपर्छ । महिलामा मात्र सिमित घरायसी

बोझलाई पुरुषले पनि समान रुपमा बहन गर्नुपर्छ । संबैधानिक व्यवस्था र कानून बनाउनु पर्छ । आरक्षणबाट निजामती सेवामा भएका महिलालाई पुरुष सरह रुपमा बनाउन राज्यको तर्फबाट विशेष तालिमको व्यवस्था गर्नुपर्छ । त्यस्तै पुरुष कर्मचारी सरह महिला कर्मचारीलाई पनि विकासका सबै अवसरमा वृत्तिविकासमा र सबै कृयाकलापमा समान रूपमा सहभागी गराउने नयाँ नीति-नियम तर्जुमा हुनुपर्छ । तब मात्र प्रशासनिक क्षेत्रमा महिलाको पहुँचमा बृद्धि गर्न सकिने छलफलमा सहभागी महिला सभासदहरूको छ ।

माथि उल्लेखित भनाई अनुसार नेपालमा महिलाहरूको सार्वजनिक क्षेत्रमा पहुँच न्युन छ । जुन कुरा तल प्रस्तुत तालिकाबाट स्पष्ट हुन्छ ।

**तालिका नं.१३**

**निजामती सेवामा महिला र पुरुष सहभागिताको तुलनात्मक स्थितिः**

| क्र.सं. | श्रेणी | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | राजपत्रांकित | ७९५३ | ९४.८६ | ४३१ | ५.१४ | ८३८४ | १०.५३ |
| | विशिष्ट श्रेणी | ४३ | ९७.७३ | १ | २.२७ | ४४ | ०.०६ |
| | रा.प.प्रथम | २७६ | ९६.८४ | ९ | ३.१६ | २८५ | ०.३६ |
| | रा.प.द्वितीय | १७११ | ९६.२९ | ६६ | ३.७१ | १७७७ | २.२३ |
| | रा.प.तृतीय | ५९२३ | ९४.३५ | ३५५ | ५.६५ | ६२७८ | ७.८८ |
| | राजपत्र अनंकित | ३९३२ | ८५.३३ | ६७६९ | १४.६७ | ४६१३१ | ५७.९२ |
| | रा.प.अं.प्रथम | १२४२३ | ९८.३७ | १४७८ | १०.६३ | १३९०१ | १७.४५ |
| | रा.प.अं.द्वितीय | १७०९५ | ८८.६३ | २१९२ | ११.३७ | १९२८७ | २४.२२ |
| | रा.प.अं.तृतीय | ८५११ | ७३.८८ | ३०३७ | २६.१२ | ११६२८ | १४.६० |
| | रा.प.अं.चतुर्थ | १२५३ | ९५.२९ | ६२ | ४.७१ | १३१५ | १.६५ |
| | श्रेणी विहिन पाँचौ | २३५७२ | ९५.८१ | १५५५ | ६.१९ | २५१२७ | ३१.५५ |
| | जम्मा | ७०८८७ | ८९.०१ | ८७५५ | १०.९९ | ७९६४२ | १०० |

*स्रोत निजामती किताबखाना २०६५ जेठ*

माथिको तालिकामा देखाए अनुसार राजपत्रांकितमा ९४.८६ प्रतिशत पुरुष निजामती सेवामा लाग्दा जम्मा ५.१४ प्रतिशत महिलाहरूको सहभागिता देखिन्छ । त्यस्तै विशिष्ट श्रेणीमा ९७.७३ प्रतिशत पुरुषको सहभागिता हुँदा २.२७ प्रतिशत महिलाहरूको सहभागिता देखिन्छ अर्को पक्षमा निजामती सेवाको माथिल्लो श्रेणीमा महिलाहरूको सहभागिता न्युन देखिन्छ । भने निजामती सेवाको तल्लो श्रेणीमा महिलाहरूको सहभागितामा केही वृद्धि भएको देखिन्छ । यसो हूनुमा महिलाहरूलाई अवसर नदिइनु , महिलाहरूलाई उच्च शिक्षा वाट वन्चित गराउनु, त्यस्तै महिलाहरूलाई श्रोत र साधनवाट टाढा राख्ने जस्ता कारणले पनि महिलाहरूको प्रशासनीक क्षेत्रमा कम सहभागिता भएको देखिन्छ ।

# पाचौ अध्याय

## महिला सहभागिता

### संविधानसभामा महिला सहभागिता

संविधानसभामा महिला सहभागिताको कुरा गर्दा यस अघि भएको संसदीय निर्वाचनमा उनीहरूका उम्मेदवारी र निर्वाचित हुन सकेको अवस्थामा केन्द्रीत रहेर विश्लेषण गर्नुपर्ने हुन्छ । नेपालको पहिलो संसदीय निर्वाचन २०१५ मा नेपाली कांग्रेसकी द्वारिकादेवि ठकुरानी निर्वाचित भएकी थिईन् र उनलाई मन्त्री परिषद्मा पनि समाबेश गराईएको थियो । २०१७ साल पछिको पञ्चायत कालमा राण्ट्रिय पञ्चायत सदस्यमा केही महिला आएका थिए तर उनीहरू जनताबाट प्रत्यक्ष निर्वाचन भन्दा उनीहरूको शैक्षिक राजनैतिक व्यक्तित्व, जात, धर्म र क्षेत्रको हिसाबले मनोनयन गरिइएको पाईन्छ । त्यस्तै २०४६ सालमा प्रजातन्त्र पुर्नस्थापना पछि बनेको संविधानले पनि महिलाहरूका न्यूनतम सहभागितालाई प्रोत्साहित गरेको थियो तर २०६३ सालमा राजनैतिक दलबाट निर्माण गरिएको अन्तरिम संविधानले भने न्यूनतम ३३% महिला सहभागितालाई ग्यारेन्टी गरिदिएको छ ।

अन्तरिम संविधान २०६३ ले महिला वर्गको उत्थानको लागि केही व्यवस्था गरेको पाइन्छ संविधानले राज्यको हरेक क्षेत्रमा ३३% महिलाहरूको अनिवार्य उपस्थितिको व्यवस्था गरेको छ । तर पनि लोकतान्त्रिक संविधान लागू भईसक्दा पनि अपेक्षाकृत रूपमा महिलाहरू देशको मुल कानुन अर्थात नीतिनिर्माण तहमा आउन सकेको पाइदैन । राष्ट्रिय राजनीतिमा महिलाको जस्तो योगदान छ र उनिहरूले जस्तो क्षमता राख्न सक्छन त्यस अनुसार नीति निर्माण गर्ने, नेतृत्व बहन गर्ने, कानुन बनाउने जिम्मेवारी नपाएको स्पण्ट देखिन्छ । प्रजातन्त्र स्थापना, पुर्नस्थापना लगाएतका थुप्रै राजनैतिक क्रान्तिमा महिलाहरूले सशक्त भूमिका निर्वाह गरेका छन् तर महिलाको योगदानको कदर हुन सकेको छैन् ।

### ५. १ संविधानसभामा निर्वाचित विभिन्न राजनीतिक पार्टीको स्थिति

संविधानसभा मुलुकको संविधान वनाउने प्रमुख व्यवस्थाको सभामा रहेको छ । जनतावाट प्रत्यक्ष र समानुपातिक तर्फवाट गरि निर्वाचित भएका विभिन्न पार्टी र स्वतन्त्र

समेत गरी संविधानसभामा जम्मा ६०१ जना सदस्यहरू छन । संविधानले प्रत्येक निर्वाचन क्षेत्र नं. बाट कम्तिमा एक जना उम्मेदवार निर्वाचित हुने गरी जनसंख्याको आधारमा संविधानसभाको सदस्यमा निर्वाचित हुने व्यवस्था गरेको थियो । संविधानसभा सदस्य निर्वाचनमा निर्वाचन आयोगवाट मान्यता प्राप्त राजनैतिक दलहरूले उम्मेदवारी दिएर निर्वाचन हुने गर्दछन । जुन तल तालिकामा देखाइएको छ ।

तालिका १४

**संविधानसभा सदस्य निर्वाचन २०६४ मा संविधानसभामा निर्वाचित विभिन्न राजनीतिक पार्टीको स्थिति**

| क.स्र | राजनीतिक पार्टी | संविधानसभामा निर्वाचित सदस्य संख्या |
|---|---|---|
| १ | नेपाल कम्युनिष्ट पार्टी माओवादी | २२० |
| २ | नेपाली कांग्रेस | ११० |
| ३ | नेपाल कम्युनिष्ट पार्टी एमाले | १०३ |
| ४ | मधेशी जनअधिकार फोरम | ५२ |
| ५ | तराई मधेश लोकतान्त्रीक पार्टी | २० |
| ६ | राष्टिय  जनशक्ति पार्टी | ३ |
| ७ | नेपाल कम्युनिष्ट पार्टी (माले) | ८ |
| ८ | जनमोर्चा नेपाल | ७ |
| ९ | नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) | ५ |
| १० | सद्भावना पार्टी | ९ |
| ११ | राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल | ४ |
| १२ | राष्टिय प्रजातन्त्र पार्टी | ८ |
| १३ | राष्टिय जनमोर्चा | ४ |
| १४ | नेपाल मजदुर किसान पार्टी | ४ |
| १५ | नेपाल कम्युनिष्ट पार्टी एकीकृत | २ |
| १६ | राष्टिय जनमुक्ति पार्टी | २ |

| | | |
|---|---|---|
| १७ | नेपाल सद्भावना पार्टी (आनन्द देवी) | २ |
| १८ | नेपाली जनतादल | ३ |
| १९ | संघिय लोकतान्त्रीक राष्ट्रियमञ्च | २ |
| २० | नेपाल परिवार दल | १ |
| २१ | नेपाल लोकतान्त्रीक समाजवादी दल | १ |
| २२ | चुरेभावर राष्ट्रिय एकता पार्टी, नेपाल | १ |
| २३ | समाजवादी प्रजातन्त्र पार्टी, नेपाल | १ |
| २४ | नेपाल राष्ट्रिय पार्टी | १ |
| २५ | दलित जनजाति पार्टी | १ |
| २६ | स्वतन्त्र | २ |
| २७ | मनोनित | २६ |
| **२८** | **जम्मा** | **६०१** |

*श्रोतः- संसद सचिवालय र निर्वाचन आयोग २०६५।*

बाह्रवर्ष लामो सशक्त जनयुद्ध र १७ दिने लामो जनआनदोलन पछि प्राप्त अधिकारको आधारमा भएको सविधानसभा सदसय निर्वाचनमा समानुपातिक र प्रत्यक्ष तर्फ गरी जम्मा ६०१ जना सदस्य निर्वाचित भएका छन् जसमा पहिलो स्थान हासिल गर्ने नेकपा माओवादी जम्मा २२० सिट, नेपाली काग्रेसले ११० सिट गरी कमश २६ वटा राजनैतिक पार्टीहरू (समानुपातिक र प्रत्यक्ष गरी) छन् ।

संविधानसभा सदस्य निर्वाचनमा कम्तीमा ३ प्रतिशत मत प्राप्त गर्ने पार्टीले मात्र राष्ट्रिय पार्टीको मान्यता पाउने व्यवस्था रहेको छ । नेकपा माओवादीले प्रत्यक्ष निर्वाचनमा जम्मा २४० उम्मेदवार उठाएको थियो २४० मध्ये १२० वा ५० प्रतिशत शिट प्रत्यक्ष निर्वाचनमा प्राप्त गरेको थियो भने समानुपातिकतिर कूल ३३३ उम्मेदवार उठाएको थियो । जसमा प्राप्त गरेको मतको आधारमा सिट निर्धारण हुने गर्छ । समानुपातिकमा माओवादीले ३१४४२०४ मत प्राप्त गरेको थियो । जुन २९.२८ प्रतिशत छ, जसबाट समानुपातिकमा माओवादी ले १०० सिट प्राप्त गरेको थियो । नेपाली काग्रेसले ११० सिट प्राप्त गरेका थियो नेपाली काग्रेसले प्रत्यक्ष निर्वाचनमा २४० उम्मेदवार उठाएको थियो । २४० मध्ये ३७ सिट

प्राप्त गरेको थियो भने समानुपातिक तिर कूल ३२९ उम्मेदवार उठाएको थियो । ३२९ मध्ये ७३ सिट प्राप्त गरेको थियो भने २२६९८८३ मत प्राप्त गरेका थियो जुन २१.१४ प्रतिशत छ, यही आधारमा सम्पूर्ण राजनीति पार्टीको सिट निर्धारण भएको पाइन्छ । (निर्वाचन आयोग २०६५।)

## ५.२ संविधानसभामा महिला सभासद

नेपालको सन्दर्भमा भन्नुपर्दा पहिलो पटक भएको संविधानसभाको निर्वाचनमा प्रत्येक पार्टीबाट उठाइएका महिला सभासदहरू जम्मा लगभग ३३ प्रतिशत महिला समानुपातिक र प्रत्यक्ष तर्फ गरी भएका छन् । निवर्तमान प्रतिनिधि  सभामा २०५६ मा ६.३९ प्रतिशत महिला उम्मेदवार निर्वाचित भएका थिए । नेपाल अधिराज्यको संविधान २०४८ मा प्रतिनिधि सभा निर्वाचनमा राजनैतिक पार्टीहरूको कम्तिमा ५ प्रतिशत महिला उम्मेदवार प्रस्ताव थियो त्यही संवैधानिक प्रावधान अनुसार पार्टीहरूले उठाइएको महिला उम्मेदवारहरू मध्येवाट १२ जना उम्मेदवार हुन सकेका थिए । आम निर्वाचन २०५६ मा विभिन्न राजनीतिक पार्टीमा १४२ जना उम्मेदवार मध्येवाट १२ जना महिला निर्वाचित हुन सकेका थिए । तर वर्तमान अन्तरिम संविधान २०६३ ले संविधानसभा सदस्य निर्वाचनमा प्रत्येक पार्टीवाट कम्तीमा ३३ प्रतिशत महिला उठाउनु पर्ने संवैधानिक प्रावधान राखेको छ । जस अनुसार निर्वाचन आयोगवाट मान्यता प्राप्त दलहरूवाट उठाइएका महिला सभासदहरूवाट प्रत्यक्ष निर्वाचन प्राणी अर्न्तगत जम्मा २९ जना महिला निर्वाचित भएका छन् । जम्मा १३ प्रतिशत हुन आउँछ । तर पनि पार्टीगत महिला उम्मेदवार प्रत्यक्ष र समानुपातिक तर्फ गरी १९७ महिला सभासद निर्वाचित भएका छन ।

**तालिका १५**

**पार्टीगत महिला उम्मेदवारी संविधानसभा निर्वाचन-२०६४**

| क्र.सं. | राजनैतिक दल | महिला | पुरुष | जम्मा | महिला प्रतिशत |
|---|---|---|---|---|---|
| १. | नेपाल कम्युनिष्ट पार्टी माओवादी | ७७ | १४३ | २२० | ३५% |
| २. | नेपाली कांग्रेस | ३९ | ७१ | ११० | ३५.४५% |
| ३. | ने.क.पा. एमाले | ३८ | ६५ | १०३ | ३७% |
| ४. | मधेशी जनअधिकार फोरम | १३ | ३९ | ५२ | २५% |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | तराई मेधश लोकतान्त्रिक पार्टी | ६ | १४ | २० | ३०% |
| ६. | राष्ट्रिय प्रजातन्त्र पार्टी | ४ | ४ | ८ | ५०% |
| ७. | नेपाल कम्युनिष्ट पार्टी (माले) | ४ | ४ | ८ | ५०% |
| ८. | जनमोर्चा नेपाल | २ | ५ | ७ | २९% |
| ९. | नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) | २ | ३ | ५ | ६७% |
| १०. | सद्भावना पार्टी | २ | ७ | ९ | २२% |
| ११. | राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल | २ | २ | ४ | ५०% |
| १२. | राष्ट्रिय जनशक्ति पार्टी | १ | २ | ३ | ३३.३३% |
| १३. | राष्ट्रिय जनमोर्चा | १ | ३ | ४ | २५% |
| १४. | नेपाल मजदुर किसान पार्टी | १ | १ | ४ | २५% |
| १५. | नेपाल कम्युनिष्ट पार्टी एकीकृत | १ | १ | २ | ५०% |
| १६. | राष्ट्रिय जनमुक्ति पार्टी | १ | १ | २ | ५०% |
| १७. | नेपाल सद्भावना पार्टी (आनन्नदेवी) | १ | २ | २ | ५०% |
| १८. | नेपाल जनता दल | १ | १ | ३ | ३३% |
| १९. | संघिय लोकतान्त्रिक राष्ट्रिय मञ्च | १ | १ | २ | ५०% |
| २०. | नेपाल परिवार दल | – | १ | १ | – |
| २१. | संघिय लोकतान्त्रिक समाजवादी दल | | १ | १ | – |
| २२. | चुरेभावर राष्ट्रिय एकता पार्टी, नेपाल | | १ | १ | – |
| २३. | समाजवादी प्रजातन्त्र पार्टी, नेपाल | | १ | १ | – |
| २४. | नेकपा राष्ट्रिय पार्टी | | १ | १ | – |
| २५. | दलित जनजाति पार्टी | | १ | १ | – |
| २६. | स्वतन्त्र | | २ | २ | – |
| २७. | मनोनित | | २६ | २६ | – |
| | **जम्मा** | १९७ | ४०४ | ६०१ | |

*स्रोत: संसद सचिवालय र निर्वाचन आयोग २०६५।*

माथिको तालिकामा देखाइए अनुसार संविधानसभा निर्वाचन २०६४ मा अन्तरिम संविधान २०६३ ले दिएको कानुनी प्रावधान अनुसार प्रत्यक्ष र समानुपातिक तर्फ गरी जम्मा ३३ प्रतिशत महिला सभासद निर्वाचित भएका छन । निर्वाचन आयोगवाट मान्यता प्राप्त जम्मा २६ दलहरूवाट कमश नेकपा माओवादीवाट प्रत्यक्ष र समानुपातिक गरी निर्वाचन प्रणाली अर्न्तगत जम्मा ७७ महिला सभासद निर्वाचित भएका छन जुन नेकपा माओवादीको प्रत्यक्ष निर्वाचन प्रणाली अर्न्तगत ४२ उम्मेदवार उठाइएका थिए जुन १७.५ प्रतिशत हुन आउछ । ४२ जनामध्ये २३ जना प्रत्यक्ष निर्वाचन प्रणाली अर्न्तगत र ५४ जना समानुपातिक निर्वाचन प्रणाली अर्न्तगत गरी ७७ जना निर्वाचित भएका छन् । जुन जम्मा संविधानसभा सदस्यबाट ३५ प्रतिशत महिला सभासद हुन आउछ । यसरी नेपाली कांग्रेसले २६ जना महिला प्रत्यक्ष निर्वाचन प्रणाली अर्न्तगत उम्मेदवार उठाइएका थिए । जुन १० प्रतिशत हुन आउँछ २६ जना मध्ये २ जना प्रत्यक्ष निर्वाचन प्रणाली अर्न्तगत र ३७ जना समानुपातिक निर्वाचन प्रणाली अर्न्तगत गरी ३९ जना जुन ३५.४५ प्रतिशत हुन आउछ । यसैगरी कमश नेकपा एमाले ३८ जना महिला र ६५ जना पुरुष सभासद गरी जम्मा १०३ हुन आउँछ अर्थात जुन ३७ प्रतिशत हुन आउँछ । मधेशी जनअधिकार फोरमले १३ जना महिला र पुरुष ३९ जना सभासद गरी जम्मा ५२ निर्वाचित भएका छन् । जुन महिलाको २५ प्रतिशत हुन आउँछ । तराई मधेश लोकतान्त्रीकवाट जम्मा सदस्य संख्या २० बाट महिला सभासद ६ जना अर्थात ३० प्रतिशत त्यसैगरी कमश २६ वटा राजनैतिक पार्टीवाट निर्वाचनमा भाग लिएता पनि १९ वटा राजनैतिक पार्टीबाटमात्र संविधानसभा सदस्य निर्वाचनमा महिला उम्मेदवारी निर्वाचित (समानुपातिक र प्रत्यक्ष) भएका छन् । कमश १-१ जना महिला सभासद निर्वाचित हुने पार्टीहरूमा नेपाल कम्युनिष्ट पार्टी एकीकृत, राष्ट्रिय जनमुक्ति पार्टी, नेपाल सद्भावना पार्टी (आनन्द देवी), नेपाल जनता दल, नेपाल लोकतान्त्रीक राष्ट्रिय मञ्च, नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा,राष्ट्रिय जनशक्ति पार्टी रहेका छन ।

## ५.३ प्रत्यक्ष निर्वाचन प्रणाली अन्तर्गत सभासद

नेपालको अन्तरिम संविधान २०६३ मा भएको कानुनी प्रावधान अनुसार ३३ प्रतिशत महिला सभासद उठाउनु पर्ने भएता पनि कतिपय राजनैतिक पार्टीवाट यो प्रावधानलाई लागू गरियो भने कतिपयवाट लागू गरिकन लागू गरिएका पार्टीवाट उठाइएका महिला सदस्यको

प्रतिद्वन्द्वीको रूपमा ख्याती प्राप्त अर्थात विगतमा भएका प्रतिनिधिसभामा निर्वाचित भएका पुरुष-पुरुष सभासद उठाईदिएको हुनाले पनि जति महिला प्रत्यक्ष निर्वाचन प्रणाली अर्न्तगत निर्वाचित हुनु पर्थ्यो त्यति हुन सकेनन् । वास्तवमा नेपाली राजनीतिमा जति पुरुषको वाहुल्यता छ त्यति मात्रामा महिला राजनीतिमा आउन सकेका छैनन् । उठाइएका महिला सभासद पनि जति मात्रामा निर्वाचित हुन पर्थ्यो त्यति हुन सकेको पाईदैन । निर्वाचन आयोगवाट मान्यता प्राप्त गरेको ५५ दल मध्ये जम्मा ३७ दलवाट उठाइएका महिला मध्ये जम्मा ५ वटा पार्टीवाट मात्र महिला सदस्य निर्वाचित हुन पुगेका छन् । जुन तलको तालिकामा देखाइएको छ ।

**तालिका १६**

**प्रत्यक्ष निर्वाचन प्रणाली निर्वाचित महिला उम्मेदवारी**

| क्र.सं. | राजनैतिक दल | महिला | पुरुष | जम्मा | महिला प्रतिशत |
|---|---|---|---|---|---|
| १ | नेपाल कम्युनिष्ट पार्टी माओवादी | २३ | ९७ | १२० | ९.५८ |
| २ | नेपाली कांग्रेस | २ | ३५ | ३७ | ०.८३ |
| ३ | नेपाल कम्युनिष्ट पाटी  एमाले | १ | ३२ | ३३ | ०.४२ |
| ४ | मधेशी जनअधिकार फोरम | २ | २८ | ३० | ०.८३ |
| ५ | तराई मेधश लोकतान्त्रिक पार्टी | १ | ८ | ९ | ३.३३ |
| | **जम्मा** | २९ | २०० | २२९ | १३ |

*स्रोतः संसद सचिवालय र निर्वाचन आयोग२०६५।*

माथिको तालिकामा देखाइए अनुसार जम्मा ५५ वटा राजनैतिक पार्टी मध्ये ३७ वटा राजनीतिक पार्टीले जम्मा ३६८ महिला सभासद प्रत्यक्ष निर्वाचन प्रणाली अर्न्तगत उठाईएका थिए (सोत निर्वाचन आयोग र संसद सचिवालय) जसमा जम्मा २९ जना महिला ५ पार्टी मात्र निर्वाचित भएका थिए जुन १२.८ अर्थात झन्डै १३ प्रतिशत मात्र हुन आउँछ । जसमा सबै भन्दा वढी महिला सदस्य प्रत्यक्ष निर्वाचन प्रणाली अर्न्तगत निर्वाचित पार्टी नेकपा माओवादीवाट २३ अर्थात ९.५८ प्रतिशत, निर्वाचित भएका थिए किन भने नेकपा माओवादीवाट प्रतक्ष्य तिर २४० जम्मा उम्मेदवार मध्ये ४२ महिला सभासद प्रत्यक्ष निर्वाचन प्रणाली अर्न्तगत उठाइएका थिए जुन १७.५ प्रतिशत हुन आउँछ भने अर्कोतिर नेकपा माओवादीवाट प्रत्यक्ष निर्वाचन प्रणाली अर्न्तगत धेरै महिलाले प्रत्यक्ष निर्वाचन जित्नुको कारण

पार्टीको पकड क्षेत्रमा महिलालाई प्राथमिकता दिनु । त्यस्तै नेपाली कांग्रेसवाट २४० जम्मा उम्मेदवार मध्ये २६ जना महिला सभासद प्रत्यक्ष निर्वाचन प्रणाली अर्न्तगत उठाइएका थिए जुन १०.८ प्रतिशत हुन आउँछ । जम्मा प्रत्यक्ष सभासदतिर जम्मा २ जनाले मात्र जितेको पाइन्छ । जुन ०.८३ प्रतिशत हुन आउँछ । त्यस्तै नेकपा एमाले वाट २३९ जम्मा उम्मेदवार मध्ये २७ महिला सभासद प्रत्यक्ष निर्वाचन प्रणाली अर्न्तगत उठाइएका थियो । जुन ११.२९ प्रतिशतहुन आउँछ । ती मध्ये १ जना मात्र सभासदले प्रत्यक्ष निर्वाचन प्रणाली अर्न्तगत जितेको पाइन्छ । जुन ०.४२ प्रतिशत हुन आउँछ । मधेशी जनअधिकार फोरमबाट १०३ जम्मा उम्मेदवार मध्ये ३ महिला सभासद प्रत्यक्ष निर्वाचन प्रणाली अर्न्तगत उठाइएका थियो जुन.२.९ प्रतिशत हुन आउँछ । जसमा प्रत्यक्ष सभासद संख्याको ०.८३ प्रतिशत हुन आउँछ वा २ जना ले मात्र प्रत्यक्ष निर्वाचन प्रणाली अर्न्तगत जितेको पाइन्छ र तराई मधेश लोकतान्त्रीक पार्टीवाट १ अर्थात ३.३३ प्रतिशत हुन आउँछ । यसरी हेर्दा जति महिला सभासद प्रत्यक्ष प्रणाली अर्न्तगत आउनु पर्थ्यो त्यति आउन सकेको पाईदैन । यसो हुनुमा राजनैतिक पार्टीले महिलालाइ पार्टीको पकड क्षेत्रमा टिकट नदिनु, महिलासम्बन्धी पार्टीको नीतिमा परिवर्तन गरेता पनि कार्यन्वन पक्षमा जोड नदिनु मान्न सकिन्छ ।

### ५.४ समानुपातिक निर्वाचन प्रणाली अर्न्तगत जातिय आधारमा महिला प्रतिनिधित्व

नेपाल वह-जातिय, बहु-सांस्कृतिक र वहु-धार्मिक देश हो । यहाँ विभिन्न जात-जाति आ-आफ्ना धर्म संस्कृतिको अवलम्वन गर्दै जीवन व्यतित गरीरहेका छन् । तर हालसम्म नेपालको इतिहासलाई हेर्ने हो भने देशको उच्च पद अर्थात राज्य संचालनका सम्यन्त्रहरूमा नेपालको जातिय आधारमा उच्च जात भनिदै आएका वाहुन, क्षेत्रीले नै देशको राज्य संचालन गर्दै आइरहेका थिए तल्लो जाति विभिन्न क्षेत्रमा वसोवास गर्दै आएका जनजाती मधेशी, दलितहरूको जनसंख्याको आधारमा राज्यको हरेक अंगमा समान सहभागी हुन सकेको थिएन । विभिन्न जातजातिले आफ्नो सहभागिता वनाउन विभिन्न समयमा प्रयास नगरेका होइनन् तर पनि सफल हुन सकेका थिएनन् । त्यसमा पनि नेपाली समाजमा विद्यमान विभिन्न जातिय विभेद अर्न्तगत जरा गाडेर वसेको लैगिक विभेदले त महिला माथि अत्यन्तै ठूलो अन्याय, अत्याचार र दमन गरेको थियो । नेपाली समाजमा पुरुषले महिलामाथि निकै अन्याय अत्याचार

गरीरहेको पाइन्छ । यही कुरालाई मध्य नजर गर्दै नेपालको अन्तरिम संविधानले ३३ प्रतिशत महिला संविधानसभा निर्वाचनमा उठाउनु पर्ने संवैधानिक प्रावधानको व्यवस्था गरेको छ । त्यसै गरी नेपाली समाजमा रहेका विभिन्न जातजातिको जनसंख्याको आधारमा मधेशी, जनजाती, दलित, पिछडिएको वर्ग र अन्यमा वाहुन क्षेत्रीवाट समानुपातिक निर्वाचन प्रणाली अर्न्तगत जातिय आधारमा संविधानसभामा महिला सदस्य निर्वाचित भएका छन् । जातजाति र राजनितिक सहभागिता एकातिर सामाजिक सांस्कृतिक धरातल भेदभाव पूर्ण छ भने अर्को तिर राजनीतिक र प्रशासनिक केन्द्रीय संरचना भएको हुनाले राजनीतिक संग्लनतामा प्रशस्त असमानता भेटिन्छन् । यस्ता खालका असमानताले एकातिर प्रजातान्त्रीक अभ्यासलाई संकुचित वनाई दिन्छ भने अर्कोतिर राजनैतिक दलका नेताहरूको अव्यवहारिक निर्णय गर्दा पनि महिलाहरू पछाडि परेका छन । महिलाहरूलाई सासंदको उम्मेदवारी दिदा पैसा र शक्ति प्रदर्शन गर्न सक्ने उम्मेदवार रोज्ने चलन छ जसले गर्दा महिलाहरू उम्मेवदारीको पहिलो प्राथमिकतामा पर्नै सक्दैनन् । यस्तो अवस्थामा वर्तमान अर्न्तरिम संविधानको प्रावधान अनुसार उठाइएको समानुपातिक निर्वाचन प्राणाली अर्न्तगत जातिय आधारमा संविधानसभामा महिला प्रतिनिधित्व तलको तालिका देखाइएको छ ।

**तालिका १७**

**समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत जातीय आधारमा संविधानसभामा महिला**

| क्र.सं. | राजनैतिक दल | मधेसी | जनजाति | दलित | पिछडिएको वर्ग | अन्य-बाहुन क्षेत्री |
|---|---|---|---|---|---|---|
| १. | नेपाल कम्युनिष्ट पार्टी माओवादी | १७ | १८ | ६ | २ | १६ |
| २. | नेपाली कांग्रेस | १० | १३ | ५ | १ | १२ |
| ३. | ने.क.पा. एमाले | १० | १२ | ४ | १ | ११ |
| ४. | मधेशी जनअधिकार फोरम | ११ | २ | ३ | – | – |
| ५. | तराई मेधश लोकतान्त्रिक पार्टी | ४ | – | १ | – | – |
| ६. | राष्ट्रिय प्रजातन्त्र पार्टी | २ | २ | १ | – | १ |
| ७. | नेपाल कम्युनिष्ट पार्टी (माले) | १ | १ | १ | – | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | सद्भावना पार्टी | १ | १ | – | – | – |
| ९. | जनमोर्चा नेपाल | – | १ | – | – | १ |
| १०. | नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) | १ | – | – | – | १ |
| ११. | राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल | – | १ | – | – | १ |
| १२. | राष्ट्रिय जनमोर्चा | – | १ | – | – | – |
| १३. | राष्ट्रिय जनशक्ति पार्टी | – | १ | – | – | – |
| १४. | नेपाल मजदुर किसान पार्टी | – | १ | – | – | – |
| १५. | संघिय लोकतान्त्रिक राष्ट्रिय मञ्च | – | १ | – | – | – |
| १६. | नेपाल सद्भावना पार्टी (आनन्नदेवी) | १ | – | – | – | – |
| १७. | राष्ट्रिय जनमुक्ति पार्टी | – | १ | – | – | – |
| १८. | नेपाल जनता दल | १ | – | – | – | – |
| १९. | नेपाल कम्युनिष्ट पार्टी एकीकृत | - | - | – | – | १ |
| | **जम्मा** | ५९ | ५६ | २१ | ४ | ४५ |

*स्रोत: संसद सचिवालय र निर्वाचन आयोग २०६५।*

माथिको तालिका भए अनुसार १९ वटा राजनैतिक पार्टीहरूले समानुपातिक निर्वाचन प्रणाली अर्न्तगत निर्वाचित पार्टीहरूले प्राप्त गरेका मतको आधारमा सिट संख्या निर्धारण हुने गर्दछ । ने.क.पा.माओवादीले समानुपातिक तिर जम्मा मतको २९.२८ प्रतिशत मत प्राप्त गरेको थियो जुन पार्टीगत रुपमा सबभन्दा बढी मत हो यसैका आधारमा माओवादीले १०० सिट प्राप्त गरेको थियो जसमा ५४ सिट मध्ये समावेशिको आधारमा १७ मधेसी, १८ जनजाति,, ६ दलित, २ पिछडिएको, वर्ग १६ अन्य-बाहुन क्षेत्री उम्मेदवार गरी जातिय आधारमा महिला उम्मेदवार प्रतिनिधित्व गराएको छ । भने नेपाली काग्रसले २१.७९ प्रतिशत मतप्राप्त गरी जम्मा ७३ सिट प्राप्त गरेको थियो भने ३७जना महिला समावेशिको आधारमा १० मधेसी, १३ जनजाति, दलित ५, पिछडिएको वर्ग १ र १६ अन्य-बाहुन क्षेत्री उम्मेदवार गरी जातिय आधारमा प्रतिनिधित्व गराइएको पाइन्छ । यसैगरी एमाले लगायत अन्य राजनैतिक पार्टीले प्राप्त गरेको मतको आधारमा समावेसीका आधारमा महिला प्रतिनिधित्व गराइएको छ ।

जसवाट सबै जातिको उचित प्रतिनिधित्व हुने आशा गरिएको छ भने देशमा विगतको समयदेखि जातीय असमानताको आवाज उठदै आइरहेको बेला यस्तो खालको समानुपातिक प्रतिनिधित्वले केही राहत दिने छ भन्ने आशा गर्न सकिन्छ । र संविधानमा पनि सबै जातजातिको भावनालाई महत्व दिने छ । यसरी सरसर्ती हेर्दा संविधानसभा निर्वाचनमा मधेशी जनअधिकार फोरम, तराई मधेश लोकतान्त्रीक पार्टी, राष्टिय प्रजातन्त्र पार्टी, सदभावना पार्टीले क्रमश मधेशी, जनजाति, दलित, पिछडिएको वर्ग , वाहुन क्षेत्री लगायतका महिला सहभागि वनाएका छन यसरी माथिको तालिका अनुसार समानुपातिक निर्वाचन प्रणालीमा भाग लिएको ५५ दल मध्ये १९ वटा राजनैतिक पार्टीहरूले समानुपातिक निर्वार्चन प्रणालीमा महिला सहभागिता गराएका छन । जसमा सबै भन्दा वढी मधेशीवाट ५९ महिला प्रतिनिधित्व गराएको छ भने दोस्रो स्थानमा जनजाति महिला, तेस्रो स्थानमा वाहुन क्षेत्री चौथो स्थानमा दलित, सब भन्दा कम महिला अर्थात जम्मा ४ जना महिला मात्र पिछडिएको वर्गवाट प्रतिनिधित्व गराइएको छ जुन नेकपा माओवादीवाट २, नेपाली कांग्रेसवाट १, नेकपा एमालेवाट १ गरी जम्मा ४ जना छन् । (संसद सचिवालय र निर्वाचन आयोग २०६५) ।

## ५.५ भौगलिक क्षेत्रको आधारमा संविधानसभामा महिला प्रतिनिधित्व

तालिका १८

**भौगलिक क्षेत्रको आधारमा संविधानसभामा महिला प्रतिनिधित्व**

| क्र.स. | राजनैतिक दल | तराई | पहाड | हिमाल | उपत्यका | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ने.क.पा माओवादी | २८ | ३६ | ७ | ६ | ७७ |
| २ | नेपाली कांग्रेस | १५ | १७ | ३ | ४ | ३९ |
| ३ | ने.क.पा एमाले | १४ | १७ | ३ | ४ | ३८ |
| ४ | तराई-मधेस लोकतान्त्रिक पार्टी | ६ | ० | ० | ० | ६ |
| ५ | मधेसि जनअधिकार फोरम | १३ | ० | ० | ० | १३ |
| ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी | २ | १ | ० | १ | ४ |
| ७ | नेपाल कम्युनिण्ट पार्टी (माले) | १ | २ | ० | १ | ४ |
| ८ | सद्भावना पार्टी | १ | १ | ० | ० | २ |
| ९ | जनमोर्चा नेपाल | ० | १ | ० | १ | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) | १ | १ | ० | ० | २ |
| ११ | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | ० | १ | ० | १ | २ |
| १२ | राष्ट्रिय जनमोर्चा | ० | १ | ० | ० | १ |
| १३ | राष्ट्रिय जनशक्ति पार्टी | ० | १ | ० | ० | १ |
| १४ | नेपाल मजदुर किसान पार्टी | ० | ० | ० | १ | १ |
| १५ | संघिय लोकतान्त्रिक राष्ट्रिय मञ्च | १ | ० | ० | ० | १ |
| १६ | नेपाल सद्भावना पार्टी आनन्ददेवि | १ | ० | ० | ० | १ |
| १७ | राष्ट्रिय जनमुक्ति पार्टी | ० | १ | ० | ० | १ |
| १८ | नेपाल जनता दल | १ | ० | ० | ० | १ |
| १९ | नेपाल कम्युनिष्ट पार्टी | ० | १ | ० | ० | १ |
| | **जम्मा** | | **८३** | **१३** | **१७** | **१९७** |

*कस्रोतः संसद सचिवालय र निर्वाचन आयोग २०६५।*

माथिको तालिकामा देखाएअनुसार संविधानसभामा प्रतिनिधित्व गर्ने महिलाहरूको संख्या सबैभन्दा बढी तराईबाट देखियो जुन ८४ जना महिला छन् भने पहाडी क्षेत्रबाट प्रतिनिधित्व गर्ने महिलाहरूको संख्या ८३ त्यस्तै काठमाण्डौं उपत्यका (काठमाण्डौं, ललितपुर, भक्तपुर) बाट प्रतिनिधित्व गर्ने महिलाहरूको संख्या १७ जना हिमाली क्षेत्रबाट प्रतिनिधित्व गर्ने महिलाहरूको संख्या १३ जना मात्र छ । यसरी भौगोलिक आधारमा पनि हेर्दा पनि तराई क्षेत्रबाट प्रतिनिधित्व गर्ने महिलाहरूको संख्या बढी पाईन्छ ।

## ५.६ संविधानसभा निर्वाचनमा महिला कम सहभागी हुनुको कारण

सर्वप्रथमत संविधानसभामा जान को लागी कुनै पनी राजनिती पार्टीमा सग्लन भएको हुनुपर्ने हुन्छ तर नेपाली राजनीतिमा महिलाहरूको कम सहभागिता पाइन्छ । संविधानसभा सदस्य हुनको लागी निर्वाचन द्वारा निर्वाचित भएर जानु पर्ने भएकोले महिलाहरु राजनैतिक क्षेत्रमा अनिवार्य रुपमा लागेको हुनुपर्ने हुन्छ यसै सम्वन्धमा अन्तरवार्तामा सहभागि उत्तरदाताहरुलाई संविधानसभा निर्वाचनमा महिला कम सहभागी हुनुको कारण के होला भनि राखीएको प्रश्नमा राजनीतिक चेतनाको अभाव साथै महिलाहरू आफैले पनि राजनीतिमा कम चासो राखेको पाइन्छ । प्रजातन्त्रको स्थापना पछिको झण्डै १८ बर्षको विश्लेषण गर्दा

राजनीतिमा सहभागि बनेका कतिपय महिला अहिले गैरसरकारी संस्थाका संचालक भएका छन् । तर पनि महिलाहरूलाई राजनीतिमा सहभागी हुन नदिने मुख्य कारकमा परम्परावादी सामाजिक मान्यता तथा नीति निर्माणका हरेक तहमा पुरूषहरूको पकड नै हो । भन्ने भनाइ उतरदाताहरूको छ ।

उतरदाताहरूका अनुसार समाजमा सदियौदेखि चलिआएको संस्कार धार्मिक परम्पराका कारण महिला पिछडिएका छन् । महिलाबाट केहि हुंदैन आइमाई गरिखाने जात होइन, पोथी बासेको राम्रो हुँदैन जस्ता आक्षेपहरू पुरुषवादी समाजले लगाउँदै आएको छ । आम रुपमा हेर्ने हो भने पुरुषप्रधान समाजको यस्तै मानसिकता र व्यवाहारले महिलाहरू अगाडि आउन समस्या भएको छ । जुन तल तालिकामा राखिएको छः

तालिका १९

**राजनितिमा कम सहभागि हुनुको कारण सम्बन्धि महिला सभासद बाट आएको प्रतिकृया**

| क्र.स. | राजनितिमा सहभागि हुनुको कारण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | पारिवारिक तथा सामाजिक कारण | १० | १९.६० |
| २ | पारिवारिक सहयोगको अभाव | ७ | १३.७२ |
| ३ | सांस्कृतिक गलत धारण | १२ | २३.५२ |
| ४ | शिक्षा र चेतनाको कमी | १४ | २७.४५ |
| ५ | आर्थिक निर्भरता | ८ | १५.६८ |
| ६ | **जम्मा** | **५१** | **१००** |

*श्रोतः स्थलगत सर्वेक्षण २०६५।*

अन्तरवार्तामा सहभागी उतरदाताहरू मध्ये संविधानसभामा प्रतिनिधित्व गर्ने छनोटमा परेका ५१ जना महिला सोझो प्रत्यक्ष अर्न्तवार्तामा नेपालमा महिलाहरू किन राजनीतिमा आउन नचाहेका होलान भन्ने प्रश्नमा १९.६० प्रतिशत महिलाहरूले कम निर्वाचित हुनुको मुख्य कारण सामाजिक र पारिवारिक हो भन्ने भनाइ राखे भने १३.७२ प्रतिशत महिलाहरूले पारिवारिक सहयोगको अभावले महिलाहरुको राजनैतिक क्षेत्रमा कम सहभागि बने भन्ने राखे त्यस्तै २३.५२ प्रतिशत महिलाहरूले सांस्कृतिक गलत धारणा, साथै २७.४५

प्रतिशत महिलाहरूले  शिक्षा र चेतनाको कमिले महिलाहरू राजनीतिमा आउन नचाहेका छन् भन्ने धारणा राखे भने १५.६८ प्रतिशत कमहिलाहरूले आर्थिक क्षेत्रमा महिलाको पहुँच नहुनाले पनि राजनीतिमा आउन नसकेका हुन भन्ने कुरा गरे जुन तल व्याख्या गरिएको छ ।

### ६.१ सामाजिक तथा पारिवारिक कारण

१९.६० प्रतिशत महिलाहरूले कम निर्वाचित हुनुको मुख्य कारण सामाजिक र पारिवारिक हो । हिन्दु धर्मले नारीलाई विवाहदेखि लिएर हरेक क्षेत्रमा कडा बन्देज गरेको छ । लैगिंक भेदभावले गर्दा पुरुषले आफ्ना नेता महिला हिनताबोध गर्दछ । भने अशिक्षा र पछौटेपनका कारण महिलाहरूमा पनि नेतृत्व लिन आत्मविश्वासको कमी देखिन्छ । परम्परादेखि जकडिएको समाजमा खुल्ला किसिमले महिला सक्रिय हुनुलाई सहज किसिमले रूचाइदैन । समाजले महिला र पुरुषका लागि बेग्ला बेग्लै मान्यता र आचरसंहिता बनाएको छ । पुरुषले घर बाहिर रात बितायो र भट्टिमा गयो भने त्यसलाई सामान्य मानिन्छ । यसैले राजनीतिमा खुल्ला रुपले आउन नपाएपछि महिलाहरू निर्वाचनमा कम सहभागि भएका हुन भन्ने कुरा बताए ।

### ६.२ पारिवारिक सहयोगको अभाव

१३.७२ प्रतिशत महिलाहरूले  हाम्रो जस्तो सामाजिक संस्कार संरचनामा महिलाहरूले राजनीतिमा उत्रिदा घरपरिवारको सर्मथन आवश्यकता हुन्छ । बावु, आमा अथवा लोग्नेको सहमतिबिना महिला राजनीतिमा सक्रिय रहन सक्दैनन् । किनकी निर्वाचन भनेकै राजनीतिक चेतना हो अथवा राजनैतिक चेतना बिना निर्वाचनमा भाग लिन सकिदैन । अन्तवार्ताका क्रममा महिला सभासदहरूले घरपरिवारमा महिला राजनीतिमा लागेपछि नराम्रो भएको बताए ।

### ६.३ सांस्कृतिक गलत धारणा

२३.५२ प्रतिशत महिलाहरूले  जनमानसमा राजनीति महिलाले गर्न नसक्ने अप्ठ्यारो पेशाको रुपमा लिईन्छ । महिलाहरू राजनैतिक मामलामा सोझा हुन्छन् भन्ने सामाजिक मानसिकता छ । समाजले उनीहरूलाई तिमीहरू राजनीति गर्न सक्षम-सबल छैनौ भनिरहेको हुन्छ । समाजले महिलालाई केही गर्न उक्साउछ भने त्यो शिक्षण, नर्स वा गृहणि नै हो ।

### ६.४ शिक्षा चेतनाको कमी

२७.४५ प्रतिशत महिलाहरूका अनुसार  समाज र घरपरिवारले नै छोरा-छोरीमा फरक-फरक मापदण्ड बनाईदिएको छ । छोराले कडा नैतिक बन्धनमा बस्नु पर्छ । छोरी अर्काको घरमा जाने जात हो भन्ने माइती पक्षको धारणा र अर्काको घरबाट आएकी हो भन्ने घर पक्षको धारणाले गर्दा महिलाले जहिले पनि पुरुष भन्दा कमजोर र असक्षम रहेको अनुभूति गर्नुपर्ने हुन्छ । महिला साक्षरता पुरुषको भन्दा निकै कम छ । पढ्न लेख्न नसक्ने महिलाले पुरुष सरह अधिकार छन् भनेर ठान्छन । शिक्षा र चेतनाको अभावमा महिलाले पनि राजनीति गर्न सक्छन् भनेर उनीहरूको आत्मविश्वास बढाउन अप्ठ्यारो छ ।

### ६.५ आर्थिक निर्भरता

१५.६८ प्रतिशत महिलाहरूका अनुसार  राजनीतिमा सक्रिय नभई राजनीति तबरबाट हुने निर्वाचनमा सहभागी बन्न त्यति राम्रो मानिदैन राजनीतिमा सक्रिय हुन आत्मनिर्भर हुनु आवश्यक छ । अधिकांश महिला राजनीति गर्नको लागि आर्थिक मामलामा बाबु अर्थात श्रीमान्मा निर्भर भएका हुन्छन् । पैसाको अभावमा उनीहरू आफैले कतिपय बिषयमा निर्णय गर्न सक्दैनन् । तर सामाजिक सांस्कृतिक साथले घरपरिवार राजनीतिमा लागेका छोरी वा बुहारीको आर्थिक दायित्व बोक्न चाहदैनन् भन्ने अनुभव बताए ।

## ५. ७ राज्यका हरेक तहमा महिला सहभागीता सम्बन्धमा समूहगत छलफलमा सहभागी महिला सभासदहरूको प्रतिकृया

नीति निर्माणमा महिलाहरूको न्यून सहभागिता रहेको कुरा सर्वविदितै छ । यसो हुनुमा महिलाहरूलाई प्रतिनिधित्वको रुपमा मात्र सहभागी गराउने र सहभागी भैसकेपछि प्राप्त गर्नुपर्ने विषयबस्तुहरूमा अनविज्ञ वा वेवास्ता गरिन्छ । यसै सन्दर्भमा महिला सभासदलाई राज्यको नीतिनिर्माणमा अर्थात् संविधानमा महिलाको सहभागिता सम्बन्धमा गराइएको समूहगत छलफलमा अब बन्ने संविधानमा नीतिनिर्माण तहमा महिलाको सहभागिता वा भूमिका कस्तो रहन्छ भन्ने सम्वन्धमा समुहगत छलफल गराइएको थियो  जसमा विमला

के.सी, सविता गुरुङ, गायत्री शाह, शारदा नेपाली, करिमा वेगम, संन्तोषी वि.क निमा लामा रहेका छन्

**.७.१. समस्या पहिचानः-**

छलफलमा सहभागी महिला सभासदहरूका अनुसार नेपालमा आर्थिक सामाजिक राजनैतिक समस्या पहिचानका लागी महिलालाई देखावटी रुपमा सहभागी बनाइन्छ तर बनाइएका ऐन नियम कानूनहरू व्यवस्थाहरूमा लागू गर्नको लागि के कस्ता समस्याहरू छन् भन्नेबारेमा स्वयं महिलालाई सहभागी गराएर समस्याको पहिचान नगरिने परम्परा छ । महिला आफ्ना समस्याको बारेमा भुक्तभोगी हुँदाहुँदै महिलाहरूलाई प्रतिनिधित्व मात्र गराई समस्याको पहिचान र समस्याको सभाधान खोज्ने काम पुरुष आफैले गर्न खोज्नुले बास्तविक महिलाको समस्या पहिचान हुन सकेको छैनन् । गाउँ-गाउँमा भएका महिला समस्याको अध्ययन अनुसन्धान गर्ने काममा विभिन्न संघ संस्थाले पुरुषलाई खटाउनु र वास्तविक समस्याको ठाउँमा पुग्न नसक्नु जस्ता कारणले महिलाको समस्या पहिचान हुन नसकेको छलफलमा सहभागी महिलाहरूको भनाई छ । त्यसैले खुकुरीको चोट अचानोलाई थाहा हुँदैन भने जस्तै महिलाको समस्या पुरुषलाई थाहा हुँदैन । बास्तविक महिलाको समस्या पहिचानका लागि महिलालाई नै खटाउनु पर्छ भन्ने भनाई छलफलमा सहभागी महिलाहरूको छ ।

**७.२. सहभागिता मुलक निर्णय प्रकृयामाः**

छलफलमा सहभागी महिला सभासदहरूका अनुसार कुनै पनि महिलाहरूको विषयमा निर्णय गर्दा महिलाहरूको सहभागिता न्यून देखिन्छ । छलफलमा सहभागी महिला सभासद विमला के.सी. का अनुसार चाहे त्यो मौलीक अधिकारका विषयमा होस् चाहे त्यो पार्टीको कुनै महिला सम्बन्धी नीति होस् त्यसमा महिला सहभागिता गराइएको पाइदैन । राज्यको नीतिनिर्माण र निर्णय प्रकृयामा जनसंख्याको आधारमा महिलाको सहभागिता नगराउनाले धेरै जसो सरकारले गरेका निर्णय पनि लागू हुन सकेका छैनन् । त्यसैले अब बन्ने संविधानमा यस्तो प्रकृयाको अन्त्य हुनुपर्ने धारणा  छलफलमा सहभागी महिलाहरूको छ ।

### ७.३. उपलब्धी उपभोगः

छलफलमा सहभागी महिला सभासदहरूका अनुसार महिला अधिकारका सम्बन्धी सरकारले विभिन्न किसिमको उपलब्धी मुलक निर्णय गरेको छ र त्यसलाई उपभोग पनि भएको छ । तर छलफलमा सहभागी महिला सभासदका अनुसार महिलालाई भनेर दिएका अधिकारहरू महिलाले नै उपभागे गर्न पाएका छैनन् । यो मुल प्रश्न हो । किनभने सरकारले महिला आरक्षण लागू गऱ्यो तर कस्ता महिलाले आरक्षण पाउने भन्ने कुराको निर्णय गर्न महिलालाई नै दिनु पर्छ । पाएका ती अधिकारले कसरी कसले उपभोग गऱ्यो वा गरेन भन्ने कुराको खोजविन हुनु पर्ने जसमा ग्रामीण महिलाको विशेष प्रतिनिधित्व हुनुपर्ने धारणा छलफलमा सहभागी महिला सभासदहरूको छ । त्यसैले अब बन्ने संविधानमा यस्ता पक्षलाइ ध्यानमा राखेर संविधान बनाइने धारणा छलफलमा सहभागी महिला सभासदहरूको छ ।

### ७.४. अनुगमनः

छलफलमा सहभागी महिला सभासदहरूका अनुसारसरकारले कुनै पनि निर्णय प्रकृयामा महिला सहभागिता न्यून गराएको त छ नै लागू गरिएका कार्यक्रमको अनुगमनमा पनि महिलाको सहभागिता न्यून गराईन्छ । यस सम्बन्धमा महिला सभासदहरूसंग छलफल गराउँदा छलफलमा सहभागी महिलाहरूले महिलाका लागि लागू गरिएका कार्यक्रमको अनुगमन पनि महिलाबाटै गराउनु पर्ने धाराणा राख्नुहुन्छ । अनुगमनमा महिलाको सहभागिता नबनाउँदा त्यस कार्यक्रमको प्रभावकारिता बारेमा स्पष्ट जानकारी नहुने सभासदहरूको भनाई छ ।

### ७.५. मूल्याङ्कनः

छलफलमा सहभागी महिला सभासदहरूका अनुसार कुनै पनि कार्यक्रम लागू गरेपछि त्यसको मूल्याङ्कन गर्नु पर्ने हुन्छ । महिलालाई मूल्याङ्कनमा समावेश गराउनु पर्ने धाराणा छलफलमा सहभागी सभासदहरूको छ । महिला हितका लागू गरिएका कार्यक्रम वा अन्य कार्यक्रमको मूल्याङ्कनमा महिलाको सहभागिताले वास्तविक तथ्य थाहा पाउन सकिन्छ ।

## अध्याय छ

### महिला सहभागिता र भुमिका सम्बन्धि राजनैतिक पार्टी र समाजिक कार्यकर्ताको धारणा

नेपालमा आज भन्दा १२, १५ बर्ष अगाडिको इतिहासलाई र्हेने हो भने नेपालको राजनीतिमा महिला सहभागिताको संख्या निकै कम अर्थात भण्डै ९% मात्र थियो (श्रोत संसद सचिवालय) तर अहिलेको समयमा राजनीतिमा महिला जति हुनुपर्ने हो त्यति नभएतापनि बिगतको तुलनामा केहि बढि छ भन्न सकिन्छ त्यसलै महिलाहरुको सहभागिता र भूमिका सम्वन्धि राजनैतिक कार्यकता र समाजिक कार्यकर्ताको विच समुहगत छलफल गरिएको थियो समुहगत छलफलमा ४ ,४ जना गरी जम्मा ८ जना राजनैतिक कार्यकर्ता र समाजिक कार्यकर्ताको उपस्थिती थियो जसमा वावुराम पौडेल, सुर्य तिवारी, प्रकास दलामी, विवेक अर्याल, सम्झना अधिकारी, भिमबहादुर क्षेत्री, हरिकला पाण्डे र जीतेन चौधरी रहेका छन ।

### ६. १.१. महिला आरक्षण :

उत्तरदाताहरुका अनुसार नेपाली महिला शिक्षमा निकै पछाडि छन् । अझ ग्रामिण तहका महिलाको अवस्था निकै दयनिय छ यस्तो अवस्थामा महिलालाई राज्यको हरेक तहमा समान सहभागिता बढाउन सरकारले र राजनीतिक पार्टिले आफ्नो नीतिमा महिला आरक्षण ल्याउन जरुरी छ किनभने ग्रामिण महिलाहरुको तुलनामा शहरी महिलाहरु वढि शिक्षित छन यिनै ग्रामिण महिलाहरुले अवसर पाउने गरी आरक्षण ल्याउनू पर्छ भन्ने आर्थिक हैसियतको आधारमा आरक्षण ल्याउनु पर्ने भनाई समाजिक कायकर्ताको पाईयो भने यसको लागि राजनैतिक पार्टीहरुले पहल गर्नु पर्छ भन्ने धारणा राजनैतिक कार्यकताहरुको छ ।

### ६.१.२. महिला सभासंदको भूमिका :

उत्तरदाताहरुका अनुसार संविधानसभामा प्रतिनिधित्वि गर्ने महिलाहरुले महिला सवालमा कुरा उठाइरहदा अन्तरिम संविधान भन्दा माथि उठेर सामाजिक, सांस्कृतिक , कानुनी भेदभावको अन्त्यको ग्यारेन्टि हुने गरि र त्यसको कार्यन्वयनको पक्षको पनि अनुगमन गरिने गरि संविधानमा ग्यारेन्टिका साथ उल्लेख गर्नका लागि व्यक्तिगत स्वार्थ र पार्टीगत स्वार्थ

भन्दा माथि उठ्नु पर्छ र शिक्षा ,स्वास्थ्य, सम्पती, रोजगारीलाई मौलिक अधिकारका रुपमा स्थापित गराउन संविधानसभा भित्र सशक्त भूमिका निंवाह गर्नु पर्छ । गणतान्त्रिक संविधानमा महिला पुरुष विचको विभेद अन्त्य गर्ने प्रष्ट किटान गरिनु पर्छ भन्ने भनाई समाजिक कायकर्ताको पाईयो भने यसका लागि राजनैतिक पार्टीहरुले संविधानमा महिला सवाल कसरी सम्बोधन गर्ने ? के कस्ता प्राबधान राख्ने भन्ने पार्टी भित्र व्यापक छलफल गरिनु पर्छ भन्ने भनाई राजनैतिक कार्यकताहरुको पाईयो

### ६.१.३. महिला समस्या :

उत्तरदाताहरुका अनुसार नेपाली महिलालाई राज्यको हरेक तहमा सहभागी बनाउन राजनैतिक, आर्थिक, सामाजिक समस्या छन। जुन समस्याबाट मुक्त गराउन सरकारले महिला सम्बन्धि छुटै बिशेष अधिकारको नीति ल्याउनु पर्छ र राज्यको हरेक अगंमा समान सहभागि बनाउन राज्यले अबसर दिनु पर्छ । राजनैतिक पार्टीले आफ्नो पार्टी नीतिमा ५०% महिला सहभागी बनाउने नीति ल्याउनु पर्छ भने महिलाका समस्या कसरी समाधान गर्न सकिन्छ भनि पार्टी भित्र व्यापक छलफल गराउन जरुरी छ र संविधानसभामा उपस्थित महिलाहरु महिलाका समस्या समाधानका लागि एकजुट हुनुपर्ने धारणा राखेका पाइयो ।

### ६.१.४. कानुनी प्राबधान :

उत्तरदाताहरुका अनुसार नेपालको कानुनमा महिलालाई बिभेद गरिएको छ तर अहिले ३३ % महिला प्रत्यक्ष समानुपातिक निबार्चन प्रणालि मार्फत सबिधांन लेख्ने सर्बोच्च पद अर्थात सबिधानसभा सदस्य बनेका छन्। यस्तोबेलामा महिला सभासदले पैतृक सम्पतिमा महिला सम्बन्धि हक, शिक्षा,स्वास्थ्य, रोजगारी, घरेलु हिसा, महिला बेचबिखन जस्ता महिला सम्बन्धि एजेन्डालाई सबिधानमै ग्यारेन्टि हुने गरि सम्बोधन गर्नु पर्छ , त्यसको विरुद्ध जानेलाइ कडा सजाय को व्यावस्था पनि कानुन मै उल्लेख गरिनु पर्छ र कार्यन्वयन पक्षलाई प्रभावकारी वनाउन अनुगमन महिला वाट नै गरिनु पर्ने कुरा पनि सबिधानमा नै ग्यारेन्टि गरिनु पर्छे भन्ने धारणा राजनैतिक कार्यकर्ताको तथा सामाजिक कार्यकर्ताको पाइयो ।

### ६.१.५. महिला चेतना :

उत्तरदाताहरुका अनुसार नेपालका ग्रामिण महिला शिक्षा बाट बन्चित छन् । केहि शहरी क्षेत्रका महिला शिक्षित भएता पनि ग्रामिण महिला राजनीतिक चेतना बाट धेरै टाढा छन् यसका लागि नेपाल सरकारले राजनैतिक पार्टी तथा समाजिक कार्यकर्ताले बिभिन्न संध संस्था मार्फत ग्रामिण महिलामा राजनैतिक जगाउनु पर्छ जसबाट महिलाले आफ्नो हक अधिकारको बारेमा सचेत बनि देशको नीति निर्माणमा सहभागि जनाउने छन् । भन्ने धारण राजनीतिक र सामाजिक कार्यकर्ताको पाइयो ।

### ६.१.६. महिला शिक्षा :

उत्तरदाताहरुका अनुसार  नेपालमा सरकारले महिला शिक्षा सम्बन्धि छुट्टै नीति ल्याउनु पर्छ । बिशेष गरेर ग्रामिण पिछडीएका, दलित, जनजाति, महिलालाई शिक्षामा छात्रवृति को व्यवस्था गरेर महिलालाई निशुल्क शिक्षा दिनु पर्छ । ग्रामिण तहमा महिला शिक्षा सम्बन्धि जनचेतना जगाउनु पर्छ र सरकारले महिलालाई निशुल्क शिक्षा दिनु पर्छ अनि मात्र महिला शिक्षित भई राज्यको हरेक अंगमा आफ्नो सहभागिता जनाउन सक्नेछन् भन्ने धारणा राजनैतिक कार्यकर्ताको तथा सामाजिक कार्यकर्ताको पाइयो  ।

### ६.१.७. महिला रोजगारी :

उत्तरदाताहरुका अनुसार नेपालमा महिलालाई विभेद पुर्ण व्यावहार गरिन्छ संविधानमा महिला वा पुरुषले आफ्नो श्रमको उचित मुल्य अथवा पारिश्रमीक पाउने व्यवस्था गरेता पनि महिलालाई समाजमा आफ्नो कामको उचित पारिश्रमिक अथवा मुल्य बाट बन्चित गराइन्छ एउटै किसिमको काम एउटै समयमा गरेता पनि महिलाले महिला भएकै कारण पुरुषले जति पारिश्रमीक पाउदिनन् यस्ता किसिमको विभेद अन्त्य गर्न समान कामको समान ज्यालाको कार्यन्वयन पक्षलाई प्रभावकारी वनाउन अनुगमन महिला वाट नै गरिनु पर्ने कुरा पनि सबिधानमा नै ग्यारेन्टि गरिनु  पर्छे । यस्तै राज्यको हरेक अंगमा महिलाहरुलाई रोजगारीको

अवसरको सबिधानमा नै ग्यारेन्टि गरिनु पर्ने धारणा राजनैतिक कार्यकर्ताका तथा समाजिक कार्यकर्ताको पाइयो ।

## ६.२ नेपालमा महिला राजनीतिमा सफलता सम्बन्धि सभासद हरुको दृष्टिकोण

नेपालका महिलाले राणा कालको अन्तिम समय देखि समाजिक आन्दोलन सुरु गरेका हुन । सामाजिक कुरितीहरु बाल विवाह, अनमेल विवाह, बहु विवाह र अशिक्षा हटाई समाजको संरचनामा परिवर्तन गर्ने प्रयास त्यस बेला देखि नै भएका हुन महिला आन्दोलन विभिन्न क्षेत्रबाट शुरु भएता पनि यसको एउटै लक्ष्य बन्न सकेको थिएन केहि सचेत राणा विरोधि आन्दोलनमा सकृय घर परिवारका महिलाहरुले समानता विकास र शान्तिका लागि सामाजिक आन्दोलन बाट शुरु गरेको भएता पनि महिला आन्दोलन सुरु देखिनै राजनीतिक आन्दोलनको रुपमा विकसित भयो धर्म, संस्कृति सामन्ति परम्परा अशिक्षाले गर्दा तात्कालिन महिलाले उठाएको सामाजिक कान्तिलाई पुरुष प्रधान राजनीतिक संगठनहरुले राजनीतिक आवरण दिए ।

### ६.२.१ राजनीतिमा आउनुको कारण

नेपालका महिला हरुले राजनिति अर्थात देशको नेतृत्व तहमा आउन नचाहेको भने पक्कै होइनन् विगत देखि हाल सम्मको तथ्थांकलाई हेर्ने हो भने नेपालि महिलाहरु राजनीतिमा आउदो क्रम बढदो छ । त्यसलाई पक्कै पनि सकारात्मक रुपमालिन सकिन्छ तर जनसंख्याको आधरमा हेर्ने हो भने झण्डै ५ % जनसंख्या ओगटेको महिला हरुबाट बल्ल तल्ल यसपालि भएको संविधानसभाको निर्वाचनमा ३३ % महिला सहभागि हुनु जनसंख्याको दृटिकोणले कम भएता पनि नेपालको इतिहासमा यो निकै बढि मानिन्छ यसरि राजनीतिमा आउने कारण पनि यस सोध पक्षको उद्देश्य अनुसार छनौटमा परेका ५१ जना महिलाहरुको प्रत्यक्ष्य अर्न्तवार्तामा तपाई राजनीतिमा आउनुको कारण के होला भनि सोधिएको प्रश्नमा छुट्टा छुट्टै कारण बताए जुन तलको तालिकामा देखाइएको छ ।

### तालिका नं. २०

### राजनीतिमा आउने कारण

| क. स. | राजनीतिमा आउने कारण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परिवारिक पृष्ठभुमि | १० | १९.६० |
| २ | मधेसि महिला प्रति भएको अन्याय | ५ | ९.८० |
| ३ | समाजमा भएको लैगिक विभेद | १२ | २३.५२ |
| ४ | महिला माथि भएको अन्याय अत्याचार र | ६ | ११.७६ |
| ५ | महिला माथि भएको वर्गिय दमन | १८ | ३५.२९ |
| | **जम्मा** | **५१** | **१००** |

*श्रोतः स्थलगत सर्वेक्षण २०६५।*

। अन्तरवार्तामा सहभागी उतरदाताहरु मध्ये संबिधानसभामा प्रतिनिधित्व गर्ने १९.६० प्रतिशत त्यस्ता महिलाहरु थिए जुन महिलाहरुले परिवारमा अन्य सदस्य अर्थात बुबा आमा अंकल राजनीतिमा लागेको र उनिहरुको प्रेरणा बाट राजनितिमा लाग्न सफल भएको बताए भने ९.८०प्रतिशत मधेस बादि दल अर्थात मधेस बाट प्रतिनिधित्व गर्ने महिला हरुले मधेसि समुदायमा हुने महिला माथिको विभेद अन्याय अत्याचार का साथै महिलालाई घर परिवार बाट बाहिर आउन नदिने शिक्षा बाट गराइने बन्चित जस्ता कुरालाइ समाजबाट हटाउन राजनीतिमा लागेको बताए । २३.५२ प्रतिशत महिलाहरुले महिला माथि हुने सामाजिक शोषण,आर्थिक शोषण,सामजिक विकृति,लैगिंक विभेद जस्ता कुरालाइ हटाउन राजनीतिमा लागेको बताए भने ३५.२९ प्रतिशत महिलाहरुले समाजमा भएको वर्गिय दमन अर्थात उच्चवर्गले तल्लो वर्ग माथि गर्ने दमन त्यसभित्र रहेको महिला शोषण दमनको अन्त्य गर्न राजनीतिमा लागेको बताए । भने ११.७६ प्रतिशत महिलाहरुले पितृसत्तात्मक समाज भित्र रहेको महिला माथिको अन्याय अत्यचारको विरुद्धमा लड्नको लागी राजनीतिमा लागेको वताए ।यसरी समग्रमा जुन सुकै दृण्टिकोणबाट पनि समाजमा महिला माथिको दमन शोषणलाई अन्त्य गर्न नै महिलाहरु राजनीतिमा आएको कारण स्पण्ट हुन्छ ।

### ६.२.२. टिकट पाउनुको कारण

कुनैपनि राजनीतिमा सफल्ता पाएकोयक्तिले पार्टीबाट निर्वाचन अर्थात संसदिय स्तरको टिकट पाउन पार्टीको बिस्तार तथा निति कार्यक्रम अनुसार काम गरेकै हुनु पर्छ त्यसमा पनि महिलाहरुको राजनीतिमा सफलता निकै कम छ । नेपालका ठुला पार्टी भनिएका नेपाली काग्रेंस, माओवादी तथा एमालै लगायतका पार्टीमा महिला हरुको संख्या निकै कम छ । त्यसमा पनि चुनावी प्रतिस्पधामा महिलाहरुले प्राथमिकता दिएको पाईन्छ यसै सन्दर्भमा छनौटमा परेका ५१ महिला सभासद हरु संग को अन्तवार्तामा तपाइले पार्टिबाट टिकट पाउनुको कारण के होला भनि सोधिएको प्रश्नमा निम्न कुराहरु बताए जुन तल तालिकामा लेखिएको छ ।

**तालिका २१**

**टिकट पाउनुको कारण र आधारहरु**

| क्र.स. | टिकट पाउनुको कारण र आधारहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पार्टीको आन्तरिक मुल्याकन | २३ | ५४.०९ |
| २ | मधेसि महिला भएर | ११ | २१.५६ |
| ३ | दलित महिला भएको कारणले | ५ | ९.८० |
| ४ | जनजाती महिलाको आधारमा | ४ | ७.८४ |
| ५ | कार्य क्षमताको आधारमा | ६ | ११.७६ |
| ६ | सहिद परिवारको आधारमा | २ | ३.९२ |
| | **जम्मा** | **५१** | **१००** |

*श्रोतः स्थलगत सर्वेक्षण २०६५।*

माथिको तालिकामा उल्लेख गरे अनुसार ५४.०९ प्रतिशत महिलाहरुले आफ्नो राजनीतिक जीवन यात्रामा आफैले पार्टीलाई गरेको सहयोग,पार्टीको मुल्याकन र निरन्तर पार्टी प्रतिको आफ्नो बफदारको कारणले आफुलाई पार्टीले टिकट दिएको बताए भने २१.५६ प्रतिशत महिलाहरुले पार्टीबाट मधेसि महिलाको आधरमा आफुलाई पार्टीले टिकट दिएको बताए भने ९.८० प्रतिशत महिलाहरुले दलित महिलाको आधरमा आफुलाई पार्टीले टिकट दिएको बताए भने ३.९२ प्रतिशत महिलाहरुले आफ्नो परिवारको सदस्य विगतमा द्वन्द्व कालमा सहिद भएको

कारण बाट टिकट पाएको बताए भने ११.७६ प्रतिशत महिलाहरुले आफ्नो कार्यक्षमता को आधारमा पार्टीले टिकट दिएको बताए । त्यस्तै ७.८४ प्रतिशत महिलाहरुले पार्टीको जनजातीको कोटाको आधारमा आफूले टिकट पाएको वताए ।

### ६.२.३ अप्ठारा र समस्याहरु

नेपाल हिन्दु संस्कारबाट प्रवाभित देश हो यहा महिलाहरुलाई परम्परावादी सोच बाट देखिन्छ । पोथी बासेको राम्रो हुदैन भन्ने जस्ता उखान हरु यहाको समाजमा लागु हुन्छ । महिलालाई हिन्दु संस्कार अनुसार बच्चामा बाबुको अधिनमा युवतिमा श्रीमानको र ब'ढेसकालमा छोराको अधिनमा बस्नु पर्छ भन्ने मान्यता राखिन्छ । महिला महिला भएकै कारणले छोराले जति स्वतन्त्रता पाउदिन यि विभेद कारणले गर्दा महिला राजनीतिमा आउन निकै अप्ठारा समस्या हरु छन जुन सम्बन्धि राखिएको जिज्ञासामा सभासदहरुले आफु राजनीतिमा आउदाका अप्ठारा र समस्याहरु छन जुन तलको तालिकामा देखाइएको छ ।

**तालिका न.२२**

**राजनीतिमा लागेका महिलाका अफठ्यारा र समस्याहरु**

| क्त.स. | अफठ्यारा र समस्याहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परिवारिक समस्या र अफठ्यारा | ७ | १३.७२ |
| २ | सामाजिक समस्याहरु | १२ | २३.५२ |
| ३ | शिक्षाको अभावको कारणले | १० | १९.६० |
| ४ | महिलौ कारणले भोगेका अफठ्यारा | ९ | १७.६४ |
| ५ | द्वन्द्वकालमा राजनीतिमा भुमिगत जिवनको समस्या | १३ | २५.४९ |
| ६ | **जम्मा** | **५१** | **१००** |

*श्रोत: स्थलगत सर्वेक्षण २०६५।*

माथिको तालिकामा उल्लेख गरे अनुसार १३.७२प्रतिशत महिलाहरुले आफु राजनीतिमा लाग्दा घरपरिवारबाट निकै विरोध भएको बताए नेपालि कम्युनिण्ट पार्टि मालेकी सभासद बिमला नेपालि , काग्रेसकि शारदा नेपाली , लगायतका दलित महिलाले त आफु

राजनीतिमा लाग्दा श्रीमानले पारपाचुके दिएको पिडा बताए । त्यस्तै २३.५२ प्रतिशत महिलाहरुले समाजबाट निकै अप्ठारा भ्रेल्नु परेको बताए भने १७.६४  प्रतिशत महिलाहरुले आफु महिला भएरै राजनीतिमा लागेको कारणबाट समाजले अनैकौ लाल्छाना लगाउने गरेको बताए भने १९.६० प्रतिशत महिला सभासद ले सामाजिक अशिक्षाको कारणले महिला राजनितिमा लाग्नु हुदैन भन्ने धारणाले गर्दा आफुले राजनीतिक जिवनमा अप्ठेरो भोग्नु परेको बताए २५.४९। प्रतिशत महिलाहरुले आफु राजनीतिमा लाग्दा भुमिगत जिवन बिताउनु परको बताए यस वाट के प्रमाणित हुन्छ भने महिलाहरु राजनीतिमा लाग्दा  महिलाहरुलाई धेरै चुनौतिहरु छन,।

### ६.२.४ महिला आरक्षण

नेपाली  महिलाहरु आर्थिक , सामाजिक , रोजगारीका दृषटि कोणले समान छैनन् । विशेष गरेर ग्रामिण महिला हरेक कुरामा पछाडी छन् । पुरुषको तुलनामा महिला हरु धेरै पछाडी छन्  यस्तो अवस्थामा  महिलाहरुको  लागी आरक्षणको जरुरी पर्दछ । अन्तरवार्तामा सहभागी महिलाहरुलाइ आरक्षणको सम्वन्धि धारणा तल तालिकामा देखाइएको छ ।

**तालिका न.२३**

**महिला आरक्षण**

| क.स | आरक्षण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विशेष अधिकार दिइनु पर्ने | २० | ३९.२१ |
| २ | समावेसीको आधारमा आरक्षण दिइनु पर्ने | ३१ | ६१.७९ |
| | **जम्मा** | **५१** | **१००** |

*श्रोत: स्थलगत सर्वेक्षण २०६५।*

माथिको तालिकामा उल्लेख गरे अनुसार ३९.२१ प्रतिशत माओवादी  सभासदहरुले महिलाहरुलाई  विशेष अधिकार दिइनु पर्ने  वताउछन भने  ६१.७९ प्रतिशत अन्य पार्टिका

सभासदहरुले महिलाहरुलाई  समावेसीको आधारमा आरक्षण दिइनु पर्ने वताउछन । किनभने माओवादी सभासदहरुका  अनुसार  आरक्षण दया माया गरेर दिइने कोटा हो भने विशेष अधिकार महिलाहरुले पाउने अधिकार हो भन्ने वताए ।

### ६.२.५ महिलाका एजेण्डा:

नेपालमा महिला अधिकारका सम्वन्धि एजेण्डा २०४६ साल पछि प्रतिनिधि सभामा पनि नउठेका होइनन् तर महिलाहरु देशको कानुन बनाउने ठाँउमा पुग्न नसकेको हुनाले पनि महिलाका एजेण्डाले खासै प्राथमिकता पाएको देखिदैन तर २०६४सालमा भएको संविधानसभामा ३३ प्रतिशत महिलाको उपस्थिती छ यस्तो अवस्थामा महिलाहरुले आफुहरुका एजेण्डा  संविधानसभामा कसरी उठाउछन त सो सम्वन्धि धारणा तल तालिकामा देखाइएको छ ।

**तालिका न.२४**

**महिलाका मुद्धा**

| क.स | महिलाका मुद्धा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पार्टिको नीति भन्दा माथि उठेर | १६ | ३२.२१ |
| २ | समयको माग अनुसार पार्टीको नीतिलाइ परिवर्तन गरेर | ३५ | ६७.७९ |
| | **जम्मा** | **५१** | **१००** |

*श्रोतः स्थलगत सर्वेक्षण २०६५।*

माथिको तालिकामा उल्लेख गरे अनुसार ३२.२१ प्रतिशत सभासदहरुले महिलाहरु आफ्नो पार्टिको नीति भन्दा माथि उठेर महिलाका मुद्धालाइ सम्मोधन  गर्न एक जुट हूनु पर्छ किनभने नेपालमा संविधानसभा पहिलो अवसर हो र यसमा पनि यति धेरै महिलाहरुको सहभागिता पहिलो पटक भएको हुनाले महिलाहरुको अधिकारका एजेण्डाहरु संविधानमा ग्यारेन्टि गरिनु पर्छ भन्ने राखेको पाईयो भने ६७.७९  प्रतिशत सभासदहरुले

समयको माग अनुसार पार्टीको नीतिलाइ परिवर्तन गरेर महिलाका मुद्धालाइ सम्वोधन गर्न सकिन्छ भन्ने वताए

### ६.ं३ उत्तरदाताका   टिप्पणीहरु

- परिवारिक र सामाजिक सहयोगको अभाव-
- आर्थिक क्षेत्रमा महिलाहरुको निणायक भुमिका नहुनु ।
- रोजगारीमा महिलाहरुको पहूचको अभाव
- धार्मिक दृष्टिकोणको आधारमा महिलालाइ गलत व्याख्या गरिनु ।
- महिलामा राजनैतिक चेतनाको अभाव ।
- राजनैतिक पार्टीले महिलालाइ उचित स्थान दिन नसक्नु ।
- आरक्षण प्रभावकारी वन्न नसक्नु ।

उत्तरदाताहरुको भनाइमा राजनैतिक  क्षेत्रमा आउने महिलाहरुलाई परिवार र समाजले अवरोध खडा गरेको हुन्छ भने महिलाहरुलाई राजनैतिक  क्षेत्रमा आउन आर्थिक क्षेत्रमा निर्भर रहनु पर्ने हुन्छ  तर नेपाली महिलाहरुको रोजगारीको क्षेत्रमा पहूच छैन जसले गर्दा उनिहरु आत्म निर्भर वन्न सकेका छैनन  भने नेपाली समाजमा हिन्दु धर्म र सस्कृति मुल्य, मान्यताले जरा गाडेर वसेको छ  हिन्दु धर्म अनुसार "छोराको जन्मले स्वर्गको ढोका खोल्छ" "छोरीहरु जन्मदै विनासकारी भाग्य लिएर आएका हुन्छन,"  छोरीहरु लाइ शिक्षा दिनु जरुरी पर्दैन भन्ने धारणाले महिलाहरुमा  राजनैतिक चेतनाको अभाव छ भने राजनैतिक क्षेत्रमा आउने महिलाहरुलाइ पनि राजनैतिक पार्टीले उचित स्थान दिन सकेका  छैनन, भने अर्को तिर ३३ प्रतिशत महिलाहरुलाई आरक्षणको व्यवस्था भएता पनि त्यसको कार्यन्वयन पक्ष प्रभावकारी वन्न सकेको छैन ।

### ६.४ उत्तदाताका सुझावहरु

- सामाजिक ,मानसिक तथा पारिवारिक सोचमा परिवर्तन ल्याउनु पर्छ ।
- आर्थिक क्षेत्रमा महिलाहरुको पहुच वढाउन सरकारले विशेष योजना लागु गर्नु पर्छ ।

- महिलाहरुलाई आत्म निर्भर वनाउन अव वन्ने संविधानमा मा महिला स्वरोजगार कार्यक्रम ल्याउनु पर्छ ।
- आरक्षणको व्यावस्था गर्दा वर्ग र आर्थिक हैसियतको आधारमा गर्नु पर्छ ।
- हरेक पार्टीले जनसख्याको आधारमा महिलाको प्रतिनिधित्व गराउनु पर्छ ।
- अव वन्ने संविधांनमा मा शिक्षा , रोजगारी, जस्ता पक्षलाई मौलिक अधिकारको रुपमा स्थापित गरिनु पर्छ ।

# अध्याय - ७

## सारांस, मुख्य पत्ता लगाईएका कुराहरु, निष्कर्ष र सुझावहरु

### ७.१ सारांस,

.संविधान राष्ट्रको मूल कानून हो । जसले सरकारको स्वरुप निर्धारण गर्दछ । संविधानले सासकिय शक्तिको सिमाकंन गरी राज्यको काम कारबाहीलाई बैधानिकता प्रदान गर्दछ । संविधान मुलुकको राजनैतिक एवं कानूनी वडापत्र हो नागरिकको हक, अधिकारलाई सुनिश्चित गर्न सँविधान बनाउनका लागि गठित जनताद्वारा निर्वाचित प्रतिनिधी सभा नै संविधानसभा हो ।नेपालमा २०६४ चैत्र २८ गते भएको संविधानसभामा प्रत्यक्ष निर्वाचन प्रणाली अन्तर्गत र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत गरी जम्मा ६०१ प्रतिनिधि निर्वाचित भएका थिए जसमा १९७ जना महिला सभासद निर्वाचित भएका थिए । यस सोध कार्य अध्ययनको क्रममा संविधानसभामा महिला सहभागितामा महिला सहभागिता शिर्षक अन्तर्गत नीतिनिर्माणामा (संविधान निर्माणमा) आउन महिलाहरुलाई के कस्ता समस्याहरु पर्दछन् र उनीहरुको समस्या हुँदाहँदै नीतिनिर्माणमा पनि कस्तो किसीमको भूमिका खेल्नेछन् भन्ने कुरा प्रष्ट्याउने कोसिस गरिएको ्छ । संविधानसभामा प्रतिनिधित्व गर्ने महिलाहरुको निम्न लिखीत समस्याहरु औल्याई प्रश्नहरुको जवाफ खोज्ने प्रयास गरिएको छ ।

१. संविधान सभामा प्रतिनिधित्व गर्ने महिलाहरुको सामाजिक आर्थिक सांस्कृतिक राजनैतिक, शैक्षिक समस्याहरु ।

२. महिलाहरु राजनीतिमा लाग्दा झेल्नु परेका समस्याहरु ।

३. संविधानसभामा प्रतिनिधित्व गर्ने महिलाहरुको समस्या र अप्ठाराहरु ।

यस सोध पत्रको मुख्य तीनवटा उद्देश्य रहेका छन ।

१. संविधान सभामा सहभागि महिलाहरुको सामाजिक, आर्थिक, सास्कृतिक, राजनैतिक शैक्षिक अवस्थाको अध्ययन गर्ने ।

२. महिलाको संविधानसभामा उपस्थिती भुमिका र सहभागितालाई अगाडि बढाउन देखा परेका समस्याहरु बारेमा खोजि गर्ने ।

३ संविधानसभामा महिला उम्मेदवारले खेलिरहेको भूमिकाको विषयमा राजनैतिक कार्यकर्ता र सामाजिक कार्यकर्तासँग विचार संकलन गरि अभिलेख तयार गर्ने ।

यस अध्ययनको अनुसन्धान ढाचाँ बर्णनात्मक पद्धतिको छ। छनौट गरिएको यस संविधान सभामा महिला सहभागिता मा जम्मा १९७ महिला सहभागि रहेका छन् । नमूना छनौट गर्दा ब्यवस्थीत नमुना छनोट गरिएको छ ।जसमा ससद सचिवालयबाट उपलब्ध नामावली सुचीकमको `१९७ महिला सभासद समग्रताबाट ४ को अन्तरालमा जम्मा ५१ महिला सभासद लाई नमुना छनौटको रुपमा लिई तथ्यांक संकलन गरिएको छ । नमुना छनौट भित्र कुल महिला सभासद १९७ को २५ प्रतिशत नमुना भित्र परेका छन् । छनौट भएका महिला सभासदहरुलाई आवश्यक अनुसार तयार पारिएको प्रश्नावलीको आधारमा प्रश्न सोधि संख्यात्मक तथा गुणात्मक तथ्यांकहरु संकलन गरिएको छ । साथै विभिन्न सामाजिक कार्यकर्ता राजनीतिक पार्टीका नेताहरुलाई पनि मुख्य सुचना दाताको रुपमा लिएको छ । अर्न्तबार्ताको माध्यमबाट संविधानसभामा सहभागि महिलाहरुको सामाजिक, आर्थिक ,सास्कृतिक अवस्था संविधानसभा भित्र उनीहरुको उपस्थिती अवस्था समस्याहरुको सम्बन्धमा आवश्यक प्राथमिक तथा द्वितीय तथ्यांङ्क संकलन गरिएको छ । तथ्यांङ्क हरुको प्रकृति अनुसार तालिकीकरण र वर्गीकरण गरि विश्लेषण गरिएको छ ।

**यस अध्ययन वाट पत्ता लगाइएका कुराहरु**

**शैक्षिक अबस्था:** संविधानसभामा प्रतिनिधित्व गर्ने १५.६८ प्रतिशत महिलाहरूेको शैक्षिक स्तर नि. मा. वि सम्मको मात्र शिक्षा लिएको पाइयो यसो हुनुमा महिलाहरूेको छिटो विवाह, सामन्ती पितृसन्तात्मक विचार, छोरी अर्काको घरमा जाने जात भएकाले उनीहरूका लागि सम्पत्ति खर्च गर्नु त्यती मनासीव होईन भन्ने धारणा रहेको कारणले उच्च शिक्षा लिन नपाइएको वताए भने माओवादी महिलाहरूले द्वन्द कालमा भूमिगत रहनु परेको कारणले पनि उच्च शिक्षा लिन नपाएको बताउँछन् । त्यस्तै ६२.७४ प्रतिशत महिलाहरूको शैक्षिक स्तर एस.एल .सी सम्मको मात्र शिक्षा लिएको पाइयो भने १३.७२ प्रतिशत महिलाहरूेको शैक्षिक स्तर प्रमाण प्रत्र तह सम्मको मात्र शिक्षा लिएको पाइयो जुन महिलाहरू शहरी पृष्ठभुमि वाट आएका छन, तिनिहरूले भने स्नातक तहसम्मकोअध्ययन गरेका छन, । जुन ७.८४ प्रतिशत महिलाहरूेछन । त्यसैले पुरुष सभासदको तुलनामा महिला सभासदको शैक्षिक अबस्था कमजोर छ भन्न सकिन्छ भने यसले समग्र महिलाको शैक्षिक अबस्था पुरुषको तुलनामा कमजोर अबस्था भएको पाइयो ।

**प्रमुख पेशा वा व्यवसाय:** विशेष गरेर महिलाहरू राजनीति गर्ने र घरभित्रको काम, जीवन निर्वाहका लागि कृषि पेशा र विभिन्न घरेलु पेशा (सिलाई, बुनाई, चुरा बेच्ने, ब्यापार गर्ने) अपनाइएको अध्ययनको क्रममा भेटाइएको छ । ३९.४१ प्रतिशत महिलाहरू राजनीतिलाई अंगाल्दै आएको बताए जुन महिलाहरूको परिवारिक पृष्ठभूमि नै राजनीति थियो । ३५.२९ प्रतिशत महिलाहरू राजनीतिलाइ र कृषि पेशालाई संग-संगैं लगेको पाइन्छ भने २७.४५ प्रतिशत महिलाहरू

राजनीतिलाई र गृहणी संगसंगै लगेको पाइन्छ । ७.८ प्रतिशत महिलाहरू राजनीतिलाई र ज्यालामजदुरीलाई संगै लगेको पाइयो।

**मासिक आम्दानी:** १० हजारदेखी २० हजार आम्दानी गर्ने महिलाहरू ५८. ५२ प्रतिशत छन् जुन माओवादी महिलाहरू हुन जसले आफ्नो आम्दानीको आधा भाग पार्टीलाई दिनुपर्ने भएकोले आफ्नो आम्दानी कम भएको बताए भने ३९ .२२ प्रतिशत महिलाहरूले आफ्नो आम्दानी २० देखि २५ हजारसम्म मात्र भएको बताए । भने १. ९६ प्रतिशत महिलाहरूले आफ्नो आम्दानी २५ देखि ३० हजारसम्म भएको पाइयो ।

**जग्गाको स्वामित्व :** छनौट भएका उतरदाताहरू मध्ये ५२.८० प्रतिशत महिलाहरूको आफ्नो निजी वा व्यक्तिगत सम्पत्ति नभएको बताए किन भने माओवादी महिलाहरूले पार्टीको नीति अनुसार नै व्यक्तिगत सम्पत्ति नराख्ने भएको र महिला सक्षम भएमा व्यक्तिगत सम्पत्तिको नै आवश्कता नपर्ने बताए भने ४७.२० प्रतिशत महिलाहरूको व्यक्तिगत सम्पत्ति भएको बताए जसमा २-५ आना हुने १५.६८ प्रतिशत महिलाहरू छन् भने १-२ कठ्ठा भूमी भएको १९.६० प्रतिशत र ०-१ रोपनी भूमी भएको १३ .७२ प्रतिशत महिलाहरू पाइयो ।

**वैवाहिक स्थिती:** छनौटमा परेका महिलाहरू अधिकांश विवाहित परेका छन् । अविवाहित परेकामा नेपाली कांग्रेसकी सभासद् सिता गुरुङ्ग साथै नेपाली जनता दलका सभासद गायत्री शाह हुनुहुन्छ । ५१ जना उतरदाताहरू मध्ये संविधानसभामा प्रतिनिधित्व गर्ने ९६ प्रतिशत विवाहित छन भने ४ प्रतिशत अविवाहित पाइयो ।

**धर्मको अवस्था:** अन्तरवार्तामा सहभागी उतरदाताहरू मध्ये संविधान सभामा प्रतिनिधित्व गर्ने ९०.१९ प्रतिशत महिलाहरू हिन्दु धर्ममा विश्वास राख्छन् । त्यस्तै ७.८ प्रतिशत महिलाहरू बौद्व धर्ममा विश्वास राख्छन जुन नेपालको दोस्रो ठूलो धर्म हो भने १.९६ प्रतिशत महिलाहरू मुस्लिम धर्ममा विश्वास राख्छन् । संविधानसभामा प्रतिनिधित्व गर्ने महिलाहरु अधिकांश रुपमा हिन्दु धर्ममा आस्था राख्ने भएकाले महिलाको हिन्दु परम्पराअनुसार तीजलाई महिलाको छुट्टै चाडको रुपमा लिनै गरेको पाइयो त्यस्तै नेपाली समाजको परम्परा अनुसार समाजमा मागि विबाह बढि प्रचलनमा आउने गरेको भनाइ छनौटमा परेका महिला सभासदहरुको पाइयो ।

**टिकट पाउनुको कारण:**५४.०९ प्रतिशत महिलाहरुले आफ्नो राजनीतिक जीवन यात्रामा आफैले पार्टीलाई गरेको सहयोग,पार्टीको मुल्याकन र निरन्तर पार्टी प्रतिको आफ्नो बफदारको कारणले आफुलाई पार्टीले टिकट दिएको बताए भने २१.५६ प्रतिशत महिलाहरुले पार्टीबाट मधेसि महिलाको आधरमा आफुलाई पार्टीले टिकट दिएको बताए भने ९.८० प्रतिशत महिलाहरुले दलित महिलाको आधरमा आफुलाई पार्टीले टिकट दिएको बताए भने ३.९२

प्रतिशत महिलाहरुले आफ्नो परिवारको सदस्य विगतमा द्वन्द्व कालमा सहिद भएको कारण बाट टिकट पाएको बताए भने ११.७६ प्रतिशत महिलाहरुले आफ्नो कार्यक्षमता को आधारमा पार्टीले टिकट दिएको बताए । त्यस्तै ७.८४ प्रतिशत महिलाहरुले पार्टीको जनजातीको कोटाको आधारमा आफूले टिकट पाएको पाईयो ।

**राजनीतिमा आउने कारण:** १९.६० प्रतिशत त्यस्ता महिलाहरु थिए जुन महिलाहरुले परिवारमा अन्य सदस्य अर्थात बुबा आमा अंकल राजनीतिमा लागेको र उनिहरुको प्रेरणा बाट राजनितिमा लाग्न सफल भएको बताए भने ९.८०प्रतिशत मधेस बादि दल अर्थात मधेस बाट प्रतिनिधित्व गर्ने महिला हरुले मधेसि समुदायमा हुने महिला माथिको विभेद अन्याय अत्याचार का साथै महिलालाई घर परिवार बाट बाहिर आउन नदिने शिक्षा बाट गराइने बन्चित जस्ता कुराहरुलाइ समाजबाट हटाउन राजनीतिमा लागेको बताए । २३.५२ प्रतिशत महिलाहरुले महिला माथि हुने सामाजिक शोषण,आर्थिक शोषण, सामजिक विकृति, लैगिंक विभेद जस्ता कुरालाइ हटाउन राजनीतिमा लागेको बताए भने ३५.२९ प्रतिशत महिलाहरुले समाजमा भएको वर्गिय दमन अर्थात उच्चवर्गले तल्लो वर्ग माथि गर्ने दमन त्यसभित्र रहेको महिला शोषण दमनको अन्त्य गर्न राजनीतिमा लागेको बताए । भने ११.७६ प्रतिशत महिलाहरुले पितृसत्तात्मक समाज भित्र रहेको महिला माथिको अन्याय अत्यचारको विरुद्धमा लड्नको लागी राजनीतिमा लागेको वताए ।यसरी समग्रमा जुन सुकै दृण्टिकोणबाट पनि समाजमा महिला माथिको दमन शोषणलाई अन्त्य गर्न नै महिलाहरु राजनीतिमा आएको पाइयो ।

**अप्ठारा र समस्याहरु :** १३.७२प्रतिशत महिलाहरुले आफु राजनीतिमा लाग्दा घरपरिवारबाट निकै विरोध भएको बताए नेपालि कम्युनिण्ट पार्टि मालेकी सभासद बिमला नेपालि , काग्रेसकि शारदा नेपाली , लगायतका दलित महिलाले त आफु राजनीतिमा लाग्दा श्रीमानले पारपाचुके दिएको पिडा बताए । त्यस्तै २३.५२ प्रतिशत महिलाहरुले समाजबाट निकै अप्ठारा झेल्नु परेको बताए भने १७.६४ प्रतिशत महिलाहरुले आफु महिला भएरै राजनीतिमा लागेको कारणबाट समाजले अनैकौ लाल्छाना लगाउने गरेको बताए भने १९.६० प्रतिशत महिला सभासद ले सामाजिक अशिक्षाको कारणले महिला राजनितिमा लाग्नु हुदैन भन्ने धारणाले गर्दा आफुले राजनीतिक जिवनमा अप्ठेरो भोग्नु परेको बताए २५.४९। प्रतिशत महिलाहरुले आफु राजनीतिमा लाग्दा भुमिगत जिवन बिताउनु परको पाइयो।

**महिलाका मुद्धा:** ३२.२१ प्रतिशत सभासदहरुले महिलाहरु आफ्नो पार्टिको निति भन्दा माथि उठेर महिलाका मुद्धालाइ सम्मोधन गर्न एक जुट हूनु पर्छ किनभने नेपालमा संविधानसभा पहिलो अवसर हो र यसमा पनि यति धेरै महिलाहरुको सहभागिता पहिलो पटक भएको हुनाले महिलाहरुको अधिकारका एजेण्डाहरु संविधानमा ग्यारेन्टि गरिनु पर्छ भन्ने राखेको पाईयो भने

६७.७९  प्रतिशत सभासदहरुले  समयको माग अनुसार पार्टीको नीतिलाइ परिवर्तन गरेर महिलाका मुद्धालाइ सम्वोधन गर्न सकिन्छ भन्ने पाइयो।

**निर्णायक भुमिका:** संविधान सभामा प्रतिनिधित्व गर्ने  ५४.९० प्रतिशत महिलाहरुको घरपरिवारमा निर्णायक भुमिका रहेको पाइर्दन । घरपरिवारको सोचाई ,शिक्षा जस्ता कुराले पारिवारिक निर्णयमा प्रभाव पार्ने हुँदा जुन परिवारमा शिक्षाको अवस्था राम्रो छ  परिवार शिक्षित छ त्यस्तो परिवारमा महिलाले पनि नेतृत्वदायी अथवा पारिवारिक कारोबारमा निर्णायक भूमिका खेलेको पाइयो भने पारिवारिक अर्थात महिलाप्रतिको प्ररम्परागत सोचाई भएका परिवारमा महिलाको नेतृत्वदायी भूमिका नभएको पाईयो ।

**आरक्षण:**  ३९.२१ प्रतिशत माओवादी  सभासदहरुले महिलाहरुलाई  विशेष अधिकार दिइनु पर्ने  वताउछन भने  ६१.७९ प्रतिशत अन्य पार्टिका सभासदहरुले महिलाहरुलाई  समावेसीको आधारमा आरक्षण दिइनु पर्ने वताउछन । किनभने माओवादी सभासदहरुका  अनुसार  आरक्षण दया माया गरेर दिइने कोटा हो भने विशेष अधिकार महिलाहरुले पाउने अधिकार हो भन्ने पाइयो।

**महिलाहरुको कम सहभागीता:**  १९.६० प्रतिशत महिलाहरूले कम सहभागि हुन को मुख्य कारण सामाजिक र पारिवारिक हो भन्ने भनाइ राखे भने १३.७२ प्रतिशत महिलाहरूले पारिवारिक सहयोगको अभावले महिलाहरुको राजनैतिक क्षेत्रमा  कम सहभागि बने भन्ने राखे त्यस्तै २३.५२ प्रतिशत महिलाहरूले  सांस्कृतिक गलत धारणा, साथै २७.४५ प्रतिशत महिलाहरूले  शिक्षा र चेतनाको कमिले महिलाहरू राजनीतिमा आउन नचाहेका छन् भन्ने धारणा राखे भने १५.६८ प्रतिशत महिलाहरूले आर्थिक क्षेत्रमा महिलाको पहुँच नहुनाले पनि राजनीतिमा आउन नसकेका हुन भन्ने पाइयो ।

**महिला सभासंदको भूमिका :**  समुहगत छलफलमा सहभागि राजनैतिक कार्यकर्ता र समाजिक कार्यकर्ताको अनुसार अन्तरिम संविधान भन्दा माथि उठेर सामाजिक, सांस्कृतिक , कानुनी भेदभावको अन्त्यको ग्यारेन्टि हुने गरि र त्यसको कार्यन्वयनको पक्षको पनि अनुगमन गरिने गरि संविधानमा ग्यारेन्टिका साथ उल्लेख गर्नका लागि व्यक्तिगत स्वार्थ र पार्टीगत स्वार्थ भन्दा माथि उठ्नु पर्छ र शिक्षा ,स्वास्थ्य, सम्पती,  रोजगारीलाई मौलिक अधिकारका रुपमा स्थापित गराउन संविधानसभा भित्र सशक्त भूमिका र्निवाह गर्नु पर्छ भन्ने पाइयो भने ग्रामिण महिलाहरुले अवसर पाउने गरी आरक्षण ल्याउनू पर्न, आर्थिक हैसियतको  आधारमा आरक्षण ल्याउनु पर्ने भनाई समाजिक  कायकर्ताको पाईयो

**महिला सहभागीता:** बास्तविक महिलाको समस्या पहिचानका लागि महिलालाई नै खटाउनु पर्छ भन्ने भनाई छलफलमा सहभागी महिलाहरूको छ । राज्यको नीतिनिर्माण र निर्णय प्रकृयामा जनसंख्याको आधारमा महिलाको सहभागिता गराउनु पर्ने ,महिलाका लागी लागु गरिएका कार्यक्रम कसरी कसले उपभोग गऱ्यो वा गरेन भन्ने कुराको खोजविन हुनु पर्ने जसमा ग्रामीण महिलाको विशेष प्रतिनिधित्व हुनुपर्ने। अनुगमनमा महिलाको सहभागिता बनाउनु पर्ने जसले गर्दा कार्यक्रमको प्रभावकारिता बारेमा स्पष्ट जानकारी हुने सभासदहरूको भनाई छ ।महिलका लागी लागु गरिएका कार्यक्रमको मूल्याङ्कनमा महिलाको सहभागिताले वास्तविक तथ्य थाहा पाउन सकिन्छ भन्ने भनाइ छलफलमा सहभागी सभासदहरको पाइयो ।

**महिला प्रतिनिधित्व** संविधानसभाको निर्वाचनमा ६ सय १ सदस्य मध्ये १ सय ९७ महिलाहरु उपस्थित भएका छन् जसमा प्रत्यक्ष निर्वाचनमा जम्मा ३९४६ संविधानसभा सदस्य उठाइएको थियो जसमा पुरुष सख्या ३५७८ जना थिए जुन ९०.६८प्रतिशत छ भने महिला सख्या ३६८ थिए जुन ९.३२ प्रतिशत मात्र हुन आउछ । जसमा १३ प्रतिशत महिलाहरु निर्वाचित छन भने माओवादी पार्टि वाट ९.५८ प्रतिशत वा २३ जना महिलाहरु निर्वाचीत छन, यसो हुनुमा माओवादी पार्टि को महिला सम्मन्धि एजेन्डा नै हो । महिला सदस्यको प्रतिद्वन्द्वीको रूपमा ख्याती प्राप्त-पुरुष सभासद उठाईदिने , हुनाले पनि जति महिला प्रत्यक्ष निर्वाचन प्रणाली अर्न्तगत निर्वाचित हुनु पर्थ्यो त्यति हुन नसकेको पाइयो । भने समानुपातीक निर्वाचन प्रणालीमा पार्टीले प्राप्त गरेको मतको आधारमा सीट संख्या निर्धा।रण हुने गर्दछ । जसवाट मधेसी,५९ जना महिला संविधान सभामा आउनुको कारण मधेश आन्दोलनले महिलामा ल्याएको चेतना नै प्रमुख कारण हो भने दलित,२१ जनजाती,५६ पिछडिएको वर्ग४ वाट प्रतिनिधित्व हुनमा महिलाको राजनैतिक चेतना र संवैधानिक प्रावधान अनुसार ३३ प्रतिशत महिलाको उपस्थिती अनिवार्य गरानु पर्ने पनि हो बाहुन क्षेत्री४५ गरी ३३ प्रतिशत महिलाहरुको उपस्थिती छ। जसमा माओवादी पार्टिबाट नै बढि महिलाको उपस्थिति छ यसो हुनुमा माओवादी पार्टिले प्राप्त गरेको मत संख्या बढी हुनु र माओवादी पार्टि को महिला सम्मन्धि एजेन्डा नै हो भन्ने पाइयो।

## ७.२ निष्कर्ष

संविधानसभामा महिला सहभागिता बारेको अध्ययनबाट छोटकरीमा भन्नुपर्दा नेपालको राजनीतिक आन्दोलनमा महिला हरुको विशिष्ट योगदान भएता पनि उनीहरु अपेक्षित रुपमा नेतृत्व मा आउन सकेका छैनन संविधानसभामा निर्वाचित भएर आएका महिलाहरुले देशको मुल कानुन अर्थात नेपाली महिलाको भविश्य निर्धारण गर्ने संविधान बनाउने सभामा आएता पनि उनिहरुको भुमिका प्रभावकारी वन्न सकेको देखिदैन किनकि महिलाहरु आफ्नो पार्टीको नीति भन्दा माथि उठेर महिलाका मुद्धालाइ सम्मोधन गर्न एक जुट भएको पाइदैन ।६

सय १ सदस्य रहेको संविधान सभामा निर्वाचनमा १ सय ९७ महिला उपस्थित भएका छन् संविधान सभामा उपस्थित सभासदहरु आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक एवं क्षेत्रीय पृष्ठभूमिमा कम्तीमा ३३ प्रतिशत महिलाको उपस्थिति हुनुपर्छ भन्ने पुरानो माग राष्ट्रिय दल एवं मतदाताको सहयोगमा पुरा भएको भएता पनि ५० प्रतिशत महिलाको उपस्थिती हुननसक्नुको कारण महिलाहरुको सामाजीक, आर्थिक, राजनैतिक,सास्कृकि समस्या नै मान्निछन।

संविधानसभामा उपस्थित सभासदहरु शैक्षिक अवस्थाको क्षेत्रमा पछाडि छन, भने १ सय ९७ महिला सभासदमध्ये केहीलाई मात्र संविधान निर्माण प्रकृया तथा महिला अधिकारको विस्तृत ज्ञान छ । यस्तो अवस्थामा भिन्न उदेश्यबाट कार्य गरिरहेका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुबाट सञ्चालित गोष्ठीको प्रभाव ती महिला सभासद्हरुमा पर्ने खतरा बढेको छ जातियताको आधारमा दलित, मधेसी, जनजाती पिछडिएको वर्ग गरी सवै पक्षवाट ३३ प्रतिशत महिलाको उपस्थिति भएता पनि प्रत्यक्ष निर्वाचनमा १३ प्रतिशत महिलाको उपस्थिति छ ।

यसको लागी नेपाली राजनैतिक पार्टिको महिला सम्वन्धि नितिमा सुधार गरी बढी भन्दा बढी महिलालाई राजनैतिक क्षेत्रमा प्रोत्साहित गराउन शिक्षाको माध्यम बाट राजनैतिक चेतना जगाउनु पर्छ भन्ने निष्कर्ष यो अध्ययनको छ ।

### ७.३ सुझावहरु

संविधानसभामा महिला सहभागिता सम्वन्धि सोध पत्रमा संविधानसभामा प्रतिनिधित्व गर्ने १९७ महिलाहरु मध्ये जम्मा ५१ जना महिलाहरु अर्थात २५ प्रतिशत महिलाहरु संग प्रत्यक्ष अर्न्तवार्ताको माध्यम वाट उनिहरुको सामाजीक, आर्थिक, राजनैतिक,सास्कृतिक अवस्थाको सामान्य अध्ययन गर्नुका साथै उनिहरुले राजनैतिक क्षेत्रमा झेल्नु परेका समस्याको वारेमा पनि सामान्य अध्ययन गरिएको छ तर यो मात्र प्रयाप्त छैन त्यसैले अव भविष्यमा महिला सम्वन्धि अनुसन्धान गर्ने अनुसन्धान कर्ताले महिला सम्वन्धि निम्न विषयमा अनुसन्धान गर्दा राम्रो हुनेछ ।

- संविधानसभामा प्रतिनिधित्व गर्ने महिलाहरुले संविधान वनाउने काममा कत्तिको शसक्त भूमिका निर्वाह गर्नेछन ।
- कानुन वनाउने कुरामा उनीहरु कत्तिको सक्षम छन्

**कककसन्दभ ग्रन्थहरु**


- आचार्य, नरहरि संविधान सभा २०६४, पृण्ठ ६३।६४
- ढकाल ,सुवास महिला सभासदका भुमिका , नारी फाल्गुन -16- 2065
- थापा मगर,नैनाकला (अध्यक्ष राण्ट्रिय महिला आयोग) संविधान चौतारी २०६५ पृण्ठ ३४,
- देवकोटा, खीमलाल ,विश्वमा संविधान सभाको प्रयोग -062 पृण्ठ 38 ,39 ,45
- नहर्की, भण्डारी, झरना लक्ष्मी - नयाँ संविधानमा महिला सभासदका भुमिक नेपालसमचार पत्र फाल्गुन - 20-2065
- पोखरेल, नानीराम लैङ्गिक अध्ययन (२०६० पृ ६० )
- प्रभा, कैलि संविधान निर्माणमा महिलाका प्रश्न नारी चैत्र - 19-2065
- प्रशासनिक क्षेत्रमा महिला कान्तिपुर चैत २५, २०६५
- प्रधानमल्ल, सपना कानुन राजनिती र महिला २०६४, पृण्ठ ६६, ७८
- भण्डारी , रेणु राज, बस्नेत पार्वति नेपालमा महिला आन्दोलन , इतिहास वर्तमान र चुनौति २०६५ पृण्ठ ७, ८ ,९,
- रेग्मी,शोभा प्रतिनिधिसभामा महिला सासंद : A study /Nepal, Department of sociology/Anthropoiogy,2001-Masters Thesis Tribhuvan University, Kathmandu.
- शाक्य, अण्टलक्ष्मी, महिला सभासदका भुमिका , कान्तिपुर , - Augest 17- 2008(
- संग्रौला, खगेन्द्र संविधान सभा ०६१ पृ ८)
- Acharaya,Meena : women's organization and women's movementin Nepal ,CWD networker, may 1991.
- Central bureau of statistics some statistical facts on Nepalese women 2007
- **CEDA**: The status of women in Nepal, Kathmandu 2058
- Chene, Mary, 2009, "Desimplicity and complexity of women's Movments , The Kathmandu post 10 January .
- Election commissions Nepal 2064 संविधान सभा सदस्य निर्वाचन २०६४ निर्वाचन परिणाम पुस्तिका

**परिशिष्टाङ्क**

**संविधान सभामा महिला सहभागिता सम्वन्धि उतरदाताको लागी तयार पारिएका प्रश्नावलीहरु**

**परिवारिक सरंचना**

| .क | नाम | घरमुलिसँगको सम्वन्ध | लिङ्ग | | उमेर | बैबाहिक स्थिती | शिक्षा | पेशा( | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | घरमुली | | महिला | पुरुष | | | | प्राथमिक | द्धितिय |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |
| ९ | | | | | | | | | |
| | | | | | | | | | |
| | | ०१ बुबा<br>०२ आमा<br>०३ श्रीमती<br>०४ श्रीमान<br>०५ छोरा<br>०६ छोरी<br>०७ नाती<br>०८ नातिनी | ०१ महिला<br>०२ पुरुष | | | ०१ विवाहित<br>०२ अविवाहित<br>०३ वुदुवा, विदुर<br>०४पारपाचुके गरेको<br>०५अन्य | ०१पढन लेख्न नजान्ने<br>०२ पढन लेख्न जान्ने<br>०३ प्राथमिक शिक्षा<br>०४ निम्न माध्यमिक<br>०५आइ.वा उच्चमा.वि<br>०६ वी.ए वा सो सरह<br>०७ अन्य | ०१ शिक्षक<br>०२ सरकारी जागिर<br>०३प्राइभेट जागिर<br>०४व्यापार<br>०५ ज्यालामजदुरी<br>०६किसान<br>०७वैदेशिक रोजगारी<br>०८ अन्य | |

**सामाजीक अवस्था**

१. तपाइको सामाजीक अवस्था के हो?
क) आमा ख) छोरी ग) नातिनी

२. तपाइ ँआफ्नो छिमेकीलाइ सहयोग गनुहुन्छ ?
क) गर्छु ख) गर्दिन

३ तपाइ घरको काममा श्रीमानबाट कतिको सहयोग पाउनु हुन्छ?
क) पुरै सहयोग ख) अलि अलि मात्र ग) सहयोग हुदैन

४ तपाइको घरमा महिलाको मुख्य काम के हो ?
क) घरभित्रको काम ख) ज्याला मजदुरी ग) कृषिकार्य
घ)ब्राखा ङ) बुन्ने च) अन्य

**राजनैतिक पक्ष**

१. तपाइ कुनै पार्टिमा सहभागी हुनुहुन्छ ?
क) छु खं) छैन

२. हुनुहुन्छ भने कुन पार्टिमा सहभागी हुनुहुन्छ ?
क) कांग्रस ख)एमाले ग) माओवादि घ) अन्य

३. तपाइ राजनैतिक पार्टिमा कहिले देखि लाग्नु भयो?
.....................................................................

४ तपाइको घरमा पारिवारिक निर्णय कसले गर्छ ?
क) महिला ख) पुरष

**आर्थिक पक्ष**

१. तपाइको घरमा कति जना हुनुहुन्छ ?
**क) एक**-दुइ ख) तीन- चार ग) अरु बढि

२. तपाइको घरमा कसले पैसा कमाउँछ ?
क) पुरुष ख) महिला ग) दुबै

३. तपाइको मुख्य पेशा केहो ?
क) कृषि ख) उधोग ग)व्यापार घ) पर्यटन व्यवसाय
ङ) सरकारी जागिर च) प्राइभेट जागिर छ) वैदेशिक रोजगार ज) अन्य

४. तपाइको मासिक आम्दानी कति हुन्छ ?
क) रु. १०००-२५०० ख) २५००-५००० ग) ५०००-७५००
घ) ७५००-९००० ङ) सो भन्दा बढि

५. तपाइको आफ्नो खेतवारी वा जमिन छ ?
क) छ ख) छैन

६. यदि छ भने कति रोपनी छ ?
क) खेत ख) वारी

७. तपाइको कुनै निजी सम्पति छ ?
क) छ ख) छैन

८. छैन भने किन छैन ?
..................................................

९. यदि छ भने के छ ?
क) जमिन ख) पैसा ग) गहना घ) पशु ङ) अन्य

**साँस्कृतिक अवस्था**

१. तपाइ कुन धर्म मान्नुहुन्छ ?
क) हिन्दु ख) बौद्ध ग) मुस्लिम घ) क्रिश्चियन
ङ) अन्य

२. तपाइ कस्तो प्रकारको चाडपर्व मनाउनुहुन्छ ?
........................................................

३. कसरी चाडपर्व मनाउनुहुन्छ ?
.......................................

४ तपाइको समाजमा कस्तो विवाह प्रचलनमा छ ?
क) मागी विवाह ख) प्रेम विवाह ग) अन्य

५. विवाहमा जीवनसाथी रोज्न कसको बढी हात हुन्छ ?

क) वुवाआमाको ख) आफ्नै ग) अन्य

**महिला सभासद, सामाजीक कार्यकर्ता, राजनैतिक कार्यकर्ता को लागी Key प्रश्नावली**

१. संविधान सभामा महिला प्रतिनिधित्व जनसंख्याको आधारमा भएको पाउनु भएको छ ?

क)

ख)

ग)

२. यदि छैन भने प्रतिनिधित्व बढाउन के गर्नुपर्ला ?

क)

ख)

ग)

३. सबै पार्टिले उचित महिला सहभागिता बनाएका छन, जस्तो लाग्छ ?

क) लाग्छ ख) लाग्दैन

४. छ भने कुन पार्टिले गराएको छ ?

क) काग्रेस ख) एमाले ग) माओीवादि घ)अन्य

५. छैन भने सहभागिता बढाउन पार्टिले कस्तो नीती अपनाउनु पर्छ ?

क)

ख)

ग)

६. बाहिर ५० प्रतिशत महिला सहभागिताको कुरा आएको छ नी ?

क)

ख)

७. महिला आरक्षण जरुरी छ ?

क) छ ख) छैन

८. यदि छ भने किन छ ?

क)

ख)

९. छैन भने किन छैन ?

क)

ख)

१०. महिला सम्वन्धि एजेण्डा कसरी उठाउनु हुन्छ ?

क)

ख)

११. अहिले महिला सहभागिता बढाउन के कस्ता समस्या छन, ?

क)

# चेक लिस्ट

**समुहगत छलल**

**क) महिलाको अवस्था बारे**

- राजनीतिक
- आर्थिक
- सामाजिक

- शैक्षिक
- प्रशासनिक
- सांस्कृतिक

**ख) सहभागीता सम्बन्धमा**

- समस्या पहिचान
- सहभागिता मुलक निर्णय प्रकृयामा
- उपलब्धी उपभोग
- अनुगमन
- मुल्याङ्कन

**महिला नेतृ**

**राजनीतिक संलग्नता**

- राजनीतिमा आउनुका कारणहरु
- टिकट पाउनुका कारण र आधारहरु
- अप्ठयारा र समस्याहरु
- कम सहभागी हुनुका कमरणहरु
- तत्कालिन समाजका अबरोध
- घरपरिवारको विरोध

**महिला सहभागिता सम्वन्धमा राजनैतिक कार्यकर्ता र सामाजिक कार्यकर्ता को धारणा**

- महिला आरक्षण
- महिला सभासदको भुमिका
- महिला समस्या
- कानुनी प्रावधान
- महिला चेतना
- महिला शिक्षा
- महिला रोजगारी

**नोट**-संसद सचिवालय वाट प्राप्त १९७ महिलाहरुको लिस्टवाट ४ को अन्तरालमा महिलाहरुलाइ छनोटमा लिदा ४९ जना हून आँउछ तर दुई पार्टी नेपाल जनता दल र नेपाल मजदुर किसान पार्टी वाट २ जना महिलाहरु लिइएको हुनाले ५१ महिलाहरु छनोटमा पर्न गएका हुन । जुन १९७ महिलाहरुवाट २५ प्रतिशत हुन आँउछ ।